# सङ्गठित अपराध सम्बन्धी कानुनको प्रभाव मूल्याङ्कन सम्बन्धी अनुसन्धानमूलक अध्ययन


<u>प्रकाशक</u>

**महान्यायाधिवक्ताको कार्यालय**

**अपराधशास्त्रीय अनुसन्धान केन्द्र**

**रामशाहपथ, काठमाडौं**

# सङ्गठित अपराध सम्बन्धी कानुनको प्रभाव मूल्याङ्कन सम्बन्धी अनुसन्धानमूलक अध्ययन

**अध्ययन समूहः**

अनुगमनकर्ता : सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे

संयोजक : उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल

सह संयोजक : उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी

सदस्य : शाखा अधिकृत श्री टेकनाथ अधिकारी

सदस्य : शाखा अधिकृत श्री उर्मिला जि.सी.

सदस्य : शाखा अधिकृत श्री स्वतन्त्र न्यौपाने

**समन्व्यः**

सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई

**सम्पादन**

उपन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी

**सम्पादन सहयोग**

नायब सुब्बा चन्दन कुमार ठाकुर

**प्रकाशकः**

महान्यायाधिवक्ताको कार्यालय

प्रकाशित मितिः २०७४, भदौ

प्रकाशन संख्याः ५०० (पाँच सय प्रति)

# महान्यायाधिवक्ताको कार्यालय

(.................................... शाखा)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ काठमाडौं

मिति :-............................

## मन्तव्य



अपराध नियन्त्रण राज्यको प्रमुख दायित्व हो । अपराध नियन्त्रणका लागि राज्यले आवश्यक कानुनी व्यवस्था, संरचना र संयन्त्रको व्यवस्था गरेको हुन्छ । मानव हित र समाजले हानी ठहर गरेका मानवीय क्रियाकलापहरुलाई फौजदारी कानुन मार्फत नियमन गरिन्छ । नियमनका विषयहरु समय अनुसार थप, परिवर्तन र सुधार हुँदै गर्दछ । समय अनुसार विकसित भएका अपराधका प्रवृत्ति, शैली र प्रभाव समेतलाई मध्यनजर गरी सोही अनुसार कानुनी व्यवस्था लगायतका व्यवस्था समय सापेक्ष रुपमा गरिन्छ । मुलुकमा कानूनको शासन कायम राख्न अपराध नियन्त्रण पूर्व शर्त हो । यसका लागि सोही अनुसारको कानुनी प्रबन्ध अत्यावश्यक हुन्छ । साथै सफल कानुन कार्यान्वयनका लागि अनुसन्धान र अभियोजन समेत प्रभावकारी हुनु पर्दछ । फौजदारी न्याय प्रशासनको प्रभावकारिताका लागि आवश्यक कानुन र संरचना तथा ती कानुन र संरचनाको प्रभावकारिता उत्तिकै महत्वपूर्ण रहेको हुन्छ । राज्यले व्यवस्था गरेका कानुनी प्रबन्ध र संस्थागत प्रयास स्वरुप फौजदारी न्याय प्रशासन चलायमान हुन्छ ।

परिवर्तित सन्दर्भमा अपराध गर्ने शैली, तरिका, अपराधमा संलग्नता र यसको प्रभावमा व्यापक भिन्नता देखा परेको छ । अपराधको प्रभाव कुनै व्यक्ति, समाज र राज्यमा मात्र सीमित रहेको छैन । अपराधको प्रभाव क्षेत्र अन्तर्राष्ट्रिय रुपमा पर्ने गरेको छ । सोही अनुसार अपराध नियन्त्रणका संयन्त्र र प्रबन्धहरु समेत अन्तर्राष्ट्रिय प्रकृतिका रहेका छन् । अपराधको प्रभावलाई राजनीतिक सीमा रेखा भित्र सीमित नगरी अन्तर्राष्ट्रिय रुपमा हेरिनु पर्ने विषयमा विश्व जनमत सहमत रहेको छ । सोही अनुसार अपराध नियन्त्रणका लागि समेत विभिन्न सन्धि, महासन्धि र संरचना पनि तयार गरिएको अवस्था छ । अपराध समूहगत मात्र नभई संगठित रुपमा समेत गरिने हुँदा त्यसको नियन्त्रणका लागि संगठित अपराध निवारण ऐन, २०७० तर्जुमा भई कार्यान्वयनमा आएको छ । सो कानुनमा गरिएका व्यवस्थाहरुको प्रभावकारिता र प्रयोगको अवस्थाका सम्बन्धमा समय समयमा अध्ययन गरी प्रभावकारिताका उपायहरु अवलम्बन गर्नुपर्ने हुन्छ । सोही सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालय, अपराधशास्त्रीय अनुसन्धान केन्द्रबाट अध्ययन हुनु सह्राहनीय रहेको छ । काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुमा रहेका मिसिललाई आधार गरी गरिएको अध्ययन र त्यसबाट प्राप्त निष्कर्षले संगठित अपराध नियन्त्रण लगायत कानुन र व्यवहारमा सुधार गर्नुपर्ने पक्षहरुलाई समेत अध्ययनले समेटेको छ । यस अनुसन्धामूलक अध्ययनले संगठित अपराध नियन्त्रण र संगठित अपराध निवारण ऐनको प्रभावकारी कार्यान्वयनमा महत्वपूर्ण योगदान दिने विश्वास लिएको छु । अन्त्यमा प्रस्तुत अनुसन्धानमूलक अध्ययनमा संलग्न हुनु हुने सबै सरकारी वकील तथा कर्मचारीहरुलाई धन्यवाद प्रकट गर्दछु ।

२०७४ भाद्र ७

........................

(बसन्तराम भण्डारी)

महान्यायाधिवक्ता

महान्यायाधिवक्ता

☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(अपराधशास्त्रीय अनुसन्धान केन्द्र)

पत्र संख्या :-

चलानी नं. :-

रामशाहपथ काठमाडौं

मिति :-.........................


## मन्तव्य



राज्यको परम्परागत कार्य अन्तर्गत न्याय प्रशासन सञ्चालन गर्नु पनि एक हो । राज्य प्रशासनको सक्षमता न्यायप्रशासनको सबलतामा कसिएको हुन्छ । राज्यले कुनै क्रियाकलाप, गतिविधिलाई कानुन बनाई नियमन गरेको हुन्छ । राज्यले अपराध हुन नै नदिने र घटित विभिन्न आपराधिक क्रियाकलापको नियन्त्रण समेत गर्न विभिन्न कानुनी व्यवस्था, संरचना र संयन्त्र बनाएको हुन्छ । राज्यले आफ्ना नागरिक तथा व्यक्तिलाई शान्ति सुरक्षाको प्रत्याभूति प्रदान गरी उनीहरुको स्वतन्त्रता र हक अधिकारको संरक्षण समेत गर्नुपर्ने हुन्छ । कानुनको प्रयोग गर्दा त्यसको विधि र प्रक्रिया बमोजिम गर्नुपर्ने हुन्छ । कुनै वारदातमा कसैको संलग्नता रहेको विषयलाई कानुन बमोजिम पुष्टि गर्नु पर्दछ र कानुनले तोकेको आधारमा सक्षम न्यायिक निकायबाट सजाय निर्धारण गरिनु पर्दछ । यसका लागि स्वच्छ सुनुवाइको हकको प्रत्याभूति गर्नु पर्दछ । अर्थात अभियुक्तको अधिकार संरक्षण गर्दै कानुनी दायरामा रही राज्यले सजाय गर्नु पर्दछ ।

विज्ञान र प्रविधिको विकाससँगै समाजमा अपराध गर्ने शैली, विधि र तरिकामा समेत परिवर्तन आएको छ । अपराध गर्न र संलग्न हुन भौतिक उपस्थिति अनिवार्य हुनु पर्ने अवस्था अन्त्य भएको छ । विकसित प्रविधि, साधनले जीवन संचालनमा सहजता र सुगमता ल्याएको छ । हाम्रा गतिविधि र क्रियाकलापहरु राजनीतिक सीमाविहिन भएका छन् । यसैगरी आपराधिक क्रियाकलापमा संलग्नता, यसका गतिविधि र प्रभाव समेत सीमाविहिन भएका छन् । यसले अपराध नियन्त्रणको कार्य चुनौतीपूर्ण र जटिल बनाएको अवस्था छ । विशेष गरी सङ्गठित रुपमा गरिने मानव हत्या, आर्थिक अपचलन, गैरकानुनी आर्जनलाई निर्मलीकृत गर्ने, लागू औषध र हातहतियारको गैरकानुनी कारोबार तथा ओसारपसार, मानव बेचबिखन तथा ओसारपसारका कार्यहरु बढ्दो रुपमा विश्वव्यापी रुपमा घटित भएका छन् । यसले न्याय प्रशासनमा मात्र असर नपारी आर्थिक प्रशासन हुँदै राज्य प्रशासनमा समेत असर पारेको अवस्था छ ।

अन्तरदेशीय प्रभाव र व्यापक सञ्जालमा गरिने सङ्गठित अपराध नियन्त्रण गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा विभिन्न कानुनी व्यवस्था, संरचना र संयन्त्रको व्यवस्था गरिएको छ । सोही बमोजिम नेपालमा सङ्गठित अपराध निवारण ऐन, २०७० प्रचलनमा रहेको छ । सर्वसाधारण जनताको जीउ ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ति र सुव्यवस्था कायम गर्न, मुलुकमा कानुन र व्यवस्था कायम गर्नका लागि सङ्गठित अपराधलाई निवारण गर्न, विशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्न र सङ्गठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने लगायत सोसँग सम्बन्धित अन्य विषयमा कानुनी


☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१

एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०१९, ४-२६२४९४, ४-२६२५०६

इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

व्यवस्था गर्ने यस ऐनको उद्देश्य रहेको छ । यस ऐन लागू भए पछि यसको प्रयोग र प्रभावकारिताका सम्बन्धमा अध्ययन हुनु जरुरी थियो । प्रस्तुत अध्ययनले सङ्गठित अपराधमा भएको अनुसन्धान र अभियोजनको अवस्था र यसमा गरिनुपर्ने सुधारका क्षेत्रहरु पहिचान गर्ने उद्देश्य लिएको छ । काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयमा रहेका मिसिलमा मात्र सीमित तथा आधारित भई प्रस्तुत अध्ययन गरिएको छ । यस अध्ययनले निश्चय पनि सङ्गठित अपराधसँग सम्बन्धित विषयमा भएका अनुसन्धान र अभियोजनका क्षेत्रका समस्या र सुधारका सबै विषयवस्तुलाई समेट्न नसक्ला । तर मिसिलमा आधारित भई समस्या र समाधानको नजिक अवश्यै पुगेको महसुस गर्न सकिने यस केन्द्रको धारणा रहेको छ । यस अध्ययन सङ्गठित अपराधमा संलग्न अपराधीहरु, अपराधका प्रकृति, यस प्रकृतिका मुद्दामा गरिएको अनुसन्धान विधि र अभियोजनका पक्ष तथा त्यसमा रहेका कमिकमजोरीका सम्बन्धमा केन्द्रित रहेको छ । यस अध्ययन अनुसन्धानले सुझाएका सुधारका क्षेत्रलाई सम्बोधन गरिएमा सङ्गठित अपराध निवारण कानुनको प्रयोगमा हाल देखिएका केही समस्याहरुलाई हल गर्ने अपेक्षा लिएको छु । अन्त्यमा, यस अध्ययनलाई ठोस आकारमा ल्याउने कार्यमा सहयोग गर्नु हुने अध्ययन समूह लगायत सम्पूर्ण सबैमा धन्यवाद दिन चाहन्छु ।

**२०७४ भाद्र**

(कृष्णजीवी घिमिरे)

प्रमुख

अपराधशास्त्रीय अनुसन्धान केन्द्र
महान्यायाधिवक्ताको कार्यालय

# कार्यकारी सारांश

## परिचय

सर्वसाधारण जनताको जीउ ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ति र सुव्यवस्था कायम गर्न, मुलुकमा कानुन र व्यवस्था कायम गर्नका लागि सङ्गठित अपराधलाई निवारण गर्न, विशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्न र सङ्गठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने लगायत सोसँग सम्बन्धित अन्य विषयमा कानुनी व्यवस्था गर्ने सङ्गठित अपराध निवारण ऐन, २०७० को उद्देश्य रहेको छ । सङ्गठित अपराध आफैमा मूल अपराध नभई अपराध गर्ने शैली, तरिका, माध्यम, कारण, साधनको प्रयोग, अपराधकर्ताको संलग्नता, अपराध पश्चात् त्यस अपराधको प्रभावको चाहनासँग सम्बन्धित हुन्छ । कुनै अपराध व्यक्तिगत वा समूहगत वा सङ्गठित रुपमा घटाइएको हुन सक्छ । त्यसकारण कुनै अपराध जतिसुकै गम्भीर हुनासाथ सङ्गठित हुने नभई त्यस अपराध घटाउन सङ्गठित रुपमा संलग्नताको अवस्था हेरिनु अत्यावश्यक हुन्छ । सङ्गठित अपराध निवारणका लागि २०७० सालमा सङ्गठित अपराध निवारण ऐन जारी भएपछि सङ्गठित रुपमा हुने अपराधमा संलग्न अपराधीहरु, अपराधका प्रकृति, यस प्रकृतिका मुद्दामा गरिएको अनुसन्धान विधि र अभियोजनका पक्ष तथा त्यसमा रहेका कमिकमजोरीका सम्बन्धमा यस अनुसन्धानको विषय रहेको छ ।

## उद्देश्य

सङ्गठित अपराध निवारण ऐनको प्रयोग र प्रभावकारिताको अध्ययन गर्नु प्रस्तुत अनुसन्धानको मुख्य उद्देश्य रहेको छ । यस अनुसन्धानका विशिष्ट उद्देश्यहरुमा सङ्गठित अपराध निवारण ऐनमा गरिएका अपराध अनुसन्धान र अभियोजन सम्बन्धी व्यवस्थाको कार्यान्वयनको प्रभावकारिता मूल्यांकन गर्ने र सङ्गठित अपराध सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन गरिनु पर्ने सुधारका लागि सुझाव पेश गर्ने रहेको छ ।

## अध्ययनको नतिजा

- काठमाडौं उपत्यकाका सरकारी वकील कार्यालयबाट अभियोजन गरिएका २१ वटा सङ्गठित अपराधका मुद्दामा संलग्न १२१ प्रतिवादीको

लिंगको अवस्था हेर्दा सबै भन्दा बढी पुरुष ९२ प्रतिशत र महिला ८ प्रतिशत, बालबालिका र अन्य नरहेको देखिएको छ ।

- अध्ययन गरिएका सङ्गठित अपराध मुद्दाहरुमा संलग्न १२१ प्रतिवादीहरु मध्ये ७३ प्रतिशत पक्राउ परेका छन् । २२ प्रतिशत फरार देखिन्छन् भने ५ प्रतिशत पछि अदालतमा हाजिर भएको तथ्याङ्कबाट प्राप्त भएको छ ।
- अध्ययन गरिएका सङ्गठित अपराध मुद्दामा संलग्न १२१ प्रतिवादीहरुको संलग्नताको स्थिति अध्ययन गर्दा ७ प्रतिशत विदेशी अभियुक्तहरु रहेका देखिन्छन् भने ९३ प्रतिशत स्वदेशी अभियुक्तहरु रहेको तथ्याङ्कबाट देखिएको छ ।
- अध्ययन गरिएका सङ्गठित अपराध मुद्दाहरुमा पीडितहरुको अध्ययन गर्दा बालक ३, महिला ३२, पुरुष ४५ र अन्य १९ प्रतिशत रहेको र बालिका नरहेको पाइएको छ । यसबाट सङ्गठित अपराध मुद्दामा बालक पनि पीडित भएको देखिन्छ ।
- सङ्गठित अपराध मुद्दाहरुमा अनुसन्धान गर्दा सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा १२ मा विशेष अनुसन्धान टोलीको प्रयोग गरी अनुसन्धान गर्न र दफा १३ मा विशेष अनुसन्धान पद्धति अवलम्बन गर्न सकिने व्यवस्था गरिएको भए पनि अध्ययन गरिएका मिसिलबाट सङ्गठित अपराध सम्बन्धी मुद्दामा अनुसन्धान गर्दा अनुसन्धान अधिकृतले ९५ प्रतिशत र अनुसन्धान समूहले ५ प्रतिशत अनुसन्धान गरेको तथ्याङ्कबाट देखिएको छ । सङ्गठित अपराध मुद्दाहरुमा अनुसन्धान गर्दा ऐनको दफा १२ मा विशेष अनुसन्धान टोलीको प्रयोग वा दफा १३ मा विशेष अनुसन्धान पद्धति अवलम्बन गरिएको संलग्न केश फाइलबाट खुलेको देखिएन ।
- अध्ययन गरिएका सङ्गठित अपराधमा अभियोजन भएका २१ मुद्दाहरु मध्ये २९ प्रतिशत मुद्दाहरुका प्रतिवादीहरु यसपूर्व कुनै न कुनै अपराधमा संलग्न रहेको पाइएको छ ।
- सङ्गठित अपराधका मुद्दाहरु मध्ये सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा १८ बमोजिम ७१ प्रतिशत मुद्दाहरुमा अभियुक्तले चलाएको

संचार माध्यम बारे सम्बन्धित निकायबाट विवरण माग गरेको र २९ प्रतिशत मुद्दाहरुमा उक्त विवरण माग नगरेको तथ्याङ्क देखिन्छ ।

- सङ्गठित अपराधमा अभियोजन भएका मुद्दाहरु मध्येमा सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा १९ बमोजिम ५ प्रतिशत मुद्दाहरुमा संचार माध्यम निष्कृय गरिएको देखिन्छ ।
- सङ्गठित अपराध मुद्दाहरुबाट तथ्याङ्क संङ्कलन गर्न लिइएको अपराधको आधारहरुमा कर्तव्य ज्यान ५ प्रतिशत, मानव बेचबिखन तथा ओसापसार २५ प्रतिशत, अन्य अपराध ७० प्रतिशत रहेको देखिन्छ
- सङ्गठित अपराध मुद्दामा संलग्न प्रतिवादी सदस्य संख्याको अध्ययन गर्दा ३ जनासम्म सदस्य भएको १० प्रतिशत, ३ देखि ५ जनासम्म सदस्य भएको ३२ प्रतिशत, ५ देखि १० जनासम्म सदस्य भएको ४७ प्रतिशत, १० जना भन्दा बढी सदस्य भएको ११ प्रतिशत तथ्याङ्क रहेको देखिन्छ ।
- सङ्गठित अपराध निवारण ऐन, २०७० बमोजिम परिच्छेद २ र परिच्छेद ३ मा परिभाषित कसूर सम्बन्धी अभियोजन गरिएका मुद्दाहरु मध्ये परिच्छेद २ बमोजिम परिभाषित कसूर ७१ प्रतिशत र परिच्छेद ३ बमोजिम परिभाषित कसूर २९ प्रतिशत रहेको देखिन्छ ।
- अध्ययन गरिएका मुद्दाको अभियोजनमा अभियोगमा छुट दिनेगरी मागदावी लिएको देखिएन ।
- सङ्गठित अपराध मुद्दाहरुमध्ये १४ प्रतिशत अभियोगपत्र थप वा पूरक दायर भएको देखिन्छ ।
- पक्राउ परेका प्रतिवादी मध्ये अदालतले गरेको थुनछेक आदेशमा थुनामा ७२ प्रतिशत, धरौटीमा १९ प्रतिशत र तारेखमा ९ प्रतिशत हुने गरी आदेश गरेको पाइएको छ ।
- शुरु जिल्ला अदालतद्वारा भएको निर्णय अवस्था हेर्दा सजाय भएको ३३ प्रतिशत, सफाई पाएको २४ प्रतिशत, मुल्तवीमा रहेको १२ प्रतिशत, तामेलीमा भएको २ प्रतिशत र हाल चालु अवस्थामा रहेको २९ प्रतिशत तथ्याङ्क रहेको देखिन आएको छ ।

- सङ्गठित अपराध मुद्दाहरुको २१ वटा मिसिल अध्ययन गरी हेर्दा शुरु जिल्ला अदालतबाट फैसला भएको मुद्दाहरु मध्ये ६३ प्रतिशत मूल अपराधमा सजाय भएको र पूर्ण सफाई ३७ प्रतिशत रहेको देखिन्छ ।
- घटनास्थल मुचुल्कामा कानुन बमोजिम रित पुऱ्याई साक्षी नराखेको र घटनास्थल/बरामदी मुचुल्का प्रतिवादीहरुको रोहवरमा नभएको पनि देखिन्छ ।
- अनुसन्धान अवधिमा मूल अपराधमा मात्र अनुसन्धान भएकोमा राय पेश गर्दा मात्रै सङ्गठित अपराधमा पनि थप गरी राय पेश गरिएको देखिएको छ ।
- रायमा किन सङ्गठित अपराध भयो भन्ने कुनै विश्लेषण नगरिएको पाइएको छ । केवल मिलेमतो गरी सङ्गठित भई योजनाबद्ध तवरले तह तह भई जिम्मेवारीको बाडफाँड गरेको भने पनि त्यस्तो के कस्तो योजना हो भन्ने पुष्टि नभएको देखिएको छ ।
- केवल पक्राउ भएको २ जनाको वतन खुलाइएको, अन्यको नाम, थर, हुलिया, वतन नखुलेकोमा पनि सङ्गठित अपराधमा अभियोग प्रस्तुत गरिएको पाइएको छ ।
- वारदात सङ्गठित प्रकृतिको हो भन्ने पुष्टयाँई नभएको, प्रत्येक अभियुक्तको कार्य र कसूर नछुट्टयाएको, गोश्वारा अभियोग प्रस्तुत गरिएको पाइएको छ ।
- मिसिल संलग्न विवादसँग सम्वन्धित बुझ्नु पर्ने विषय, परीक्षण गर्नुपर्ने वस्तु, विगो खुलाउने आदिका सम्बन्धमा सरकारी वकीलले पर्याप्त निर्देशन दिएको देखिएन ।

**सुझावहरु**

- सङ्गठित अपराध सम्बन्धी अवधारणामा अनुसन्धानकर्ता र अभियोजनकर्तामा अस्पष्टता रहेको हुँदा सो अस्पष्टता हटाउन तालिम प्रदान गर्नुपर्ने ।
- सङ्गठित अपराधमा अभियोजन गर्नु पूर्व मूल अपराध स्थापित गरी सो अपराध सङ्गठित रुपमा घटित भएको पुष्टि गर्न संगठनको अवस्था र त्यस कार्यमा त्यो संगठनका व्यक्तिहरुको संलग्नता देखाउनु पर्ने ।

- अनुसन्धान र अभियोजन गर्ने निकायको सुदृढीकरण, पर्याप्त स्रोत साधनको व्यवस्था गर्नुपर्ने ।
- सङ्गठित अपराधको सूचनादाता, सुराकी, पीडित तथा साक्षीको संरक्षणको प्रभावकारी कानुन नभएकाले यस्तो कानुन निर्माण गर्नुपर्ने ।
- सङ्गठित अपराधको अवधारणा र अन्तर्राष्ट्रिय व्यवस्थासँग मेल खाने कानुनी व्यवस्था गर्नुपर्ने ।
- ऐनले सङ्गठित वा असङ्गठित भन्ने शव्द उल्लेख गरेको छ । यसले अन्यौलता ल्याएको हुँदा यसको व्याख्या हुनुपर्ने ।
- अनुसन्धान र अभियोजनकताको विशिष्टीकरण गर्नुपर्ने ।

## निष्कर्ष

अन्तर्राष्ट्रिय दायित्व र नेपालकै आवश्यकता बमोजिम विशेष ऐनको रूपमा सङ्गठित अपराध निवारण ऐन, २०७० जारी भएको हो । यस ऐनको प्रयोगका सम्बन्धमा अपराध अनुसन्धानकर्तामा र अभियोजनकर्तामा मात्र नभई निर्णयकर्तामा पनि स्पष्टता आवश्यक देखिन्छ। अध्ययनले ठूलो संख्या र क्षेत्र समेट्न नसकेपनि यसले कानुनको प्रयोग र कार्यान्वयन सम्बन्धमा गरेको अध्ययनबाट यस क्षेत्रमा संलग्न जनशक्तिलाई आवश्यक प्रशिक्षण प्रदान गरी सैद्धान्तिक र व्यावहारिक रुपमा स्पष्टता पार्न आवश्यक देखिएको छ । साथै अपराध नियन्त्रणसँग संलग्न निकाय र पदाधिकारीहरूबीच समन्वय र सहकार्य उत्तिकै जरुरी देखिन्छ । यस अध्ययनबाट प्राप्त नतिजा र सुझाव समेतलाई मनन गरी उल्लेखित समस्याको समाधानका लागि उल्लेख गरिएका सुझावहरु कार्यान्वयन गर्नेतर्फ सबैको ध्यान जानु जरुरी देखिएको छ ।

# विषय सूची

## परिच्छेद एक

### प्रारम्भिक


१.१ परिचय (Introduction) ........ १
१.२ अनुसन्धानको उद्देश्य (Objectives of Research) ........ ४
१.३ अनुसन्धानको महत्व (Significance of Research) ........ ४
१.४ अनुसन्धानको सीमा (Limitation of Research) ........ ५
१.६ अनुसन्धान पद्धति (Research Methodology) ........ ५
१.७ अनुसन्धान प्रतिवेदनको संगठन (Organization of Research Report) ६


## परिच्छेद दुई

### साहित्यको पुनरावलोकन


२.१.१ Criminal Investigation ........ ८
२.१.२. सङ्गठित अपराध : एक परिचय, २०६८ ........ १०
२.१.३. An Assessment of Legal Framework to Combat Organized Crimes in Nepal ........ ११
२.१.४. सङ्गठित अपराध नियन्त्रण सम्बन्धी व्यवस्था र कार्यान्वयनमा देखिएका समस्याहरु ........ १२
२.१.५. सङ्गठित अपराध नियन्त्रण सम्बन्धी कानुन र यसको कार्यान्वयन . १३


## परिच्छेद तीन

### सङ्गठित अपराधको सैद्धान्तिक अध्ययन


३.१ अवधारणा ........ १५
३.२ परिभाषा ........ १७
३.३ सङ्गठित अपराधका विशेषता ........ २२
३.४ संगठनात्मक संरचना र आपराधिक कार्यहरु ........ २४
३.५ सङ्गठित अपराध र असङ्गठित अपराधमा भिन्नता ........ २६


## परिच्छेद चार

### सङ्गठित अपराध र अन्तर्राष्ट्रिय अभ्यासहरु


४.१ अन्तर्राष्ट्रिय कानुनी संरचना ........ २९

४.१.१ अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २००० र उप आलेखहरु :............................................ २९
४.१.२ BIMSTEC Convention on cooperation in combating International Terrorism, Transnational Organised Crime and Illicit Drug Trafficking................................................. ३४
४.१.३ भ्रष्टाचार बिरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३.......... ३६
४.१.४.Global Action Plan against Organized Transnational Crime, 1998................................................................३७
४.१.५. बाल अधिकार सम्बन्धी महासन्धि, १९८९............................३७
४.१.६. जीउ मास्ने वेच्ने तथा अरुको वेश्यावृत्तिको शोषण र दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९......................................... ३८
४.१.७ अन्य अन्तर्राष्ट्रिय संयन्त्रहरु ............................................... ३८
४.२ विभिन्न मुलुकहरुको अभ्यास ................................................... ३८
४.२.१. संयुक्त राज्य अमेरिका.................................................... ३८
४.२.२. बेलायत........................................................................ ४०
४.२.३. जर्मनी .......................................................................... ४१
४.२.४.भारत.............................................................................. ४३
४.२.५.अष्ट्रेलिया....................................................................... ४४
४.२.६ नेपाल...........................................................................४५

## परिच्छेद पाँच

## नेपालको कानुनी व्यवस्था र सर्वोच्च अदालतबाट भएको व्याख्या

५.१ नेपालमा सङ्गठित अपराध सम्बन्धी कानुनी व्यवस्था...................... ४६
५.१.१ उद्देश्य.........................................................................४७
५.१.२ सङ्गठित अपराध निवारण ऐन, २०७० का मुख्य मुख्य व्यवस्थाहरुः ............................................................................................ ४८
५.१.३ सङ्गठित अपराधको परिभाषा र कसूर...................................४९
५.१.४ सङ्गठित अपराधमा सजाय सम्बन्धी व्यवस्था .........................५०
५.१.५ सङ्गठित अपराधमा अनुसन्धान तथा अभियोजन सम्बन्धी व्यवस्था ............................................................................................ ५१
५.१.६ प्रमाण र मुद्दाको कारवाही सम्बन्धी विशेष व्यवस्था.................५३
५.१.७ सङ्गठित संस्थाले गरेको अपराध सम्बन्धी व्यवस्थाः .................५५
५.१.८ अधिकारक्षेत्र सम्बन्धी व्यवस्था ...........................................५५
५.२ प्रस्तावित अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताः........... ५६

५.३ सङ्गठित अपराध सम्बन्धमा सर्वोच्च अदालतबाट भएको व्याख्या.....५७
५.३.१. अनिल कुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार विरुद्ध मदन शर्मा समेत.....५७
५.३.२. सूर्यबहादुर पुन विरुद्ध नेपाल सरकार.....५८
५.३.३. नेपाल सरकार विरुद्ध राजु लामा, मुद्दाः लागू औषध.....५८
५.३.४. चार्ल्स गुरुमुख शोभराज विरुद्ध नेपाल सरकार, मुद्दाः कर्तव्य ज्यान.....५९
५.३.५. गोमा पाँचकोटी विरुद्ध नेपाल सरकार, मुद्दाः मानव बेचबिखन तथा ओसारपसार.....५९

## परिच्छेद छ

## सङ्गठित अपराध सम्बन्धी व्यावहारिक अध्ययन

६.१ अपराधमा संलग्न अभियुक्तहरुको लैङ्गिक समूह अवस्था.....६१
६.२ प्रतिवादीहरुको उपस्थितिको अवस्था अध्ययन.....६२
६.३ सङ्गठित अपराधमा संलग्न प्रतिवादीहरुको राष्ट्रियता (स्वदेशी तथा विदेशी) को अवस्था.....६३
६.४ पीडितको समूह विभाजन.....६४
६.५ अनुसन्धान गर्ने प्रहरी संयन्त्रको अवस्था.....६५
६.६ विशेष अनुसन्धान विधि.....६६
६.७ आरोपितको सम्पत्ति अदालतको आदेशले रोक्का गरेको अवस्था.....६६
६.८ आरोपितको कारोबारको विवरण माग वा खाता रोक्काको अवस्था.....६७
६.९ आरोपितलाई राहदानी जारी नगर्ने वा रोक्का राख्ने सम्बन्धी कारबाहीको अवस्था.....६८
६.१० अभियुक्तले पूर्व कुनै अपराध गरेको भए सोको अवस्था.....६८
६.११ टेलिफोन वा सञ्चारको विवरण माग गरेको अवस्था.....६९
६.१२ संचार माध्यम निष्कृय गरिएको सम्बन्धमा.....६९
६.१३ संगठनको स्थापना र निर्माण समय अवधि.....७०
६.१४ मूल अपराधको प्रकृति.....७१
६.१५ संगठनमा आबद्ध सदस्य संख्या.....७२
६.१६ सङ्गठित समूहले अघि कुनै अपराध घटाएको छ वा छैन भन्ने अवस्था बारे.....७३
६.१७ यस अघि सङ्गठित अपराध मुद्दा चलाएको भए सजाय.....७४
६.१८ पहिले कुनै अपराधमा मुद्दा चलेपछि यो ऐन आएपछि पुनः छुट्टै मुद्दा दायर भएको अवस्था.....७४

६.१९ अभियुक्तको प्रष्ट वतन खुलेको र नखुलेको सम्बन्धमा.............. ७५
६.२० परिच्छेद २ र परिच्छेद ३ बमोजिमका परिभाषित कसूर ........... ७५
६.२१ सजायको मागदावीमा छुट दिनेगरी अभियोगपत्र दायर भएको अवस्था............................................................................... ७६
६.२२ थप वा पुरक अभियोग लगाइएको अवस्था............................... ७७
६.२३ थुनछेक आदेशको अवस्था .....................................................७८
६.२४ जिल्ला अदालतबाट भएको कारवाहीको अवस्था......................७८
६.२५ फैसला गर्दा सजाय भएको अवस्था........................................ ७९
६.२६ संगठनबाट अपराध भएको देखिएकोमा यसभन्दा पहिला कुन अपराध गरेको बारे.........................................................................८०
६.२७ अनुसन्धान तथा अभियोजनमा देखिएका मुख्य कमजोरीहरु....... ८१
६.२८ सरोकारवाला र विज्ञहरुसंगको छलफलबाट प्राप्त भएका पृष्ठपोषणहरु.................................................................... ८६

## परिच्छेद सात

### अनुसन्धानको नतिजा, सुझाव र निष्कर्ष

७.१ अनुसन्धानको नतिजा.............................................................८९
७.१.१ सर्वोच्च अदालतबाट भएको व्याख्या.......................................८९
७.१.२ मुद्दाको फाइल अध्ययनबाट प्राप्त निष्कर्षहरु ............................९०
७.१.३ मिसिल अध्ययनबाट अनुसन्धान तथा अभियोजनमा देखिएका मुख्य कमजोरीहरु.................................................................९४
७.१.४ जिल्ला अदालतको फैसलामा गरिएका निर्णयको अवस्था ......... ९६
७.१.५ छलफलबाट प्राप्त सुझावहरु................................................ ९६
७.२ सुझाव................................................................................... ९७
७.३ निष्कर्ष.................................................................................१००
सन्दर्भ सामग्री सूची.....................................................................१०२
अनुसूची १...................................................................................१०५
अनुसूची २ ..................................................................................११०

# परिच्छेद एक

# प्रारम्भिक

## १.१ परिचय (Introduction)

समाजमा शान्ति र सु-व्यवस्था कायम राखी जनतालाई सहज र निर्भयताका साथ जीवन यापनको अनुभूति दिलाउनु नै राज्यको मूलभूत उद्देश्य हो । यो उद्देश्य प्राप्त गर्न राज्यले अपराध हुन नै नदिने र घटित विभिन्न आपराधिक क्रियाकलापको नियन्त्रण गर्नुपर्ने हुन्छ। अपराध गर्नेलाई कानुन बमोजिम सजाय दिलाउनु पर्दछ । अपराधजन्य कार्यवाट भएको क्षतिको परिपूरण गरी अपराध पीडितलाई न्याय प्राप्तिको महसुस गराउनुपर्ने हुन्छ । भविष्यमा अपराध नहोस् भन्नाखातिर राज्यले व्यक्ति तथा नागरिकमा भय समेत सृजना गर्नुपर्ने हुन्छ । राज्यले सामाजिक सन्तुलन पनि बनाई राख्नुपर्ने हुन्छ । पीडकलाई सजाय दिई पीडितलाई न्याय दिनु नै फौजदारी न्याय प्रशासनको मुख्य उद्देश्य हो । समग्रमा राज्यले आफ्ना नागरिक तथा व्यक्तिलाई शान्ति र अमनचयनको वातावरण सृजना गरी मौलिक तथा मानव अधिकारको व्यवस्था गर्दै उपभोग र प्रचलनको प्रत्याभूतिको प्रबन्ध समेत गर्नुपर्ने हुन्छ।

पीडकलाई सजाय गर्दा कानुन बमोजिम अधिकार प्राप्त न्यायिक निकायबाट गरिनु पर्दछ। स्वच्छ सुनुवाइको हकको प्रत्याभूति गर्नु पर्दछ। अभियुक्तको अधिकार संरक्षण गर्दै कानुनी दायरामा रही राज्यले सजाय गर्दछ। एकातिर संविधान र कानुनमा गरिएका मौलिक हक र मानव अधिकारको प्रत्याभूतिको विषय छ भने अर्कोतिर अपराध नियन्त्रण गर्ने, अपराधीलाई सजाय दिलाउने र पीडितलाई न्यायको महसुस गराउने कार्यात्मक चुनौती समेत रहेका छन्। विज्ञान र प्रविधिले विभिन्न कार्यहरु सम्पादन गर्न सहज बनाएको छ। मानव जीवनमा सहजता र सुगमता ल्याएको छ। विभिन्न

क्रियाकलापहरु सीमाविहीन भएका छन् । विभिन्न कार्यशैली पनि परिवर्तन गराएको छ । यसको प्रभाव आपराधिक गतिविधि र अपराध गर्ने शैलीमा समेत परेको पाइन्छ । सोही अनुरुप आपराधिक क्रियाकलापहरु पनि सीमाविहीन र जटिल भएका छन् भने अर्कोतिर त्यत्तिकै चुनौती पनि थपी दिएको छ । विज्ञान, प्रविधि, यातायातको गलत प्रयोग तथा दुरुपयोगले मानव जीवन र सेवा प्रवाहमा नकारात्मक असर परेको छ । यसले गंभीर, सङ्गठित र अन्तरदेशीय अपराधहरु घटेका छन् । विशेष गरी मानव हत्या तथा आर्थिक अपचलनका कार्यहरु भएका छन् । यसले राज्यको आर्थिक तथा मौद्रिक सन्तुलनका साथै कर तथा राजश्व प्रशासनमा समेत असर पारेको छ । गैरकानुनी रुपमा अर्थोपार्जन गर्ने, आपराधिक समूह निर्माण गर्ने तथा ती समूहले आपराधिक गतिविधि गरी सामाजिक र राज्य व्यवस्थालाई खलल पार्ने कार्य भई रहेका छन् ।

समूहगत तथा संगठनात्मक रुपमा अर्काको ज्यान लिने, चोरी गर्ने, गैरकानुनी आर्थिक लाभ लिने, भ्रष्टाचार गर्ने, गैरकानुनी आर्जनलाई निर्मलीकृत गर्ने, मानव बेचबिखन तथा ओसारपसार गर्ने, लागू औषधको कारोवार गर्ने, वित्तीय स्रोत र साधनको दुरुपयोग, हिनामिना तथा हानि नोक्सानी गर्ने आदि आपराधिक क्रियाकलापहरु भई रहेका छन् । यस प्रकृतिका आपराधिक क्रियाकलापहरुको नियन्त्रण गर्न र अपराध गर्ने कार्यमा संलग्न व्यक्तिहरुलाई दण्ड दिई पीडितलाई न्यायको महसुस गराउन तथा समाजमा शान्ति र सुरक्षाको प्रत्याभूति प्रदान गर्न राज्यले आवश्यक कानुन, संयन्त्र र संरचना बनाई कार्यान्वयन गरेको हुन्छ । सोही अनुसार सङ्गठित रुपमा गरिने अपराध नियन्त्रण गर्न सङ्गठित अपराध सम्बन्धी कानुनी व्यवस्था २०६९ मा अध्यादेश मार्फत गरिएको थियो । राज्यले यो अपराध सम्बन्धी कसूरको परिभाषा, दण्ड सजाय र अन्य व्यवस्था गरी अध्यादेश मार्फत सम्बोधन गर्न प्रारम्भ गरेकोमा  हाल सङ्गठित अपराध निवारण ऐन, २०७० जारी भइ प्रचलनमा रहेको छ ।

सर्वसाधारण जनताको जीउ ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ति र सुव्यवस्था कायम गर्न, मुलुकमा कानुन र व्यवस्था कायम गर्नका लागि सङ्गठित अपराधलाई निवारण गर्न, विशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्न र सङ्गठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने लगायत सोसँग सम्बन्धित अन्य विषयमा कानुनी व्यवस्था गर्ने यस ऐनको उद्देश्य रहेको छ । यस ऐन लागू भए पछि सङ्गठित अपराधको रुपमा अनुसन्धान र अभियोजन भएको छ । साथै सङ्गठित रुपमा विभिन्न अपराधहरु घटेका भनी सार्वजनिक रुपमा सूचना प्रवाह भएका छन् । सङ्गठित अपराध आफैमा मूल अपराध नभई अपराध गर्ने शैली, तरिका, माध्यम, कारण, साधनको प्रयोग, अपराधकर्ताको संलग्नता, अपराध पश्चात् त्यस अपराधको प्रभावको चाहनासँग सम्बन्धित हुन्छ । त्यसकारण सङ्गठित अपराध हुनका लागि कानुनले बर्जित गरेको कुनै अपराध घटित हुनु जरुरी हुन्छ । त्यस घटना घटाउँदा त्यसमा संलग्नताको हिसाबले सङ्गठित रुपमा घटाइएको हो वा होइन हेरिन्छ । कुनै अपराध व्यक्तिगत वा समूहगत वा सङ्गठित रुपमा घटाइएको हुन सक्छ । त्यसकारण कुनै अपराध जतिसुकै गम्भीर हुनासाथ सङ्गठित हुने नभई त्यस अपराध घटाउन  सङ्गठित रुपमा संलग्नताको अवस्था हेरिनु अत्यावश्यक हुन्छ । सङ्गठित अपराध निवारणका लागि २०७० सालमा ऐन बनेपछि सङ्गठित रुपमा हुने अपराधमा संलग्न अपराधीहरु, अपराधका प्रकृति, यस प्रकृतिका मुद्दामा गरिएको अनुसन्धान विधि र अभियोजनका पक्ष तथा त्यसमा रहेका कमिकमजोरी पहिल्याउनु यस अनुसन्धानको विषय रहेको छ । यस अनुसन्धानले सङ्गठित अपराध सम्बन्धमा अनुसन्धान, अभियोजन र न्यायिक निर्णयका सम्बन्धमा भएको कानुनी व्यवस्था र अभ्यासलाई सम्बोधन गर्ने प्रयास गरेको छ । समग्रमा सङ्गठित रुपमा घटित अपराधको प्रवृत्ति र अनुसन्धान, अभियोजन र न्यायिक निर्णय तथा विद्यमान कानुनको प्रभाव समेतका विषयमा अध्ययन गर्न आवश्यक देखिएकोले प्रस्तुत अध्ययन गरिएको हो ।

## १.२ अनुसन्धानको उद्देश्य (Objectives of Research)

सङ्गठित अपराध निवारण ऐनको प्रयोग र प्रभावकारिताको अध्ययन गर्नु प्रस्तुत अनुसन्धानको मुख्य उद्देश्य रहेको छ । यस अनुसन्धानका विशिष्ट उद्देश्यहरु यसप्रकार रहेका छन् :

- सङ्गठित अपराध निवारण ऐनमा गरिएका अपराध अनुसन्धान र अभियोजन सम्बन्धी व्यवस्थाको कार्यान्वयनको प्रभावकारिता मूल्यांकन गर्ने ।
- सङ्गठित अपराध सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन गरिनु पर्ने सुधारका लागि सुझाव पेश गर्ने ।

## १.३ अनुसन्धानको महत्व (Significance of Research)

प्रस्तुत अध्ययन सङ्गठित अपराध निवारण ऐनमा गरिएका कानुनी व्यवस्था र यसको प्रभावकारितासंग सम्बन्धित रहेको छ । यस अध्ययनमा सङ्गठित अपराध सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु, विभिन्न देशमा सङ्गठित अपराध नियन्त्रण गर्न गरिएका कानुनी व्यवस्थाहरु र राष्ट्रिय कानुनमा गरिएका अनुसन्धान तथा अभियोजन सम्बन्धी कानुनको प्रयोगको अवस्था तथा कठिनाइका सम्बन्धमा व्यावहारिक रुपमा अध्ययन गरिएको छ । यस अध्ययनबाट सङ्गठित अपराधको अनुसन्धान तथा अभियोजनका सम्बन्धमा कानुनमा गरिएको व्यवस्थाको प्रयोग प्रभावकारी बनाउन चालिनु पर्ने कदम, सुधारका क्षेत्रहरुको पहिचान हुन्छ । यसले अनुसन्धानकर्ता, अभियोजनकर्ता, न्यायकर्ताका साथै समाज र राज्य समेतलाई उपयुक्त जानकारी उपलब्ध गराउँछ । यस अध्ययनले सङ्गठित अपराध निवारण ऐनको प्रयोगमा एकरुपता ल्याई कानुनको प्रयोगमा अन्यौलता हटाई कानुनको प्रभावकारिता अभिवृद्धि गर्न मद्दत गर्नेछ । समष्टिमा यस अध्ययनले सङ्गठित रुपमा गरिने अपराधको नियन्त्रण र निवारणका लागि

कानुनको उपयुक्त र व्यावहारिक प्रयोगका लागि सहयोग पुग्ने हुँदा यस अध्ययनको महत्व रहनेमा आशा गर्न सकिन्छ ।

## १.४ अनुसन्धानको सीमा (Limitation of Research)

यस अनुसन्धानका देहाय बमोजिमका सीमाहरु रहेका थिए ।

- प्रस्तुत अनुसन्धान काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्ला सरकारी वकील कार्यालयहरुबाट सम्बन्धित जिल्ला अदालतमा दायर भएका सङ्गठित अपराध मुद्दाहरुमा केन्द्रित रहेको छ ।
- अनुसन्धान प्रस्ताव स्वीकृत भएको मितिले तीन महिनाको समयावधि रहेको थियो ।
- अनुसन्धानमा संलग्न कार्यदलका सदस्यहरुले कार्यालयको अतिरिक्त समयमा कार्य सम्पादन गर्नुपर्ने अवस्था थियो ।
- अनुसन्धानका लागि स्रोत र साधन योजना महाशाखाले उपलब्ध गराए बमोजिम हुनेछ भनिएकोमा नेपाल सरकारवाट विनियोजित बजेट रकममध्येवाट रु एक लाख छुट्टयाइएकोमा सो रकमवाट कार्यदलका सदस्य तथा आमन्त्रित कर्मचारीहरुले अतिरिक्त समयमा कार्य गर्दा खाजा खर्च, स्टेशनरी र प्रतिवेदनलाई अन्तिम स्वरुप दिनुअघि सरोकारवाला तथा विज्ञहरुसँगको परामर्श कार्यक्रममा खाजा खर्च र स्टेशनरी सामानमा मात्र खर्च गरिएको थियो ।

## १.६ अनुसन्धान पद्धति (Research Methodology)

प्रस्तुत अनुसन्धानको विधि सैद्धान्तिक र व्यावहारिक (Doctrinal and Non Doctrinal) दुवै रहेको थियो । दुवै अनुसन्धान विधि मार्फत प्रारम्भिक स्रोतहरु र द्वितीय स्रोतहरु (Primary and Secondary

source) मार्फत तथ्यांक संकलन तथा ती स्रोतहरुको विश्लेषण गरी सङ्गठित अपराध मुद्दामा अनुसन्धान, अभियोजनको अभ्यास अवस्था र समस्याका कारणहरुको खोजी तथा समस्याका समाधान पहिल्याउने प्रयास गरिएको छ । सैद्धान्तिक अनुसन्धान विधि अन्तर्गत यस सन्दर्भका अन्तर्राष्ट्रिय दस्तावेजहरुका सान्दर्भिक प्रावधानको विश्लेषण, विभिन्न मुलुकका प्रावधानको तुलनात्मक प्रावधान र नेपालको संवैधानिक तथा कानुनी व्यवस्थाको विवेचना गरिएको  छ।

व्यावहारिक अध्ययन विधि अन्तर्गत तीन जिल्लामा दायर भएका २१ वटा सङ्गठित अपराध मुद्दाहरुको फाइल अध्ययन गरी प्राप्त तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ । यस अर्न्तगत प्रश्नावली बनाई अध्ययन गरेर तथ्याङ्कहरु संकलन गरिएको थियो । यसमध्ये काठमाण्डौ जिल्ला सरकारी वकील कार्यालयबाट १६, ललितपुर जिल्ला सरकारी वकील कार्यालयबाट ३ र भक्तपुर जिल्ला सरकारी वकील कार्यालयबाट २ गरी सम्बन्धित जिल्ला अदालतमा दायर भएका जम्मा २१ वटा सङ्गठित अपराध मुद्दाहरुमा अनुसन्धानबाट प्राप्त तथ्याङ्क व्याख्यात्मक र विश्लेषणात्मक शैलीद्वारा प्रयोग र प्रस्तुति गरिएको छ । सरोकारवाला निकाय तथा विज्ञ व्यक्तिहरुसँग सङ्गठित अपराधको विषयमा छलफल गरी आएका पृष्ठपोषणलाई समेत प्रस्तुत अनुसन्धानमा समावेश गरिएको छ। यसबाट सङ्गठित अपराधमा अपराध अनुसन्धान तथा अभियोजनका विद्यमान समस्याका कारण पहिल्याई समाधान सम्बन्धमा वास्तविकता नजिक पुग्न सकिने अनुसन्धान समूहको अपेक्षा रहेको  छ।

## १.७ अनुसन्धान प्रतिवेदनको संगठन (Organization of Research Report)

प्रस्तुत अनुसन्धान प्रतिवेदनलाई विभिन्न सात परिच्छेद र तीन वटा अनुसूचीमा विभक्त गरिएको छ । ती परिच्छेद र अनुसूची देहाय बमोजिमको ढाँचामा रहेका छन् ।

**परिच्छेद एक** प्रारम्भिक

**परिच्छेद दुई** साहित्यको पुनरावलोकन

**परिच्छेद तीन** सङ्गठित अपराधको सैद्धान्तिक अध्ययन

**परिच्छेद चार** सङ्गठित अपराध र अन्तर्राष्ट्रिय अभ्यासहरु

**परिच्छेद पाँच** सङ्गठित अपराध सम्बन्धी नेपालको कानुनी व्यवस्था र सर्वोच्च अदालतबाट भएको व्याख्या

**परिच्छेद छ** सङ्गठित अपराध सम्बन्धी व्यावहारिक अध्ययन

**परिच्छेद सात** अध्ययनको नतिजा, सुझावहरु र निष्कर्ष

# परिच्छेद दुई

# साहित्यको पुनरावलोकन

सङ्गठित रुपमा गरिने अपराधको चुनौती अहिले विश्वव्यापी रुपमा रहेको छ । यस प्रकृतिको अपराध नियन्त्रण गर्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रुपमा कानुन, संयन्त्र र संरचनाहरुको व्यवस्था गरिएको छ । नेपालमा सङ्गठित रुपमा गरिने अपराध नियन्त्रणका लागि गरिएका कानुनी व्यवस्था र यसको प्रयोग सम्बन्धमा प्रस्तुत अध्ययनले आफ्नो क्षेत्र बनाएको छ । यस सन्दर्भमा अनुसन्धानमूलक अध्ययनका लागि सङ्गठित अपराध सम्बन्धी विषयमा प्रस्तुत अध्ययन पूर्व गरिएका अनुसन्धान, प्रकाशित पुस्तक, पाठ्यसामग्री, लेख र समग्रमा कुनै कृतिहरुको समीक्षा महत्वपूर्ण रहन्छ । अध्ययन क्रममा सङ्गठित रुपमा गरिने अपराधको अनुसन्धान तथा अभियोजन लगायत यस कानुनको प्रयोग सम्बन्धी विषयमा आधारित पुस्तकहरु तथा अनुसन्धानमूलक अध्ययन भएको देखिएन । तथापि सङ्गठित अपराधको अवधारणा, यसका विषेशता, यस सम्बन्धमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रुपमा गरिएका कानुनी व्यवस्था आदिका सम्बन्धमा अध्ययनको क्रममा सिद्धहस्त विद्वानहरुका अनुसन्धानात्मक पुस्तक, कृतिहरु, लेख रचना तथा पाठ्यसामाग्रीहरुको यस अध्ययन क्रममा समीक्षा गरिएको छ । सङ्गठित अपराधसँग सम्बन्धित रही प्रकाशन भएका देहाय बमोजिमका सामग्रीको यहाँ समीक्षा गरिएको छ ।

## २.१.१ Criminal Investigation

लेखक द्वय Wayne W. Bennett तथा Karen M. Hess द्वारा लिखित तथा Wadsworth कम्पनीबाट संयुक्त राज्य अमेरिकाबाट सन् २००१ मा प्रथम पटक प्रकाशित भई हालसम्म छैठौ संस्करणमा प्रकाशित प्रस्तुत पुस्तक फौजदारी मुद्दामा अनुसन्धानका लागि ज्यादै उपयोगी रहेको

पाइयो ।[१] कुल ५७४ पृष्ठ रहेको प्रस्तुत पुस्तकमा बीस वटा परिच्छेदमा फौजदारी मुद्दामा अनुसन्धान, अनुसन्धानात्मक फोटोग्राफी तथा घटनास्थल स्केच, अनुसन्धानात्मक नोट तथा प्रतिवेदन, खानतलासी, भौतिक प्रमाण, सूचनाको प्राप्ति, अभियुक्तको पहिचान तथा गिरफ्तारी, मुद्दा तयारी, सरकारी वकील तथा अदालतमा प्रस्तुति, केही नयाँ तथा गम्भीर अपराधमा गरिने अनुसन्धान पद्धति (डाँका, कुटपिट, जबरजस्ती करणी, बालबालिका विरुद्धका अपराध, कर्तव्य ज्यान, चोरी, किर्ते, जालसाजी, सफेदपोशी तथा वातावरणीय अपराध, सवारी अपराध, आगलागी, कम्प्युटर अपराध, लागू औषध अपराध लगायतका) बारेमा विस्तृत रुपमा उल्लेख गरिएको छ ।

प्रस्तुत पुस्तकको परिच्छेद १९ मा पृष्ठ ४४८ देखि ४८६ सम्म सङ्गठित अपराध तथा घृणित अपराधको बारेमा विवेचना गरिएको छ । प्रस्तुत पुस्तकमा लेखक द्वयले शुरुमै केही प्रश्न उठाउँदै सङ्गठित अपराधको समस्या, कानुनले समेटेका विषय, यसका मुख्य क्रियाकलाप, सङ्गठित अपराध अनुसन्धानमा अनुसन्धानको प्राथमिक भूमिका, कुन कुन निकायले यस्तो अपराधमा समन्वय गर्छन्, जस्ता विषयमा उत्तर दिने प्रयास गरेका छन् ।[२] यस क्रममा प्रस्तुत परिच्छेदमा सङ्गठित अपराधको परिभाषा, विशेषता, लागू हुने कानुन, मुख्य क्रियाकलापहरुको बारेमा विवेचना गरिएको छ । यस्ता क्रियाकलापमा अवैध जुवा, बाजी, ऋण तथा लगानीमा हस्तक्षेप, डकैती, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार जस्ता अपराधलाई समेट्दै यस्ता अपराधमा हाल विश्वमा रहेका चर्चित समूह र उनीहरुको कार्य बारेमा विवेचना गरिएको छ । यस्ता अपराधको अनुसन्धानमा विशेष पद्धति

---

[१] Wayne W. Bennett and Karen M Hess, Criminal Investigation (sixth edition), Wadsworth/Thomson learning, USA

[२] यसमा मुख्यत What the distinctive traits of organized crime are ? What organized crime activities are specially  mode crimes by law ? What the major activities of organized crime are? What the investigator's primary role in dealing with the organized crime problem is? What agencies cooperate in investing organized crime? लगायतका प्रश्न उठाइएको छ ।

अपनाउन र सफलता प्राप्त गर्न प्रहरी अधिकृतका लागि विशेष ज्ञान, तालिम, औजार, र पद्धति बारेमा जोड दिएको छ । यस अन्तर्गत नियन्त्रण गर्न लड्ने विधि (Method to combat organized crime ) अनुसन्धानात्मक सामाग्री (Investigative aids) र सम्पत्ति जफत (Asset forfeiture) लगायत यो अपराध नियन्त्रणका लागि महत्वपूर्ण ज्ञान दिने प्रयास गरिएको छ ।

प्रस्तुत पुस्तक बाह्य मुलुकको परिवेशमा लेखिएको भए पनि सङ्गठित अपराधको अन्तरदेशीय स्वरुप भएकाले यसका महत्वपूर्ण विशेषता, शैली, अपराधको प्रभाव, स्वरुपमा अधिकांशत आधारित भएकाले सवै मुलुकमा भ्रण्डै मिल्दोजुल्दो भएको परिवेशमा नेपालका अनुसन्धानकर्ता प्रहरी र सरकारी वकीललाई पनि ज्यादै महत्वपूर्ण रहेको छ । यस अनुसन्धानको विषय सङ्गठित अपराध मुद्दामा अनुसन्धान तथा अभियोजनको अवस्था, समस्या र सुधारका लागि सुभ्राव दिने उद्देश्य रहेकोले यस अनुसन्धानको विषयवस्तुसँग फरक भए पनि प्रस्तुत पुस्तक महत्वपूर्ण स्रोत सामग्रीको रुपमा रहेको मान्न सकिन्छ ।

### २.१.२. सङ्गठित अपराध : एक परिचय, २०६८

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपालद्वारा २०६८ सालमा प्रकाशित सङ्गठित अपराधः एक परिचय विषयक स्रोत सामग्री पुस्तिका अनुसन्धान क्रममा अध्ययन गरियो । प्रस्तुत स्रोत सामग्री पुस्तिकामा सिद्धहस्त लेखकहरु डा. आनन्दमोहन भट्टराई, केदार पौडेल, प्रा. डा. रंजितभक्त प्रधानाङ्ग, महेश शर्मा पौडेल, नृपध्वज निरौला, डा. गोविन्द थापा, युवराज सुवेदी र हरिकुमार नेपालद्वारा रचित अनुसन्धानमूलक लेखहरु समावेश गरिएको पाइयो । कुल आठ परिच्छेदमा विभाजित यस पुस्तकमा सङ्गठित अपराध सम्बन्धी जानकारी, अन्तरदेशीय सङ्गठित अपराधः प्रभावकारी प्रतिरोधात्मक उपायहरु, नेपालमा सङ्गठित अपराधका रुपमा अपहरण तथा शरीरबन्धक

सम्बन्धी अपराधः एक चिन्तन, अन्तरदेशीय सङ्गठित अपराध र भ्रष्टाचार लगायत आर्थिक अपराध, मानव वेचविखनको अपराध, यस विरुद्धको कानुन र रोकथामका उपाय, Investigation of Transnational Organized Crime, Transnational Organized crime र Money Laundering, Financing of Terrorism and Nepal विषयका लेखहरु समावेश गरिएको छ । स्रोत सामग्रीको रुपमा प्रकाशित यस पुस्तिकामा समावेश भएका लेखहरुले सङ्गठित अपराधको सैद्धान्तिक विषयमा ज्ञान दिने उद्देश्यले विभिन्न सामग्री समेट्नुका साथै सङ्गठित अपराध अन्तर्गतको मुख्य मुख्य विषयगत क्षेत्रमा अनुसन्धान तथा हाल भैरहेका व्यावहारिक गतिविधिहरु बारेमा जानकारीहरु समेटिएको छ । सङ्गठित अपराधमा अनुसन्धान, अभियोजन तथा न्याय निरोपणका सन्दर्भमा अपराधशास्त्रीय अनुसनधान केन्द्रले गर्न लागेको प्रस्तुत अनुसन्धानसँग सो स्रोत सामग्री मेल खादैन तापनि सङ्गठित अपराधका विविध ज्ञान प्राप्त गर्न प्रस्तुत स्रोत सामग्री उपयोगी देखिएको छ ।

### २.१.३. An Assessment of Legal Framework to Combat Organized Crimes in Nepal

महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित भएको Prosecution Journal¸ volume 3¸ 2016 मा रेवतीराज त्रिपाठी र सोमकान्ता भण्डारीको संयुक्त लेखन रहेको An Assessment of Legal Framework to Combat Organized Crimes in Nepal सङ्गठित अपराधको बारेमा विविध विषयवस्तुमा केन्द्रित भई तयार परिएको एक महत्वपूर्ण लेख हो । जसले सङ्गठित अपराधका मुद्दाहरुमा उठेका समस्याहरुलाई समाधान गर्न उन्मुख भएको देखिन आउँछ । यस लेखमा अपराधको प्रभावलाई विश्लेषण गर्दै अपराधीहरुको संजालको वृद्धि भएर उनीहरुले आफ्ना स्वार्थ पूरा गर्न समाज, राष्ट्र र विश्वव्यापी रुपमा असर पार्नेछ भन्ने अभिव्यक्तिको आभास दिन खोजिएको छ । तर यस लेखले

अनुसन्धान र अभियोजनमा आधारित भई कानुन कार्यान्वयन पक्षलाई समेट्न सकेको देखिन्न ।

यस अध्ययन सङ्गठित अपराध विरुद्धको कानुन कार्यान्वयन सर्न्दभमा केन्द्रित भई सुक्ष्म अध्ययन गर्न खोजिएको छ । जस्तैः यस अपराधले समाजलाई प्रभावित त पार्छ नै तर समाजमा बसोबास गर्ने ती व्यक्तिहरु जो यसबाट पीडित छन् अर्थात् उनीहरुको समूहगत विभाजनको अध्ययन गरिएको छ भने अर्को तर्फ विवरणको अध्ययन तथा सङ्गठित अपराधमा संलग्न अभियुक्तहरुको सदस्य संख्याहरु र उनीहरुको बसोबासको स्थिति बारेको अध्ययन, अभियुक्तहरुको संजाल पत्ता लगाउनका लागि टेलिफोन विवरण लगायतका विषयहरुमा केन्द्रित भई सङ्गठित अपराधको प्रभावका वारेमा अध्ययन गरिएको हुँदा यस अध्ययन महत्वपूर्ण देखिन्छ । तथापी अपराधशास्त्रीय अनुसन्धान केन्द्रले सङ्गठित अपराधमा अनुसन्धान, अभियोजन तथा न्याय निरोपणका सन्दर्भमा गर्न लागेको प्रस्तुत अनुसन्धानको विषयलाई लेखले समेटेको छैन तापनि सङ्गठित अपराध वारेका विविध ज्ञान प्राप्त गर्न प्रस्तुत लेख उपयोगी देखिएको छ ।

### २.१.४. सङ्गठित अपराध नियन्त्रण सम्बन्धी व्यवस्था र कार्यान्वयनमा देखिएका समस्याहरु

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट २०७३ सालमा प्रकाशित **सम्पत्ति** नामक नेपाली भाषाको जर्नलमा लेखक कृष्णजीवी घिमिरेद्वारा तयार पारिएको यस लेख प्रकाशित भएको पाइयो । सङ्गठित अपराध नियन्त्रण सम्बन्धी व्यवस्था र कार्यान्वयनमा देखिएको समस्या नामक यस लेखमा सङ्गठित अपराधको परिभाषा, सङ्गठित अपराधको अबधारणा, सङ्गठित अपराधका विशेषता, यस अपराध नियन्त्रणका लागि राष्ट्रहरुबीच आपसी सहयोग, भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३ बाल अधिकार सम्बन्धी महासन्धि, १९८९, अन्तरदेशीय सङ्गठित अपराध बिरुद्धको

संयुक्त राष्ट्रसंघीय महासन्धि, २०००, जीउ मास्ने बेच्ने तथा अरुको बेश्याबृत्तिको शोषण दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९, Global Action Plan against Organized Transnational Crime, 1998 को महत्वपूर्ण प्रावधान, विभिन्न मुलुकका व्यवस्था र कार्यान्वयन पक्ष वारेमा विवेचना गरिएको छ ।

यसैगरी नेपालमा बिद्यमान कानुनी व्यवस्था र नियन्त्रणका पक्ष, अपराधको अनुसन्धान तथा अभियोजन सम्बन्धी व्यवस्था, प्रमाण र मुद्दाको कारवाही सम्बन्धी विशेष व्यवस्था, सङ्गठित संस्थाले गरेको अपराध सम्बन्धी व्यवस्था, सर्वोच्च अदालतको व्याख्या, कानुन कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरु लगायतका विषयहरुमा केन्द्रित भई अध्ययन गरेको पाइए तापनि उक्त लेख सैद्धान्तिक स्वरुपको भएको हुँदा अबको यस व्यावहारिक स्वरुपको अध्ययन प्रतिवेदनले सङ्गठित अपराधमा संलग्न प्रतिवादी, प्रभावित पीडित, अनुसन्धान एवम् अभियोजन गर्दा र त्यस पछि देखिएका समस्याहरु, सङ्गठित अपराध नियन्त्रण ऐन, २०७० को प्रभावकारिता लगायत अन्य विषयहरुमा केन्द्रित भई तथ्याङ्कीय विश्लेषण मार्फत उक्त ऐनमा गरिनुपर्ने सुधारका उपायहरु र यस अपराधलाई नियन्त्रण एव न्यूनीकरणका लागि पहिल्याउनु पर्ने हुँदा यस अध्ययनमा सो विषयलाई सम्बोधन गर्ने गरी अध्ययन गरिएको छ ।

### २.१.५. सङ्गठित अपराध नियन्त्रण सम्बन्धी कानुन र यसको कार्यान्वयन

संजिवराज रेग्मीद्वारा लिखित सङ्गठित अपराधको अवधारणा, अन्तर्राष्ट्रिय अभ्यास र नेपालमा सङ्गठित अपराध नियन्त्रण सम्बन्धी कानुन विषयको लेख सोपान मासिक, (मंसिर २०७२) मा प्रकाशन भएको पाइयो । यस लेखमा सङ्गठित अपराधजन्य कसूर अन्तर्गत हुने आपराधिक कार्यहरु र क्षेत्र, सङ्गठित अपराध नियन्त्रण सम्बन्धी फौजदारी कानुनमा समावेश हुनुपर्ने आधारभूत सवालहरु, सङ्गठित अपराध र समूहबाट हुने अपराध

बीचको भिन्नता, नेपालमा सङ्गठित अपराध नियन्त्रण सम्बन्धी कानुनी व्यवस्था, ऐनको कार्यान्वयनमा सरकारी वकीलको भूमिका, सङ्गठित अपराध निवारण ऐनको प्रयोग सम्बन्धमा देखिएका समस्याहरु, समस्या समाधानका उपायहरु लगायतका विषयहरुमा प्रवेश गरी तयार पारेको उक्त लेखको छुट्टै महत्व रहेको पाइयो ।

उक्त लेख मुख्य रुपमा सैद्धान्तिक विषयमा विश्लेषण गरिएको पाइन्छ । तर यस अध्ययन प्रतिवेदनले यस ऐनको अभ्यास के कसरी भएको छ वा अभ्यास गर्दा देखिएका समस्या तथा चुनौतीहरु के के छन भन्ने बारेमा तथ्याङ्कीय विश्लेषणमा केन्द्रित भई तयार पारिएको हुँदा यस अध्ययन प्रतिवेदनमा सङ्गठित अपराधका मुद्दाहरुमा अनुसन्धानकर्ता र अभियोजनकर्ताले अबका दिनहरूमा ती समस्या तथा चुनौतीहरुलाई समाधान के कसरी गर्ने गराउने बारे सरकारी वकीलद्वारा अभियोजन गरिएका मुद्दाहरुको बारेमा तथ्यगत अध्ययन गरी ऐनको कार्यान्वयन वा भावी दिनमा कसरी प्रयोग गर्नेतर्फ लक्षित रहेको छ ।

# परिच्छेद तीन

# सङ्गठित अपराधको सैद्धान्तिक अध्ययन

## ३.१ अवधारणा

समाजको विकाससँगै अपराधको विकास भएको हो । अपराध घट्नुमा विभिन्न प्रयोजन र परिबन्ध हुन सक्छन् । प्रयोजन खुलेको अपराधमा राज्यले अपराध घोषणा गरी बढी सजायको व्यवस्था गरेको हुन्छ भने परिबन्दबाट भएको अपराधलाई अपराधको रुपमा घोषणा गरे पनि तुलनात्मक रुपमा कम गंभीर अपराधको रुपमा लिइएको हुन्छ । यस्तै विभिन्न अपराधहरुको श्रृंखलामा सङ्गठित अपराध पनि प्रयोजनयुक्त अपराधको रुपमा लिन सकिन्छ ।

विश्वका प्राय: देशको जनसंख्या निरन्तर वृद्धि भई रहेको छ । विगतको जनसंख्याको दाँजोमा हाल यसको वृद्धि अत्यधिक रुपमा देखिन्छ । कानुनद्वारा सृजित शक्ति भय, त्रास, डर तथा आतंकद्वारा सृजित शक्ति दुवै मानिसले प्राप्त गर्ने अभिलाषा राख्दछ । शक्तिले कुनै निश्चित समूहलाई नियन्त्रण गरी फलोवर्सका रुपमा निर्माण गर्दछ । नियन्त्रणका लागि भय, त्रास, डर धाक धम्की पनि प्रयोग भएका हुन्छन् । आर्थिक साधन स्रोत आवश्यक परेकाले आर्थिक साधन स्रोत जुटाउनु पर्ने हुन्छ । व्यक्तिगत स्वार्थलाई प्राप्त गर्न, अरु व्यक्ति तथा समूह माथि लाद्न, आफ्नो विचार र मान्यता परिपालना गराउन पनि शक्तिको आवश्यक मानिदै आएको देखिन्छ । फरक विचार हुँदा कुनै पक्षको अस्तित्वमा असर पर्ने हुँदा भय, त्रास, डर सृजना हुने र ज्यान जाने पनि हुन सक्छ । विज्ञान र प्रविधिको विकाससंगै मानिसहरुको पनि विचार, सिद्धान्त, तौर तरिका, स्रोत आदि राशीहरुको सीमाविहीन प्रवाह पनि भएको छ ।

वर्तमान विश्वमा परम्परागत शैली भन्दा फरक, प्रविधिजन्य, संलग्नताको दृष्टिवाट धैरै, समूहगत र व्यवस्थापनका शैली (नियन्त्रण, पदसोपान संरचना आदि) कडा रुपमा अपनाइएको, उद्देश्यका विषयमा प्रायः वित्तीय साधन प्राप्त गर्ने, डर, भय तथा आतंक फैलाई समाज र देशलाई चुनौति दिने, ज्यान लिने, भूगोलको दृष्टिले अन्तरदेशीय रुपमा नयाँ नयाँ र जघन्य अपराधहरु घट्न थालेका छन । विशेष गरी पैसा र लाभका लागि गैरकानुनी गतिविधि सञ्चालन गर्न थालियो । राजनीतिक रुपमा प्रेरित रहेका आतंकवादी समूहहरुको जन्म हुन थाल्यो । आपराधिक संगठनहरुले सर्वसाधारणलाई आफूहरुसँगै व्यवसाय गर्न बाध्य पार्न थाले । यस्ता आपराधिक संगठनहरुलाई माफिया, आपराधिक सिन्डिकेट, नेटवर्क, अन्डरवर्ल्ड पनि भनिने गरिएको छ। सिसिलीको माफिया, रशियन माफिया, चाइनिज माफिया, हङकङ ट्रेइड्स, जापानिज याकुजा लगायतका विभिन्न आपराधिक संजाल हाल विश्वमा रहेका छन् ।

यस्ता आपराधिक कृयाकलापलाई राज्यको कानुन, नियम तथा प्रकृयाको परिधिमा ल्याउनुपर्ने अवस्थाको सिर्जना भएको छ । यस्ता अपराधहरु नियन्त्रण गर्न अनुसन्धान, अभियोजन र अदालती कारवाहीमा पनि अन्तरदेशीय सहयोग, समन्वय र आदान प्रदानबाट मात्र संभव हुन्छ । यस्ता अपराधहरुलाई एक मुलुकले मात्र नभै अन्तरदेशीय रुपमै गम्भीर अपराधका रुपमा अपराधीकरण गरी हेरिनुपर्ने भएको छ र सजाय पनि सोही अनुसार व्यवस्थित गर्नुपर्ने भएको छ। यस्ता अपराध नियन्त्रण गर्न दण्डका सिद्धान्तमा हतोत्साहका अलावा सुधारात्मक र निरोधात्मक आधारमा निर्धारण गर्नु पर्ने भएको छ । यस्ता प्रकृतिका अपराधहरुको पहिचान, निवारण, अनुसन्धान तहकिकात, अभियोजन, मुद्दाको कारवाही, फैसला कार्यान्वयन र भविष्यमा यस्ता अपराधहरुको नियन्त्रण, निवारणका लागि विशेष रणनीति तथा पहलकदमी अपनाउनु पर्ने भएको छ ।

त्यसैले हाल बिश्वमा जघन्य र यस्तै विषयहरु अन्तरनिहित भएका अपराधहरुलाई सङ्गठित अपराधको नाम दिई नियन्त्रणका लागि ऐक्यवद्धता कायम हुन थालेको छ । विशेष गरी सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार, मानव बेचबिखन, लागू औषध, हातहतियार, साइबर अपराध, बैंकिङ्ग कसूर, मुद्रा अपचलन, नक्कली मुद्राको कारोबार, आतंकबाद लगायतका गंभीर, नवीनतम् अपराध सङ्गठित रुपमा गर्ने गरिएको पाइन्छ । यस प्रयोजनका लागि तत्काल कुनै कसूर गर्न बनेको समूहलाई यस कोटीको अपराधमा नराख्ने अवधारणाको विकास भएको छ । सङ्गठित समूहद्धारा सङ्गठित रुपमा गरिने यस्ता अपराधहरुको निवारणका लागि अन्तर्राष्ट्रिय रुपमै प्रयासहरु जारी छ । अपराधहरुको प्रकृति र विषयहरु पहिचान गरिएका छन् । अपराधको निवारण, अनुसन्धान तहकिकात, अभियोजन, मुद्दाको कारवाही, फैसला कार्यान्वयन र भविष्यमा यस्ता अपराधहरुको नियन्त्रण, निवारणका लागि विशेष रणनीति तथा पहलकदमी पनि सङ्गठित रुपमा गर्ने अन्तर्राष्ट्रिय प्रयासहरु गरिदै आएको छ ।

## ३.२ परिभाषा

सङ्गठित अपराधलाई परिभाषा गर्न कठिन छ । कुनै अपराधमा संलग्न प्रतिवादीको संख्याका आधारमा मात्र अमुक अपराध सङ्गठित हो भनी भन्न सकिदैन । कुनै अपराध सङ्गठित हो होइन भनी नामाकरण गर्न त्यसका अवयव तथा त्यसका उद्देश्य, शैली, प्रभाव तथा संलग्न व्यक्तिहरुको संरचना जस्ता विषयहरुलाई हेर्नुपर्ने विद्वानहरुको भनाई रहेको छ । सङ्गठित अपराध योजना, तयारी, संगठन संजाल, पर्याप्त स्रोत साधन सहित धेरै व्यक्तिहरु मिलेर श्रृंखलाबद्ध रुपमा गरिन्छ । यसको उद्देश्य मूलतः पैसा कमाउने अर्थात् आर्थिक लाभ लिने, प्रसिद्धि हासिल गर्ने, समाजलाई आतङ्कित पार्ने, सामूहिक बदला लिने आदि रहेका हुन्छन् । यस्ता अपराधीहरु सङ्गठित भइ सो आधारमा अपराध गर्ने गर्दछन् । सङ्गठित अपराध देशभित्र र

सीमाना पार गरी अन्य मुलुकमा पनि आफ्नो आपराधिक कार्य, संगठन र संजाल विस्तार गर्ने उद्देश्यबाट गरिन्छ ।

विधिशास्त्री Donald Casey ले सङ्गठित अपराधलाई यसरी परिभाषित गरेका छनः "An organized crime is a crime committed by a person occupying in an established division of labour, a position designed for the commission of crimes providing that in such division of labor at least one position is for corrupter, one position for corruptee and one for an enforcer."[३] यस परिभाषाले अपराध घटाउन बनेको समूहको संगठनात्मक पक्षलाई जोड दिएको छ । संगठनमा श्रमको विभाजन गरी आपराधिक कार्य संचालन गरिन्छ । यसले कम्तीमा पनि तीन जनाको संख्या रहने देखाउँछ ।

अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २००० ले सङ्गठित अपराधको परिभाषा नगरी सङ्गठित आपराधिक समूहको परिभाषा गरेको छ । यसका अनुसार तीन वा तीन भन्दा बढी व्यक्तिहरुको संरचनागत समूह रहेको, आर्थिक वा अन्य कुनै लाभका लागि एक वा एक भन्दा बढी गम्भिर प्रकृतिका अपराधमा संलग्न रहेको आपराधिक समूह सङ्गठित आपराधिक समूह हो (A structural group of three or more persons, existing for a period of time and acting in concert with the aim of committing one or more serious crimes in order to obtain a financial or other material benefit.)[४] भनी परिभाषित गरेको छ । यस महासन्धि अनुसार गम्भीर प्रकृतिको अपराधमा

---

[३] डा. आनन्दमोहन भट्टराई, अन्तरदेशीय संगठित अपराध : प्रभावकारी प्रतिरोधात्मक उपायहरु, *सङ्गठित अपराध : एक परिचय स्रोत सामग्री,* प्रकाशक राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६९, पृष्ठ ८

[४] UN Convention against Transnational Organized crime, 2000 article 2 (a)

कम्तीमा चार वर्ष वा सो भन्दा बढी कैद सजाय हुने अपराध पर्दछ ।[५] यस महासन्धिले देहायको चरित्र भएको अपराधलाई सङ्गठित अपराध मानेको छः

- सङ्गठित समूह
- तीन वा बढी व्यक्तिहरुको संलग्नता
- सङ्गठित समूहको निश्चित समयसम्मको अस्तित्व
- निहित उद्देश्यसँग सम्बन्धित
- कम्तीमा एउटा आपराधिक कार्य संपन्न भएको हुनुपर्ने

अमेरिकाको Organized Crime Control Act, 1970 ले सङ्गठित अपराधलाई Unlawful activities of a highly organized, disciplined association or by members of criminal syndicates operative throughout the United States भनी परिभाषा गरेको छ ।[६] सङ्गठनको संरचनात्मक स्वरुप अपराधको उद्देश्य र प्रकृति तथा हासिल गर्न खोजेको लाभका आधारमा सङ्गठित अपराधलाई परिभाषित गर्न सकिन्छ ।

सन् १९७० मा अमेरिकी न्याय विभागले सङ्गठित अपराधलाई "All illegal activities engaged in by members of criminal syndicates operative throughout the US and all illegal activities engaged in by known associates and confederates of such members." भनी परिभाषा गरेको थियो ।

यसैगरी अमेरिकाकै अनुसन्धान निकाय FBI ले पनि सङ्गठित अपराधलाई “a continuing criminal conspiracy, having an organized structure, fed by fear and corruption and motivated by

[५] उही । UN Convention against Transnational Organized crime, 2000 article 2 (a)

[६] US Organized Crime Control Act,1970

greed"[7] भनी परिभाषा गरेको छ

इन्टरपोल (INTERPOL) ले  सन १९९८ मा गरेको एउटा परिभाषा अनुसार सङ्गठित अपराध भन्नाले राष्ट्रिय सीमानाको वास्ता नगरी आर्थिक लाभ प्राप्त गर्ने उद्देश्यले निरन्तर रुपमा गैरकानुनी कार्यमा संलग्न रहने कुनै सङ्गठन वा व्यक्तिहरुको समूह बुझिन्छ (Any enterprises or group of persons engaged in a continuing illegal activities which has as is primary purpose the generation of profits irrespective of national boundaries)[8]

सङ्गठित अपराध निवारण ऐन, २०७० ले तीन जना वा सोभन्दा बढी मिलेर गरेको देहायका कसूरलाई सङ्गठित अपराध मानेको छ :

- प्रचलित कानुन बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर,
- प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी मानिने कसूर,
- आपराधिक समूहको स्थापना,
- न्यायिक कारवाहीमा अवरोध,
- विध्वंशात्मक कार्य,
- आपराधिक लाभ लिने कार्य ।

---

७ Dilip Das, "Organized Crime : A World Perspective" ACJS Today, Vol. XVII, Issue 4 Ja/Feb 1999, pp 1, 3-7, recited in Wayne w. Bennett and Karen M. Hess, Criminal Investigation (Sixth edition), Wadsworth Publication, p. 449.

८ केदार पौडेल, सङ्गठित अपराध सम्वन्धी जानकारी, *सङ्गठित अपराध : एक परिचय स्रोत सामग्री,* प्रकाशक राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६९, पृष्ठ २

आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानीजानी गरिने गम्भीर अपराध सङ्गठित अपराध हो ।[९] यस परिभाषाले आपराधिक समूह र गम्भीर अपराधको परिभाषा खोजेको छ । ऐनको दफा २(घ) ले प्रत्यक्ष वा परोक्ष रुपमा सङ्गठित अपराध गर्ने उद्देश्यले नेपालभित्र वा नेपाल बाहिर रहे भएको सङ्गठित वा असङ्गठित तीन वा तीन भन्दा बढी व्यक्तिहरुको समूहलाई आपराधिक समूह मानेको छ । यसैगरी प्रचलित कानुन बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर, आपराधिक समूहको स्थापना, सङ्गठित अपराधको न्यायिक कारबाहीमा अवरोध, विध्वंसात्मक कार्य, आपराधिक लाभ (एक्सटर्सन) लिने कार्य र प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण मानिने र आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरलाई गम्भीर अपराध मानेको छ ।

नेपालमा लागू औषध, हातहतियार, जुवा, मानव बेचबिखन, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार, अपहरण, कालोबजारी, मुद्रा अपचलन, आतंकवाद, बैङ्क घोटाला, विष्फोटन जस्ता सङ्गठित अपराध नियन्त्रणका लागि विभिन्न कानुनी व्यवस्था गरिंदै आए पनि यस्ता अपराधहरुलाई सङ्गठित अपराधको रुपमा नियन्त्रण गर्ने प्रयास भने सङ्गठित अपराध निवारण ऐन, २०७० ले गरेको छ । यो अपराध आफैमा स्वतन्त्र अपराध नभई प्रचलित कानुन विपरीतको तीन वर्ष भन्दा बढी कैद सजाय हुने गम्भीर अपराध, आपराधिक समूहको संलग्नतामा वा आपराधिक समूहको लाभको लागि तीन जना वा सो भन्दा बढी कसूरदार संलग्न भएको अपराध घटित भएकोमा मात्र लागू हुने देखिन्छ । यसैगरी आपराधिक समूहको स्थापना गर्ने, न्यायिक कारबाहीमा अवरोध गर्ने, विध्वंसात्मक कार्य गर्ने, आपराधिक लाभ ( एक्सटर्सन) लिने, प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण

[९]संगठित अपराध ऐन निवारण ऐन, २०७० दफा ३(२)

मानिने र आतङ्ककारी कृयाकलापमा लगानी सम्बन्धी कसूर पनि सङ्गठित अपराधको रुपमा गरिने कसूरको रुपमा मानिएको छ ।

सङ्गठित अपराध वर्तमान विश्वको लागि एक प्रमुख चुनौतीको रुपमा रहेको छ र हरेक राज्यको लागि सङ्गठित अपराध समस्याको रुपमा रहेकोले यसलाई नियन्त्रणका लागि बिभिन्न प्रयासहरु हुँदै आएको परिप्रेक्ष्यमा नेपाल पनि यस समस्याबाट अछुतो रहेको छैन । केही दशक यता यस अपराधले जरा गाड्दै आएको परिवेशमा २०६९ सालमा यस अपराध नियन्त्रणका लागि अध्यादेश जारी गरी २०७० सालमा विशेष ऐनको रुपमा सङ्गठित अपराध निवारण ऐन, २०७० पनि जारी गरिएको छ । यसका साथै यस ऐनसँग सान्दर्भिकता राख्ने सपुर्दगी ऐन, २०७० पारस्परिक कानुनी सहायता सम्बन्धी ऐन, २०७० जारी भएका छन् भने सम्पत्ति शुद्धीकरण ऐन, २०६४ यस अघीनै जारी भैसकेको छ ।

तर राज्यहरु बीचको एकापसी सहायताका लागि सन्धिहरु हुन नसकेको यथार्थता हाम्रो सामु छ । यसैगरी यसतर्फको जनचेतना अभिवृद्धि, अनुसन्धान र अभियोजनको स्तरीकरण पनि हुन सकेको छैन । राज्यका निकायहरु बीच समन्वय र सहकार्यमा कमी देखिएको छ । त्यसैले यी तथ्यलाई मनन गरी उल्लेखित समस्याको समाधान गर्नेतर्फ सबैको ध्यान जानु जरुरी देखिएको छ । तसर्थ, सङ्गठित अपराधको प्रवृत्ति, अनुसन्धान, अभियोजन र न्यायिक निर्णय तथा विद्यमान कानुनको प्रभाव तथा अभ्यास अवस्था समेतका विषयमा अध्ययन गरी सुधारका लागि यो प्रतिवेदन तयार गरिएको हो ।

## ३.३ सङ्गठित अपराधका विशेषता

सङ्गठित अपराध कुनै छुट्टै आपराधिक कार्य नभई विद्यमान अपराधहरुको श्रृंखलामा परम्परागत वा सामान्य अपराध भन्दा छुट्टै ढङ्गले गरिने आपराधिक कार्य हो । सङ्गठित अपराधलाई आपराधिक उद्देश्य, अपराधको


प्रकृति, यसको विस्तारित क्षेत्र, संजाल, आपराधिक प्रवृत्ति, संख्यात्मक आधार, संरक्षक तथा सहयोगी समूह लगायतका पक्षबाट अन्य अपराधभन्दा पृथक गर्ने गरिन्छ । आपराधिक समूहको निरन्तरता, छुट्टै संरचना, सदस्यता, आपराधिक कृयाकलाप, दंगा झैझगडा, शक्ति तथा आर्थिक लाभको उद्देश्य, नोकरशाही वा राजनीतिक व्यक्तित्वबाट संरक्षण, राज्यको कानुनी दायराको ओझेलमा रहनु यसका प्रमुख विशेषता रहेको पाइन्छ । मुलभूत रुपमा भ्रष्ट उच्च सरकारी पदाधिकारी वा राजनैतिक नेतृत्व वा अन्य उच्च व्यापारिक घराना पर्दा पछाडि यसका संरक्षक रही यस्तो सङ्गठित समूहले संरक्षण प्राप्त गरिरहेको हुन्छ र राज्यको कानुनी दायराबाट बच्न सदैव भ्रष्टाचारी व्यक्तिहरुसँग गरेको सम्पर्क, संजाल र संरक्षकत्व प्राप्त गर्न उनीहरुले प्रयत्न गरिरहेका हुन्छन । सङ्गठित अपराधको प्रकृति हेरेर सङ्गठित अपराधमा निम्न विशेषताहरु पाइने गरेको छ:

- एउटा औपचारिक संगठन जस्तै सङ्गठित अपराध सम्बन्धी संस्थाहरुमा निरन्तरता रहन्छ ।
- यसको पनि आफ्नै तहगत संगठनात्मक संरचना र तह श्रेणीको व्यवस्था हुन्छ ।
- यसको सदस्यता गोप्य र सीमित हुन्छ । कठिन परीक्षण पछि सदस्यता दिइन्छ र जीवन उप्रान्त मात्र अवकाश लिने गुन्जायस रहन्छ ।
- आर्थिक वा अन्य भौतिक उपलब्धि वा मुनाफा प्राप्त गर्ने आपराधिक क्रियाकलापका रुपमा रहेको हुन्छ ।
- यस अपराधमा हिंसा, दंगा, धाक, धम्की, आक्रमण अभिन्न अंगका रुपमा रहेको हुन्छ ।
- भ्रष्टाचार वा अनैतिकतावाट शक्ति हासिल गर्ने र नाफा कमाउने विशेषता रहन्छ ।
- भ्रष्ट सरकारी अधिकारी वा पदीय तथा अन्य हैसियतको आधारमा संरक्षकत्व प्राप्त गर्दछ ।
- जहिले पनि भ्रष्ट अधिकारीहरुसँग सम्पर्क बढाउने, सन्जाल बनाउने र उनीहरुको संरक्षकत्व हासिल गर्ने गर्दछ ।

- आफनो उद्देश्य प्राप्त गर्न दक्ष व्यक्ति, अपहरणकर्ता, गोली हान्न निपुण व्यक्ति जस्ता लगायतका विशेषज्ञको सेवा प्राप्त गर्दछन ।
- अपराधिहरुको अन्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्गठनहरुसँग समन्वय, सम्वन्ध र सञ्जाल फैलिएको हुन्छ ।
- सार्वजनिक पद धारण गरेका व्यक्ति, राजनीतिक नेता, समाजसेवी मार्फत सहयोग र संरक्षण प्राप्त गर्दछन ।

## ३.४ संगठनात्मक संरचना र आपराधिक कार्यहरु

सङ्गठित अपराधका आपराधिक समुहहरु अत्यन्तै शक्तिशाली, सफल र राज्यको कानुनी नियन्त्रणको दायराबाट बच्न सफल हुनुमा यस्ता समुहहरुको सङ्गठन बलियो हुनु रहेको छ । अदृश्य रुपमा संगठनात्मक स्वरुप कायम गरेर आफ्नो उद्देश्य हासिल गर्न सक्नु यिनको प्रमुख सफलता रही आएको पाइन्छ । सन् १९८६ मा अमेरिकाको राष्ट्रपतीय आयोग (Presidential Commission) ले प्रस्तुत गरेको प्रतिवेदनमा सङ्गठित अपराधीहरुको निम्न संगठनात्मक स्वरुप रहेको देखाइएको थियो । हालसम्म आइपुग्दा समेत यो संगठनात्मक स्वरुप धेरै हदसम्म मिल्दोजुल्दो र महत्वपूर्ण रहेको पाइन्छ ।[१०]




[१०] Hierachical Structure of a Typical Organized Crime Family, Adopted from President's Commission on Organized Crime, 1986, P. 469

एक सङ्गठित अपराधका संरचनाका स्वरुप बारे राष्ट्रपतीय आयोगले पेश गरेको प्रतिवेदनमा सङ्गठित अपराधका सङ्गठनमा एक सङ्गठन प्रमुख हुन्छन । निजलाई सल्लाह दिने व्यक्ति सल्लाहकार हुन्छ भने संगठन प्रमुखको मातहतमा रहेर काम गर्ने गरी समूह विभाजन गरिएको हुन्छ । सो समूहको नाइके (सेनानी) हुन्छ । नाइकेले लडाकुहरुलाई परिचालित गर्ने गर्दछ भने तल्लो आधारभूत तहमा सङ्गठित अपराधलाई सहयोग पुऱ्याउन अन्य सहयोगी व्यक्तिहरु आबद्ध रहेका हुन्छन् ।

राज्यको कानुन कार्यान्वयन संयन्त्रको पहुँच, संरचना र कार्य अवस्थालाई मध्यनजर राखेर यस्ता गिरोहले सङ्गठित अपराधबाट प्रायः व्यापारिक तथा व्यावसायिक क्षेत्र लुटपाट, चोरी, अपहरण, धम्की, हत्या, विस्फोटन, मालबाहक कार्गो ट्रक अपहरण गर्ने, सामान लुट्ने, बैंकको ऋण तथा लगानीको दुरुपयोग गरी टाट उल्टाउने जस्ता धोकाधडी, बैक घोटाला, बिमा वा शेयर, धितोपत्रको भित्री कारोवार (Insider trading), डकैति, कम्प्यूटर हाकिंग, क्रेडिट कार्ड वा बैक कार्ड सम्बन्धी अपराध, सार्वजनिक निर्माणमा हुने टेन्डर प्रक्रियामा अवरोध, कालो बजारीमा नियन्त्रण, एकाधिकार, नक्कली मुद्रा, नक्कली रक्सी वा अन्य बढी उपभोग गर्ने सामान प्रचलनमा ल्याउने, आप्रवासी कामदारहरुको अवैध व्यापार, जुवा, बेश्यावृत्ति, मानव बेचविखन तथा ओसारपसार, हातहतियार उत्पादन, ओसारपसार, लागू औषध कारोबार, अपहरण, हत्या, सम्पत्ति शुद्धीकरण, भ्रष्टाचार, मुद्राको अपचलन, नक्कली मुद्राको चलन, कर नतिर्ने, चुरोट, रक्सीको उत्पादन, आतंकवाद आदिमा संलग्न रहने गर्दछन् । यस्तो सङ्गठित अपराधका संरचनाको स्वरुप तथा प्रवृत्ति बारेमा राज्यका निकायहरु खासगरी अपराध अनुसन्धानकर्ता प्रहरी, अभियोजनकर्ता सरकारी वकील र न्यायकर्मीहरु सुसूचित रहनैपर्ने हुन्छ । अन्यथा यस्ता जघन्य मुद्दालाई हेर्ने दृष्टिकोण पनि अन्य सामान्य मुद्दा सरह नै हुन गई नियन्त्रण कार्य प्रभावकारी हुन सक्दैन ।

## ३.५ सङ्गठित अपराध र असङ्गठित अपराधमा भिन्नता

कुनै कार्य कसूर कायम गर्ने र सजाय गर्ने कार्य राज्यमा निहित रहेको हुन्छ । समाज र मानिसलाई हानि पुग्ने गतिविधि, क्रियाकलाप तथा सामाजिक हित विपरितका कार्यलाई राज्यले कानुन बनाएर रोक लगाउँदछ र त्यस्ता कार्य गरेमा कानुन बमोजिम सजायको भागिदार समेत बन्नु पर्दछ । सङ्गठित अपराध आधुनिक समयमा विश्वव्यापी चुनौतीको रुपमा देखा परेको छ । गंभीर प्रकृतिका अपराध सङ्गठित रुपमा गरिने हुँदा यसको दायरा र प्रभाव अन्य अपराधमा भन्दा भिन्न हुन्छ । सङ्गठित अपराध र असङ्गठित अपराध बीचको भिन्नतालाई यसरी हेर्न सकिन्छ ।

| सङ्गठित अपराध | असङ्गठित अपराध |
|---|---|
| सङ्गठित अपराध हुन सामान्यतया: तीन जना वा सो भन्दा बढी व्यक्तिहरुको सङ्गठित समूहले अपराध गरेको हुनु पर्दछ | एक जना वा बढी व्यक्तिले फौजदारी कानुनले रोक लगाएको कार्य गरेमा अन्य अपराधको वारदात घटित हुन्छ । |
| आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर सङ्गठित अपराध गरिन्छ । | व्यक्तिगत रिसइवी, आवेश, द्वेष, लाभका लागि अन्य अपराध गरिन्छ । |
| श्रृंखलाबद्ध रुपमा अपराध गरेको हुन्छ । | एउटा अपराध गरेपछि निरन्तरता नहुन सक्छ । |
| सङ्गठित अपराध संगठनको तर्फबाट संगठनको हित र उद्देश्य प्राप्तिका लागि गरिन्छ । त्यसमा व्यक्तिगत कारणले कुनै प्रभाव पार्दैन । | असङ्गठित आपराधिक समूह वा व्यक्तिको लाभ, हित संरक्षण गर्न, इबी साध्न र स्वार्थ प्राप्तिका लागि गरिन्छ । |
| अपराध गर्नुको उद्देश्य संगठनलाई आर्थिक लाभ वा संगठनको प्रचार | अपराध गर्नुको उद्देश्य आर्थिक लाभ भन्दा बदला लिनुसँग |

| सङ्गठित अपराध | असङ्गठित अपराध |
|---|---|
| गर्नु हो र समाजमा भय, डर, त्रास फैलाउनु हुन्छ । | सम्बन्धित हुन्छ । |
| सङ्गठित अपराध विस्तृत योजना बनाई निर्देशित र नियन्त्रित रुपमा, व्यावसायिक व्यक्तिको संलग्नतामा भिन्न भिन्न कार्य जिम्मेवारी बाँडफाँड गरी गरिन्छ । | असङ्गठित अपराधमा सामान्यतया: व्यावसायिकर पेशेवर अपराधीको संलग्नता र कार्य जिम्मेवारी प्रष्ट हुँदैन । |
| सङ्गठित अपराधलाई अन्तरदेशीय, व्यापक सञ्जालयुक्त र सीमा विहीन अपराधको रुपमा लिइन्छ । | असङ्गठित अपराधहरु अन्तरदेशीय, व्यापक सञ्जालयुक्त र सीमा विहीन हुँदैनन् । |
| यो आफैमा सारभूत अपराध नभई अपराध गर्ने शैली, तरिका, अपराधकर्ताको संलग्नता, अपराध पश्चात् त्यस अपराधको प्रभावको कारण सङ्गठित अपराध हुन जान्छ । | असङ्गठित अपराध आफैमा स्वतन्त्र अपराध हो । |
| सङ्गठित अपराधमा सजाय हुन सारभूत अपराध गरेको पुष्टि हुन अनिवार्य हुन्छ । | असङ्गठित अपराधमा सजाय गर्न सोही कसूर बाहेक अन्य कसूर कायम गर्नु पर्दैन । |

# परिच्छेद चार

## सङ्गठित अपराध र अन्तर्राष्ट्रिय अभ्यासहरु

सङ्गठित अपराधको संरचना तथा संजाल भौगोलिक क्षेत्रभित्र बांधिने विषय होइन । जहाँ जहाँ आपराधिक कार्यको लागि उर्वरता रहन्छ ती क्षेत्रमा आपराधिक समुहहरुको निशाना हुन्छ । प्रयोजन पूरा भएपछि वा त्यस क्षेत्रको कानुनी व्यवस्था र कार्यान्वयनको सक्रियताबाट प्रतिकूल असर परेमा उनीहरु अन्य क्षेत्रमा गएर वा विश्वको कुनै पनि भूगोलमा गएर त्यस्तो अपराधको संचालन गर्न सक्षम हुन्छन । सङ्गठित अपराध शब्दावलीको प्रयोग अमेरिकामा सन् १९६० देखि ल्याइएको पाइन्छ । सङ्गठित रुपमा अर्थात योजना, तयारी, सङ्गठन संजाल, पर्याप्त स्रोत साधन सहित धेरै व्यक्तिहरु मिलेर गरिने अपराधलाई सङ्गठित अपराध हो भन्ने बुझिन्छ । यस्तो सङ्गठित अपराध अन्तरदेशीय (Transnational) एवं सङ्गठित र योजनाबद्ध रुपमा हुने गर्दछ । कुनै स्थान वा राष्ट्रमा मात्र सीमित नरही अवसर प्राप्त हुनासाथ सीमा पार गरी अन्य मुलुकमा विस्तार हुने भएकाले यसलाई अन्तरदेशीय र सीमाविहीन (Cross Boarder) प्रकृतिको अपराध पनि भनिन्छ ।

यस्ता अपराधहरु विदेशी भूमीबाट घटाउने हुँदा नेपाल पनि प्रभावित भएको देखिन्छ । पुँजी, प्रविधि, मानव स्रोत आदिको स्वतन्त्र र सीमाविहीन प्रवाहले गर्दा यस्ता अपराधको जन्म र सिर्जना कुनै मुलुकमा भए पनि यसले अन्य राष्ट्रलाई प्रभाव र असर पारेको हुन्छ । त्यसैले यस अपराधको अन्तरदेशीय प्रभाव रहेको हुन्छ । यस अपराध विश्वकै लागि चुनौती बनेको छ र विश्वकै सबै भन्दा बढी धन आर्जन गर्ने अपराधको रुपमा दैनन्दिन फस्टाउँदो छ । लागू औषध एवं अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यालयको वार्षिक प्रतिवेदन २०१२ अनुसार खास गरी लागू औषध,

नक्कली नोट, गैरकानुनी हातहतियारको व्यापार, मानव तस्करी जस्ता सङ्गठित अपराधमा करिब ८७० विलियन अपराधले ओगेटेको छ ।[११]

## ४.१ अन्तर्राष्ट्रिय कानुनी संरचना

### ४.१.१ अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २००० र उप आलेखहरु :

यो महांसन्धि संयुक्त राष्ट्रसंघको ५५ औ महासभाले १५ नोभेम्वर २००० मा अंगिकृत गरेको थियो । इटालीको पालेर्मोमा १२-१५ डिसेम्वर २००० मा हस्ताक्षरका लागि खुला गरिएको थियो । यस महासन्धिको धारा ३८ अनुसार २९ सेप्टेम्वर २००३ देखि कार्यान्वयनमा आएको यो महासंन्धिमा १ जुन २०१६ सम्म १४७ राष्ट्रले हस्ताक्षर गरेका छन् भने १८८ राष्ट्र पक्ष बनेका छन ।

यो महासन्धि अन्तरदेशीय सङ्गठित अपराध विरुद्ध सामना गर्ने मुख्य अन्तर्राष्ट्रिय संयन्त्र हो । सङ्गठित अपराधले ल्याएका समस्याहरुलाई समना गर्न/जुझ्नका निमित अन्तर्राष्ट्रिय सहयोगलाई अभिवृद्धि गर्न यसले मुख्य भूमिका खेल्दछ । यो महासन्धिले अन्तरदेशिय सङ्गठित अपराधका अतिरिक्त घरेलु फौजदारी अपराधहरुको सृजना (सङ्गठित आपराधिक समूह, मुद्रा निर्मलिकरण, भ्रष्टाचार र न्यायको अवरोध) सुपूर्दगी, पारस्पारिक कानुनी सहायता र कानुन कार्यान्वयनमा सहयोगको नविन र विस्तृत ढाँचाको अवलम्बन, राष्ट्रिय निकायहरुको आवश्यक क्षमता निर्माण अभ्युत्थान गर्नका लागि तालिम र प्राविधिक सहयोग अभिवृद्धि गर्ने विषयमा प्रतिवद्धता

[११] Turnover of Global Organized Crime: $870 Billion… a Year, http://www.globalresearch. ca/turnover-of-global-organized-crime-870-billion-a-year/31995, accessed on 9, July 2013

व्यक्त गरेका छन् । अन्तरदेशीय अपराधको निवारण र दमनको सम्बन्धमा यस महासंन्धिले गरेका मुख्य व्यवस्थाहरु निम्न रहेका छन् ।

### १) परिभाषा

यस महासंन्धिको धारा २ मा Organised Criminal Group, Serious Crime, Structured Group, property, proceeds of crime, Freezing or seizure, Confiscaiton, Predicate offence, Controlled delivery जस्ता शब्दहरुको परिभाषा गरिएको छ ।

यस महासन्धिले सङ्गठित अपराधको परिभाषा नगरी सङ्गठित आपराधिक समूह, संरचित समूह र गंभिर अपराधको परिभाषा गरेको छ । महासन्धिले गरेको परिभाषा अनुसार तीन वा तीन भन्दा वढी व्यक्तिहरुको संरचनागत समूह रहेको, आर्थिक वा अन्य कुनै लाभका लागि एक वा एक भन्दा बढी गम्भीर प्रकृतिका अपराधमा संलग्न रहेको आपराधिक समूह सङ्गठित अपराध समूह हो (A structural group of three or more persons, existing for a period of time and acting in concert with the aim of committing one or more serious crimes in order to obtain a financial or other material benefit.)[१२] भनिएको छ । यस महासन्धिले सङ्गठित समूह (Structured group) लाई यसरी उल्लेख गरेको छ : "Structured group shall mean a group that is not randomly formed for the immediate commission of an offence and that does not need to have formally defined roles for its members, continuity of its membership or a developed structure" [१३] यस महासन्धिले कुन अपराध अन्तरदेशीय हुन्छ भन्ने अर्थ स्पष्ट गरेको छ ।

[१२] UN Convention against Transnational Organized crime, 2000 article 2 (a)

[१३] उही महासन्धिको धारा 2 (c)

जस्तै एक भन्दा बढि राज्यमा अपराध गरिएमा, एक राज्यमा अपराध गरे पनि उक्त अपराधको तयारी (Preparation), योजना (Planning), निर्देशन (Direcion) वा नियन्त्रण (Control) अर्को राज्यमा भएमा, एक राज्यमा अपराध गरिएको तर एक भन्दा बढि राज्यमा आपराधिक गतिविधिहरुमा संलग्न भएका सङ्गठित आपराधिक समूह संलग्न भएका, एक राज्यमा घटाइए पनि अर्को राज्यमा आधारभूत प्रभाव रहेका त्यस्ता अपराधहरु अन्तरदेशीयमा राखिएको छ ।

### २) महासन्धिले अवलम्बन गरेका अन्तर्राष्ट्रिय कानुनी सिद्धान्तहरुः

सार्वभौमसत्ताको संरक्षण गर्नका लागि राज्यहरुको सार्वभौम समानता र क्षेत्रीय अखण्डताका साथै अन्य राज्यको घरेलु मामिलामा अहस्तक्षेपको सिद्धान्त अवलम्बन गर्नु पर्ने व्यवस्था यस महासन्धिले गरेको छ ।

### ३) महासन्धिले अपराध घोषित गरेका आपराधिक कार्यहरु :

यस महासन्धिले निम्न अपराधहरुलाई अपराध घोषित गरेको छ ।

(क) सङ्गठित आपराधिक समूहमा सहभागिता

(ख) आपराधिक आर्जन

(ग) भ्रष्टाचार

(घ) न्यायको अवरोध

### ४) कानुनी व्यक्तिको दायित्वः

गंम्भिर अपराधमा संलग्न भएका सङ्गठित आपराधिक समूह र धारा ५, ६, ८ र २३ मा उल्लेखित अपराधमा कानुनी व्यक्तिको दायित्व फौजदारी,

देवानी र प्रशासकीय हुने उल्लेख गरेको छ । साथै अपराध गर्ने व्यक्तिको दायित्व प्राकृतिक व्यक्तिको फौजदारी दायित्वसँग पूर्वाग्रह रहित हुने, त्यस्ता दायित्वहरु प्रभावकारी, आनुपातिक र रोकावटपूर्ण, मौद्रिक दण्डका अतिरिक्त फौजदारी वा गैर फौजदारी दण्ड हुने व्यवस्था गरेको छ ।

### ५) अभियोजन, न्यायिक निर्णय र दण्डः

यस महासन्धिको धारा ११ मा अभियोजन, न्यायिक निर्णय र दण्ड सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ । प्रत्येक राज्य पक्षले महासन्धिको धारा ५, ६, ८, २३ बमोजिम अपराधको मात्रा (गंम्भिरता) को अपराधमा दण्ड निर्धारण गर्नु पर्ने व्यवस्था रहेको छ । यस महासन्धिमा उल्लेखित अपराधको अभियोजन गर्दा स्वविवेकीय अधिकारको प्रयोग कानुन कार्यान्वयन उपायहरुलाई अधिकतम प्रभावकारी बनाउने र त्यस्ता अपराधहरुको रोकथाम गर्ने तर्फ प्रयासरत हुनुपर्ने उल्लेख गरेको छ । घरेलु कानुन र प्रतिरक्षाको अधिकार बमोजिम आवश्यक र उपयुक्त उपायहरु लिन सक्ने समेतको व्यवस्था रहेको छ । यस्ता अपराधहरुमा कसूर ठहर भएका व्यक्तिहरुको पूर्व छुटकारा वा प्यारोलको सम्भावनालाई हेरी अदालत तथा अन्य सक्षम अधिकारीले यी अपराधको गंम्भिर प्रकृतिलाई समेत विचार गर्नु पर्ने देखिन्छ । यस महासन्धिले समेटेका अपराधहरुको उपयुक्ततालई हेरी घरेलु कानुनमा लामो हदम्याद सम्बन्धी कानुनी व्यवस्था र न्याय प्रशासनको कारवाहीबाट भागेका आरोपित अभियुक्तलाई लामो अवधिमा राख्ने उल्लेख गरेको छ ।

### ६) अन्तर्राष्ट्रिय सहयोग

यस महासन्धिले निम्न विषयमा राज्यहरु बीच अन्तर्राष्ट्रिय सहयोगको माध्यमवाट सङ्गठित अपराध नियन्त्रण गर्न सकिने अपेक्षा गरेको छ :

- अभियुक्त वा कसूरदारहरुको सपुर्दगी

- सजाय ठहर भएका व्यक्तिहरुको हस्तान्तरण
- पारस्परिक कानुनी सहायता
- फौजदारी कारवाहीको स्थानान्तरण
- कानुन कार्यान्वयन सम्बन्धी सहयोग
- संयुक्त अनुसन्धान तहकिकात तथा तहकिकात सम्बन्धी विशेष अनुसन्धानात्मक प्रविधि
- सम्पत्तिको स्वामीको पहिचान, अभिलेख, शंकास्पद कारोवारको जनाउ, सूचना संकलन
- प्राविधिक सहायता र सूचना आदान प्रदान

**यसका साथै निम्न विषयमा पारस्पारिक कानुनी सहायता उपलब्ध गराउने व्यवस्था रहेको छ ।**

- व्यक्तिबाट प्रमाण र निजको वयान लिने
- न्यायिक कागजातहरुसंग सम्बन्धित सेवा प्रवाह गर्ने,
- खोजी गर्ने, रोक्का गर्ने तथा कब्जा गर्ने सम्बन्धी कार्य गर्ने,
- कुनै वस्तु तथा साईटहरुको परिक्षण गर्ने,
- सूचना, प्रामाणिक तथ्यहरु, विज्ञ मुल्यांकनको कार्य उपलब्ध गराउने,
- सम्बन्धीत कागजात तथा अभिलेखको मूल वा प्रमाणित प्रति उपलब्ध गराउने,
- आपराधिक आर्जन, सम्पत्ति, उपकरण वा यस्तै अन्य प्रामाणिक उद्देश्यसँग सम्बन्धी चिजबस्तुको पहिचान गर्ने वा पत्ता लगाउने,
- अनुरोध गर्ने राज्य पक्षको घरेलु कानुनको विपरित नहुने अन्य कुनै सहयोगहरु ।

### ७) अन्य व्यवस्थाहरु

यस महासन्धिले अन्तरदेशीय सङ्गठित अपराध विरुद्ध सामना गर्न विविध व्यवस्थाहरु गरेको छ । यसका मुख्य व्यस्थाहरुमा जफत तथा रोक्का,

जफतको लागि अन्तर्राष्ट्रिय सहयोग, जफत गरिएका आपराधिक आर्जन वा सम्पतिलाई निसर्ग गर्ने, क्षेत्राधिकार, सपुर्दगी, संयुक्त अनुसन्धान, विशेष अनुसन्धानमूलक प्रविधि, फौजदारी कार्यविधिको हस्तान्तरण, फौजदारी अभिलेखको स्थापना, साक्षीको संरक्षण, पीडितको सहयोग र संरक्षण, कानुन कार्यान्वयन अधिकारीहरुसँगको सहयोगलाई अभिविद्धि गर्ने उपायहरु, कानुन कार्यान्वयनमा सहयोग, सङ्गठित अपराधको प्रकृतिसँग सम्बन्धित सूचनाको संकलन, विनिमय, विश्लेषण, तालिम र प्राविधिक सहयोग, महासन्धिको कार्यान्वयन, विवादको समाधान जस्ता विशिष्ट विषयहरु रहेका छन ।

यस महासन्धिका निम्न बमोजिम तीन वटा उपआलेखहरु रहेका छन् । यी उपआलेखहरुले अन्तरदेशीय सङ्गठित अपराधका विशिष्ट क्षेत्रलाई समेटेका छन् ।

- Protocol to Prevent, Suppres and Punish Trafficking in Persons, Especislly Women and Children.
- Protocol agnist the Smuggling of Migrants by Land, Sea and Air.
- Protocol agnist the llicit Manufacturing of and Trafficking in Firearms, Their Parts and Components and Ammunition.

### ४.१.२ BIMSTEC Convention on cooperation in combating International Terrorism, Transnational Organised Crime and Illicit Drug Trafficking

Bay of Bangal Initiative for Multi-sectoral Techinical and economic coorperation (BIMSTEC) मा वंगलादेश, भुटान, भारत, म्यानमार, नेपाल, श्रीलंका, थाईल्याण्ड सदस्य राष्ट्रहरु रहेका छन । यी राष्ट्रहरुले ११ डिसेम्बर २००९ मा यो महासन्धि निर्माण गरी पक्ष राष्ट्र

भएका थिए[१४] । अन्तर्राष्ट्रिय आतंकवाद, लागू औषध तथा मनोद्विपक पदार्थ र तिनीहरुको पूर्ववर्ती रसायनहरुको गैरकानुनी व्यापारको अतिरिक्त अन्तरदेशीय सङ्गठित अपराध विरुद्ध सामना गर्ने सम्बन्धमा यसले व्यवस्था गरेको छ । धारा ४ ले अन्तरदेशीय सङ्गठित अपराध विरुद्ध संयुक्त रुपमा लडने कुरामा यी पक्ष राष्ट्रहरु सहमत भएका छन् । यस महासन्धिले सहयोगका क्षेत्रहरु निम्नानुसार उल्लेख गरेको छ ।

- अन्तरदेशीय सङ्गठित अपराधमा संलग्न व्यक्ति, आपराधिक समूहबारेमा सूचना दिने तथा आदान प्रदान गर्ने, यस किसिमका अपराधको निवारण र दमन गर्नका लागि आवश्यक पर्ने उपलब्ध कार्यप्रणाली (Modus Operendi) समेत आदान प्रदान गर्ने ।
- सदस्य राष्ट्र वा स्वयं वा नागरिकसँग रहेका वित्तीय आतंकवादका कुनै स्रोतका सूचनाहरु दिने वा आदान प्रदान गर्ने,
- अन्तर्राष्ट्रिय आतंकवाद विरुद्ध सामना गर्ने उपागमहरुमा समन्वय गर्ने,
- अपहरण, हातहतियार, अस्त्रशस्त्र, विष्फोटक पदार्थ र अन्य जोखिमयुक्त सामग्रीहरु, मुद्राहरुको खोटाचलन, जालसाजी लगायत यात्रा तथा अध्यागमन सम्बन्धी कागजातहरुको कपटपूर्ण प्रयोगमा संलग्न सङ्गठित आपराधिक समूहको बारेमा सहयोग गर्ने र अनुभव बाडने,
- हातहतियार, विष्फोटक र अन्य निषेधित पदार्थहरुको सङ्गठित आपराधिक समूहको पहुचलाई रोक्ने सम्बन्धी सहयोगलाई अगाडी बढाउने,

---

[१४] www.mea.gov.in/bilateral documents.htm, visite on 10 th Aug, 2017

- व्यावसायिक विशेषज्ञको आदान प्रदान, अन्तरदेशीय सङ्गठित अपराध विरुद्ध सामना गर्न सम्बद्ध सुरक्षा र कानुन कार्यान्वयन अधिकारीको तालिम तथा यस क्षेत्रमा सेमिनार र सम्मेलनहरुको आयोजनाद्वारा राज्य पक्षका कानुन कार्यान्वयन अधिकारीहरु विच सहयोगलाई अधिकतम बनाउने,
- राज्य पक्षहरुवीच आपसमा सहमत भएका कुनै अन्य विषयहरुमा सहयोग गर्ने ।

यसका अतिरिक्त कानुन कार्यान्वयन एजेन्सीहरु विच सहयोग, नोडल अधिकारीको सूचना/जानकारी, कार्यान्वयनको पुनरावलोकन, सूचनाको गोपनीयता राख्ने, सहयोगका अनुरोधको इन्कारी गर्ने, विवाद समाधान जस्ता विषयहरु पनि यस महासन्धीले समेटेको देखिन्छ । जसले गर्दा BIMSTEC क्षेत्रमा अन्तरदेशीय सङ्गठित अपराधको निवारण, दमन सम्बन्धमा दरिलो कार्य हुने देखिन्छ ।

### ४.१.३ भ्रष्टाचार बिरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३

भ्रष्टाचार बिरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३ ले पनि सङ्गठित अपराधको परिभाषा नगरी सङ्गठित आपराधिक समूहको परिभाषा गरेको छ । यसले भ्रष्टाचारलाई पनि सङ्गठित अपराधको एक महत्वपूर्ण मुद्दाको रुपमा लिएर छुट्टै व्यवस्था गरेको छ । यस महासन्धिले भ्रष्टाचार नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सहयोग आवश्यक पर्ने कुरामा राज्यहरुबीच सहमती भई यो महासन्धि आएको कुरालाई प्रस्तावनामा उल्लेख गरेको छ । यस महासन्धिले निम्न विषयमा राज्यहरु बीच अन्तर्राष्ट्रिय सहयोगको अपेक्षा गरेको छ :

- अभियुक्त वा कसूरदारहरुको सपुर्दगी
- सजाय ठहर भएका व्यक्तिहरुको हस्तान्तरण
- पारस्परिक कानुनी सहायता

- फौजदारी कारवाहीको स्थानान्तरण
- कानुन कार्यान्वयन सम्बन्धी सहयोग
- संयुक्त अनुसन्धान
- तहकिकात तथा तहकिकात सम्बन्धी विशेष अनुसन्धानात्मक प्रविधि
- सम्पत्तिको स्वामीको पहिचान, अभिलेख, शंकास्पद कारोवारको जनाउ, सूचना संकलन
- प्राविधिक सहायता र सूचना आदान प्रदान

### ४.१.४.Global Action Plan against Organized Transnational Crime, 1998

यस कार्ययोजनाले अपराधमुक्त समाजको परिकल्पना गरेको छ । यस कार्ययोजनाले समेटेका विषयहरुमा पक्ष राष्ट्रहरुले अन्तरदेशीय सहयोग र सूचनाको आदानप्रदानलाई बढाउनुपर्ने, क्षेत्रीय सञ्जालहरु बनाउनुपर्ने, राष्ट्रहरु बीच सपुर्दगी र पारस्परिक कानुनी सहायताका लागि सम्झौताहरु गरिनु पर्ने कुराहरु रहेका छन् ।

### ४.१.५. बाल अधिकार सम्बन्धी महासन्धि, १९८९

यस महासन्धिले विशेष गरी बाल बालिकाहरुलाई विदेशमा स्थानान्तरण र स्वदेशमा नफर्काउने अवस्थालाई निराकरण गर्ने सम्बन्धी व्यवस्था गरेको छ । पक्ष राष्ट्रहरुले यौनजन्य क्रियाकलापमा लगाउने, उभ्याउने, करकाप गर्ने, वेश्यावृत्ति, शोषण, अश्लील चित्रणको कार्यमा, सामाग्रीमा बालबालिकाको शोषणयुक्त प्रयोगमा रोक लगाउन, द्विपक्षीय र बहुपक्षीय सहयोग तथा उपायहरु अपनाउनुपर्नेमा जोड दिइएको छ । [१५]

[१५] कृष्णजीवी घिमिरे, संङ्गठित अपराध नियन्त्रण सम्बन्धी व्यवस्था र कार्यान्वयनमा देखिएका समस्याहरु, *सम्पत्ति* (२०७३), प्रकाशकः सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पृष्ठ ६ ।

### ४.१.६. जीउ मास्ने बेच्ने तथा अरुको वेश्यावृत्तिको शोषण र दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९

यस महासन्धिले प्रत्येक राज्यले मानव बेचबिखनलाई आफ्नो देशको विधायिकी कानुन वा अन्य माध्यमबाट अपराध घोषित गरी सजाय गर्ने र राज्यहरुबीचमा एकापसी सहयोग र समन्वय गर्ने कुरालाई जोड दिएको छ ।

### ४.१.७ अन्य अन्तर्राष्ट्रिय संयन्त्रहरु

यस्तैगरी लागू औषध विरुद्धको महासन्धि १९८८, वित्तीय आतंकबादलाई दमन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९९, महिला र बालबालिकाको बेचबिखन, रोकथाम र सामना सम्बन्धी सार्क महासन्धि, २००२, विशेषगरी महिला र बालबालिकाको ओसारपसारलाई निवारण, दमन र दण्ड सम्बन्धि २००० को आलेख, भूमि, समुद्र तथा हवाई माध्यमबाट हुने आप्रवासीहरुको ओसारपसार विरुद्धको आलेख, २००० ले पनि सपुर्दगी, पारस्परिक कानुनी सहायता, सपुर्दगी नहुने भएमा आफ्नै देशमा मुद्दा चलाउने, आफ्नो देशमा फिर्ता लगायतका विषयमा एकापसी सहयोग र समन्वय लगायतका प्रावधान बारेमा उल्लेख गरेका छन् ।

## ४.२ विभिन्न मुलुकहरुको अभ्यास

### ४.२.१. संयुक्त राज्य अमेरिका

संयुक्त राज्य अमेरिकामा The Kefauver Committee (1951) ले सङ्गठित अपराध बृहत् सञ्जाल हो र यो पैसा, हत्या र मांसपेशीमा आधारित हुन्छ भनि निश्कर्ष निकालेको छ । अमेरिकाको १९६७ को कार्य समूहको प्रतिवेदनले सङ्गठित अपराध एउटा समाज हो, जसले अमेरिकी सरकार र जनतालाई नियन्त्रणमा राख्न खोज्दछ भन्दै यसमा हजारौं

अपराधीहरुले जटिल र ठुलो Corporation जस्तो संरचनामा काम गरिरहेका हुन्छन् भनेको छ । सन् १९६८ मा अमेरिकी कंग्रेसले The Omnibus Crime Control and Safe Streets Act, 1968 जारी गऱ्यो । यसले सङ्गठित अपराधलाई गैरकानुनी क्रियाकलाप भनी परिभाषित गऱ्यो । यो ऐनको अनुसार सङ्गठित अपराध भनेको "The unlawful activities of the members of a highly organized, disciplined association engaged in supplying illegal goods and services including but not limited to gambling, prostitution, loan sharking, narcotics , labor racketeering and other unlawful activities of members of such organizations"[१६] भनि उल्लेख गरेको छ ।

अमेरिकाको Organized Crime Control Act,1970 ले सङ्गठित अपराधलाई यसप्रकार परिभाषा गरेको छ "Organized crime is as the unlawful activities of a highly organized, disciplined association or by members of criminal syndicates operative throughout the United States" [१७] त्यसैगरी सङ्गठित अपराधलाई परिभाषित गरी त्यसको निश्चित संयन्त्रहरुको निर्माण गरेको छ । यो ऐनका अनुसार सङ्गठित अपराध धेरै विलाशी, विविधतायुक्त र व्यापक ( sophisticated, diversified and widespread) क्रियाकलाप हो जसले वर्षेनी अमेरिकी अर्थतन्त्रको करोडौ डलर गैरकानुनी क्रियाकलाप र बल प्रयोग, करकाप, दवाव र भ्रष्टाचारद्वारा र अन्य माध्यमवाट नष्ट गरिन्छ ।

The Rocketeer Influenced and Corrupt Organized Act, 1970 ले अमेरिकामा सङ्गठित अपराधको अनुसन्धान र अभियोजनमा नयाँ कानुनी

---

[१६]https://en.wikipedia.org/wiki/Omnibus_Crime_Control_and_Safe_Streets_Act_of_1968

[१७]US Organized Crime Control Act,1970

पद्धतिको व्यवस्था गरेको छ । जसले व्यक्तिहरुलाई भन्दा आपराधिक सञ्जाल (syndicates) लाई जोड दिएको छ। त्यसैगरी The Witness Security Reform Act,1984 ले महान्यायाधिवक्तालाई सरकारी साक्षीको परिचय परिवर्तन गर्न, अर्को ठाउँमा स्थानान्तरण गर्न, स्वयम आत्मनिर्भर हुन नसक्ने हुने बेलासम्म आर्थिक सहयोग गर्न र शारीरिक सुरक्षाको लागि प्रत्याभुत गरेको छ। सङ्गठित अपराधको सवाललाई सम्बोधन गर्न विभिन्न राज्यहरुले आफ्नो ऐनहरु जारी गरेको पाईन्छ।

अमेरिकाले सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिलाई १३ डिसेम्बर २००० मा हस्ताक्षर गरी ३ नोभेम्बर २००५ मा पक्ष राष्ट्र बनेको पाइन्छ । अमेरिकाले आपसी कानुनी सहायतका लागि Department of Criminal Divisional लाई केन्द्रिय निकायको रुपमा तोकेको छ भने अन्तरदेशीय सङ्गठित अपराध रोकथाम गर्ने उपायहरु विकास गर्नका लागि Department of Justice अन्तर्गतको National Institute of Justice लाई तोकेको छ।

## ४.२.२. बेलायत

बेलायतका England/Wales मा सङ्गठित अपराधको कुनै प्रष्ट रुपमा कानुनी व्यवस्था गरेको पाइदैन । अंग्रेजी विधिशास्त्र अनुसार सङ्गठित अपराध एक गम्भीर, योजनाबद्ध, सहकार्यात्मक र लगातार गरिने अपराध हो। परम्परागत रुपमा England मा "crime committed by Gangs" भन्ने धारणा अभ्यासमा थियो । यसले षड्यन्त्रको अपराध सामूहिक र सङ्गठित व्यवहारले दुवैको आवश्यकता पूरा गर्दछ भन्ने मान्यता राख्दछ। यो अपराध दुई वा दुई भन्दा बढी व्यक्तिद्वारा गरिने आपराधिक क्रियाकलाप हो।

त्यहाँको The Criminal Law Act, 1977 को दफा १ मा "if a person agrees with any other person or persons that a course of

conduct shall be pursued which, if the agreement is carried out in accordance with their intentions either (a) will necessary amount to or involve the commission of any offence offences by one or more parties to the agreement, or (b) would do so but for the existence of the facts which render the commission of the offence or any of the offences impossible." भन्ने उल्लेख गरिएको छ । त्यसैगरी "gang violence" लाई आपराधिक क्रियाकलाप जसले सर्वसाधारणलाई हानि पुऱ्याउछ भनी The Public Order Act,1986 ले परिभाषित गरेको देखिन्छ । बेलायती अदालतले जब अपराधमा संगठनको प्रमाण देख्दछ त्यस वेला कडा दण्ड हुने व्यवस्था गरेको देखिन्छ । सन २०११ मा बेलायतमा सङ्गठित अपराधलाई नियन्त्रण गर्न Serious and organized crime Strategy अनुशरण गरिएको थियो । बेलायतले The UN Convention on Transnational organized crime, 2000 लाई १४ डिसेम्वर २००० मा हस्ताक्षर गरी ९ फेव्रुअरी २००७ मा पक्ष राष्ट्र बनेको थियो । बेलायत जब यस महासन्धिको पक्ष राष्ट्र भयो तब त्यहाँ सङ्गठित अपराधलाई अन्तरदेशीय अपराधको रुपमा हेर्ने अवधारणाको विकास भएको देखिन्छ ।

### ४.२.३. जर्मनी

सङ्गठित अपराधको सम्बन्धमा हेर्दा जर्मनी र अमेरिकाको समान परिभाषा देख्न सकिन्छ । सन् १९७३ मा The Federal Police of Germany ले सङ्गठित अपराधलाई परिभाषित गर्न आयोगको स्थापना गऱ्यो । उक्त आयोगले "Criminal acts committed by groups with is more than two hierarchical levels or by several groups in a division of labor with the aim of obtaining profit or influence in public life." भनी परिभाषित गरेको देखिन्छ । त्यहाँ सङ्गठित अपराध, माफिया, सामूहिक र आपराधिक समूह जस्ता शव्दहरुमा बहस नै चलेको थियो र

अन्तमा German Criminal Code ( 1993) को section 129 ले सङ्गठित अपराधलाई यसरी परिभाषित गऱ्यो:

(1) who founds an organization the aims or activities of which are directed at the commission of crime or who participates in such an organization as a member, recruits members or supporters for it or supports it, will be punished with imprisonment of more than five years ,

(2) Para 1 will not be applied if

- the organization is political party recognized by Federal Constitutional Court,
- If the commission of crime is of merely minor significance for the aims or activities,
- The attempt to found an organization described in Para.1 will be punished.

उल्लेखित व्यवस्था अनुसार सङ्गठित अपराधमा समूहको संलग्नता, दुई भन्दा बढी पदीय तह हुने, कार्यविभाजन हुने, लाभ प्राप्त गर्न वा सार्वजनिक जिवनमा असर पार्ने उद्देश्य यो अपराधमा रहने उल्लेख छ । Criminal Code ले पनि अपराध घटाउनमा समूह सहभागिता हुने, संगठनको सदस्य हुने र समर्थकहरु हुने यस अपराधको स्पष्ट चरित्र देखाएको पाइन्छ । तर राजनीतिक पार्टी, अपराधको प्रभाव कम रहने प्रकृतिका अपराध सङ्गठित अपराधको कोटीमा पर्ने देखिदैन् । यस किसिमका सङ्गठित अपराधमा पाँच वर्ष भन्दा बढी कैद सजाय हुने व्यवस्था रहेको पाइन्छ ।

जर्मनीले अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासंन्धिमा १२ डिसेम्बर २००० मा हस्ताक्षर गरी १४ जनवरी २००६ मा पक्ष राष्ट्र बनेको थियो । जर्मनीले पारस्परिक कानुनी सहायताका लागि Federal Ministry of Justice लाइ केन्द्रिय अधिकारी तोकेको छ भने यो अपराध रोकथाम गर्ने उपाय विकास गर्नका लागि मद्दत गर्ने निकायको रुपमा Federal Criminal Police Office लाई तोकिएको पाइन्छ ।

### ४.२.४.भारत

भारतको अपराध संहिताको दफा १२० (क) ले सङ्गठित अपराधको बारेमा उल्लेख गर्दै "आपराधिक षड्यन्त्र जब दुई वा दुई भन्दा बढी व्यक्तिहरुले गैरकानुनी क्रियाकलाप, गैरकानुनी माध्यमबाट गर्नका लागि सहमत हुन्छन्" भनी परिभाषित गरेको छ । भारतमा डकैतिलाई सङ्गठित अपराधको एक पुरानो प्रकृतिको रुपमा परिभाषित गरेको छ । जसलाई भारतीय अपराध संहिता (Indian penal code) को section 391 ले "five or more persons conjointly commit or attempt to commit a robbery, or where the whole number of persons conjointly committing or attempting to commit a robbery", भनी परिभाषित गरेको छ । भारतमा The customs Act, 1962, Narcotic Drugs and Psychotropic Substances Act,1884, Immoral Traffic (Prevention) Act,1956, Public Gambling Act, 1867 आदि सङ्गठित अपराध नियन्त्रणसँग सम्बन्धित ऐनहरु हुन् । भारतको सङ्गठित अपराधसँग सम्बन्धित कानुन र प्राबधानहरु अन्य विभिन्न ऐनहरुमा छरिएर रहेको देखिन्छ । भारतको केन्द्रिय सरकारले सङ्गठित अपराध नियन्त्रणका लागि Organized Crime Control Act को मस्यौदा तयार पारेको छ । मस्यौदाको अनुसूची १ ले सङ्गठित अपराधलाई "दुई वा दुई भन्दा बढी व्यक्तिहरु जसले सो कार्य वा कार्यको उद्योग गर्न व्यक्तिगत वा सामूहिक रुपमा सो कार्य गर्ने वा गराउने काम गर्छ भनी परिभाषित गरेको छ ।

भारतको विभिन्न राज्यहरुले सङ्गठित अपराधलाई नियन्त्रण र सम्बोधन गर्न निम्न बिभिन्न ऐनहरु निर्माण गरेको पाइन्छ :

- Uttar Pradesh Gangsters and Anti-Social activities ( Prevention) act,1986 ,
- Maharashtra Control of Organized Crime Act,1999,
- Gujarat Control of Organized Crime Act,2003,
- Karnataka Control of Organized Crime Act,2000

भारतले अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिमा १२ डिसेम्बर २००२ मा हस्ताक्षर गरी ५ मे २०११ मा मात्र पक्ष राष्ट्र बनेको थियो । तर यस भन्दा अगाडिनै भारतका विभिन्न राज्यहरुले यो अपराध रोकथाम र नियन्त्रणका लागि  कानुनी व्यवस्था गरेको देखिन्छ । भारतले विवादहरुलाई मध्यस्थ र ICJ मा प्रस्तुत नगर्ने कुरा घोषणा गरेको, सपुर्दगीलाई सहयोगको कानुनी आधार उल्लेख गरेको, पारस्परिक कानुनी सहायता, द्विपक्षीय सम्झौता र सो नभएको अवस्थामा पारस्परिक आधारमा उपलब्ध गराइने, पारस्परिक कानुनी सहायताका लागि गृह मन्त्रालयलाई केन्द्रि निकाय तोकेको छ ।

### ४.२.५.अष्ट्रेलिया

अष्ट्रेलियाको Crime Commission Act, २०१२ मा सङ्गठित अपराध नियन्त्रणका लागि अलग अपराध आयोग (Crime Commission) रहने व्यवस्था गरिएको छ । यसलाई आर्थिक विश्लेषण र विधिविज्ञानका विज्ञ, विद्युतीय निगरानी अधिकृत, कानुनी समूहबाट अनुसन्धानमा सहायता प्राप्त हुन्छ । Crime Commission लाई सङ्गठित अपराध नियन्त्रणका लागि आवश्यक राजनैतिक स्वतन्त्रता प्राप्त रहने व्यवस्था छ भने उच्च नैतिक मापदण्ड भएका अधिकृतहरु, अनुसन्धानमूलक शैक्षिक योग्यता भएका

कर्मचारी यसमा रहन्छन ।[१८] जसका कारण Crime commission ले सङ्गठित अपराधको अनुसन्धान गरी यस्ता अपराध नियन्त्रण गर्न सफल भएको मानिन्छ । यसले Organized crime disruption strategy, 2013 निर्माण गरेको छ। अष्ट्रेलियाले १३ डिसेम्बर २००० मा अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिमा हस्ताक्षर गरी २७ मे २००४ मा पक्ष राष्ट्र बनेको देखिन्छ।

### ४.२.६ नेपाल

नेपालले अन्तरदेशीय सङ्गठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिमा १२ डिसेम्बर, २००२ मा हस्ताक्षर गरी २३ डिसेम्बर २०११ देखि पक्ष राष्ट्र बनेको छ । यसपछि विशेष ऐन ल्याएर यो अपराधको नियन्त्रण र रोकथाम गर्ने कार्यमा विशेष व्यवस्था गरेको पाइन्छ। सङ्गठित अपराध सम्बन्धी कानुनी व्यवस्था र अभ्यास सम्बन्धमा पछिल्ला परिच्छेदमा उल्लेख गरिएको छ।

[१८] New South Wales Crime commission Act, 2012

# परिच्छेद पाँच

# नेपालको कानुनी व्यवस्था र सर्वोच्च अदालतबाट भएको व्याख्या

## ५.१ नेपालमा सङ्गठित अपराध सम्बन्धी कानुनी व्यवस्था

नेपालमा वि.सं. २०६९ साल अघिसम्म सङ्गठित अपराध नियन्त्रणका लागि अलग्गै कानुनी व्यवस्था थिएन । छुट्टै कानुनी व्यवस्था नभए पनि सामान्य कानुनको रुपमा रहेको मुलुकी ऐन र विशेष कानुनको रुपमा लागू औषध, जिउ मास्ने बेच्ने (मानव वेचविखन तथा ओसार पसार), भ्रष्टाचार, मुद्रा निर्मलीकरण, विद्युतीय अपराध सम्बन्धमा व्यवस्था गरी कार्यान्वयनमा ल्याएको पाइन्छ । मुलुकी ऐन, २०२० को भाग ४ मा कीर्ते कागज, ठगी, चोरी, आगो लगाउने, खोटाचलन, चौपाया, अपहरण गर्ने तथा शरीर बन्धक लिने, कुटपीट, ज्यान मारेको, जीउ मास्ने बेच्ने, करणी सम्बन्धी विषयका अपराधलाई निषेध गरी सजायको व्यवस्था गरेको पाइन्छ । ति मध्ये कतिपय ज्यान मारेको, अपहरण गर्ने तथा शरीर बन्धक, डाँका र जबरजस्ती करणी सम्बन्धी अपराधमा हुल वा समूह भई अपराध गरेमा सजायको व्यवस्था गरी सङ्गठितजन्य अपराधलाई नियन्त्रण र निवारण गर्ने प्रयास गरेको देखिन्छ ।

सङ्गठित अपराध नियन्त्रणका लागि प्रथम कानुनी दस्तावेजका रुपमा २०६९।११।४ मा सङ्गठित अपराध निवारण अध्यादेश आएको थियो । तत्पश्चात् २०७०।१२।१२ मा उल्लेखित अध्यादेशलाई खारेज गर्दै सङ्गठित अपराध निवारण ऐन, २०७० जारी भई सङ्गठित अपराधलाई व्यवस्थित रुपमा निवारण गर्ने प्रयासहरु भएका छन् । यस ऐनले सङ्गठित अपराध निवारण गर्न कतिपय नयाँ व्यवस्थाहरुलाई आत्मसात गरेको छ । नेपालको

सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३(२) ले सङ्गठित अपराधको परिभाषा गरेको छ । जस अनुसार कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानीजानी कुनै गम्भीर अपराध गरेमा सङ्गठित अपराध हुन्छ । यस परिभाषाले आपराधिक समूहबाट हुने अपराध र सो समूहको लाभको लागि गरिने गम्भिर कसूरलाई सङ्गठित अपराध मानेको छ । गम्भीर अपराधमा तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूरलाई मानिएको छ । तसर्थ तीन वर्ष भन्दा कम कैद सजाय हुने अपराध तीन जना भन्दा कम व्यक्तिले गरेमा सङ्गठित अपराध हुने देखिदैन । गम्भीर प्रकृतिका सङ्गठित अपराध नियन्त्रण गर्न छुट्टै कानुन बनाई लागू गर्नुपर्ने विश्वव्यापी लहर अनुरुप नेपालमा पनि यसको राष्ट्रिय आवश्यकता महसुस भएको थियो र यस सम्बन्धी अन्तर्राष्ट्रिय दायित्व समेत रहेको आधारमा सङ्गठित अपराध निवारण ऐन, २०७० कार्यान्वयनमा रहेको छ ।[१९]

### ५.१.१ उद्देश्य

यस ऐनको उद्देश्य निम्न वमोजिम रहेको छ :[२०]

- सर्वसाधारणको जीउ, ज्यान तथा सम्पत्तिको सुरक्षा गरी शान्ति र सुव्यवस्था कायम गर्ने,
- मुलुकमा कानुन र व्यवस्था कायम गर्नका लागि सङ्गठित अपराधलाई निवारण गर्ने,
- विशेष प्रविधि अपनाई त्यस्तो अपराधको अनुसन्धान गर्ने,
- सङ्गठित अपराधबाट पीडित तथा साक्षीको संरक्षण गर्ने,

[१९] UN Convention on Transnational organized crime लाई नेपालले अनुमोदन गरेको हुदा सो महासन्धिको कार्यान्वयनको दायित्व रहेको छ ।

[२०] संगठित अपराध निवारण ऐन, २०७० को प्रस्तावना ।

- सोसँग सम्बन्धित अन्य विषयमा कानुनी व्यवस्था गर्ने,

### ५.१.२ सङ्गठित अपराध निवारण ऐन, २०७० का मुख्य मुख्य व्यवस्थाहरुः

यस ऐनका मुख्य मुख्य व्यवस्थाहरु यस प्रकार रहेका छन् :

- यस ऐन अन्तर्गतको कसूर गर्नेलाई प्रचलित कानुन बमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय हुने ।
- क्षतिपूर्ति कसूरदारबाटै भराउने ।
- यस अपराधको तहकिकातका लागि आवश्यकतानुसार विशेष अनुसन्धान टोली गठन गर्न सक्ने तथा विशेष अनुसन्धान पद्धति अपनाउन सकिने ।
- अदालतको अनुमति लिई अभियुक्तलाई पटक पटक गरी ६० दिनसम्म हिरासतमा राख्न सकिने ।
- तहकिकातको सिलसिलामा अभियुक्तको सम्पत्ति, राहदानी रोक्का राख्न सकिने ।
- शंकित कारोबारको विवरण माग्न वा कारोबार वा खाता रोक्का राख्न सकिने ।
- टेलिफोन वा सञ्चारको विवरण माग गर्न सकिने ।
- मनासिब आधार भएमा अभियुक्तले प्रयोग गरेको सञ्चार माध्यम निष्कृय गर्न सकिने ।
- अनुसन्धानमा सहयोग गर्ने अभियुक्तलाई सजायको मागदाबीमा ७५ प्रतिशतसम्म छुट दिन सकिने ।
- अभियोगपत्र दायर भइसकेपछि पनि थप अभियोग लगाउन सकिने ।
- अनुसन्धानको सिलसिलामा सञ्चार अभिलेख गर्न सकिने ।
- अभियुक्तलाई श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत उपस्थित गराउन सकिने ।

- उजुरीकर्ता वा साक्षीको काल्पनिक वा साङ्केतिक नामवाट बयान वा बकपत्र गराउन सकिने ।
- जिरह सम्बन्धी विशेष व्यवस्था ।
- बन्द इजलासमा कारबाही तथा सुनुवाइ गर्न सक्ने ।
- सङ्गठित संस्था (कानुनी व्यक्ति) लाई समेत सजाय हुनसक्ने व्यवस्था ।
- सुराकी, उजूरीकर्ता तथा साक्षीको संरक्षण सम्बन्धी विशेष व्यवस्था ।
- मुद्दा सरकार वादी हुने र हदम्याद नलाग्ने ।
- पक्राउ गर्न वा अनुसन्धान गर्न सहयोग गर्नेलाई जरिवानाको २० प्रतिशत बराबरको रकम पुरस्कार दिइने ।

### ५.१.३ सङ्गठित अपराधको परिभाषा र कसूर

यस ऐनले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी गरिने गंभिर अपराध संङ्गठित अपराध हो भनेको छ ।[२१] साथै ऐनको दफा २(घ) ले प्रत्यक्ष वा परोक्ष रुपमा सङ्गठित अपराध गर्ने उद्देश्यले नेपालभित्र वा नेपाल वाहिर रहे भएको सङ्गठित वा असङ्गठित तीन वा तीनभन्दा बढी व्यक्तिहरुको समूहलाई आपराधिक समूह मानेको छ । यसैगरी प्रचलित कानुन बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर, आपराधिक समूहको स्थापना, सङ्गठित अपराधको न्यायिक कारवाहीमा अवरोध, विध्वंशात्मक कार्य, आपराधिक लाभ (एक्सटर्शन) लिने कार्य र प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण मानिने र आतकंकारी

[२१] ऐ. ऐनको दफा ३(२) ।

क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरलाई गंभीर अपराध मानेको छ ।

यो ऐनले सङ्गठित अपराधलाई स्वतन्त्र नभई प्रचलित कानुन विपरितको तीन वर्षभन्दा बढी कैद सजाय हुने गंभीर अपराध, आपराधिक समूहको संलग्नतामा वा आपराधिक समूहको लाभको लागि भएकोमा मात्र लागू हुने व्यवस्था गरेको देखिन्छ । तथापि, आपराधिक समूहको स्थापना गर्ने, सङ्गठित अपराधको न्यायिक कारवाहीमा अवरोध गर्ने, विध्वंशात्मक कार्य गर्ने आपराधिक लाभ (एक्सटर्सन) लिने, प्रचलित कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण मानिने र आतङ्कवादी क्रियाकलापमा लगानी सम्बन्धी कसूर आपराधिक समूहबाट भएकोमा सङ्गठित अपराध मानिएको छ । यी तत्वको अभावमा सङ्गठित अपराध मुद्दा नचल्ने विधायिकी मनसाय देखिन्छ । तर व्यावहारिक प्रयोग हेर्ने हो भने अधिकांश अपराधमा तीन बर्ष कैद भएमा र तीन जना भन्दा वढी प्रतिवादीको संख्या भएमा उल्लेखित पुर्वावस्थाको अभावमै सङ्गठित अपराध मुद्दा दायर भएको पाइन्छ भने केही अपराधमा तीन जना भन्दा कम भए पनि सङ्गठित अपराध ऐनसमेत जोडेर मुद्दा चलाइएको पाइएको छ ।

### ५.१.४ सङ्गठित अपराधमा सजाय सम्बन्धी व्यवस्था

सङ्गठित अपराध निवारण ऐन, २०७० बमोजिम सङ्गठित अपराधमा निम्न बमोजिम सजाय हुने व्यवस्था गरिएको छ :

- प्रचलित कानुन बमोजिम हुने सजायको अतिरिक्त पचास प्रतिशत सजाय थप हुने, जन्मकैद वा सो भन्दा बढी सजाय हुनेमा थप नहुने ।
- कसैले कुनै आपराधिक समूहलाई सङ्गठित अपराध गर्न वा सङ्गठित अपराध गर्न सघाउ पुऱ्याउने वा सञ्चार साधन वा सूचना प्रविधि

उपलब्ध गराउने वा आर्थिक सहयोग गर्ने वा कुनै साधन उपलब्ध गराउने वा आश्रय दिने, लुकाउने वा भगाउने कार्य गरेकोमा प्रचलित कानुनमा कुनै सजायको व्यवस्था भएको रहेनछ भने पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैँयासम्म जरिवाना वा दुवै सजाय,

- दफा ५ बमोजिम आपराधिक समूह स्थापना गर्ने कसूर गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना,
- दफा ६ बमोजिम न्यायिक कार्यमा अबरोधको कसूर गर्नेलाई तीन वर्षसम्म कैद र दुई लाख रुपैँयासम्म जरिवाना,
- दफा ७ बमोजिम विध्वंसात्मक कार्यको कसूर गरी जीउ ज्यान गएको रहेछ भने जन्म कैद, विध्वंसात्मक कार्यको कसूरको उद्योग गर्ने वा दुरुत्साहन दिने वा सो कसूर गर्न बाध्य गराउने, त्यस्तो कार्य गर्ने उद्देश्यले हातहतियार, बम, विष्फोटक पदार्थ वा विषालु पदार्थ उत्पादन वा वितरण गर्ने वा राख्ने वा ओसारपसार वा आयात निर्यात गर्ने वा कुनै प्रकारले लिनु दिनु गर्ने वा प्रचार प्रसार गर्ने गराउने व्यक्तिलाई कसूरको मात्रा अनुसार तीन वर्षदेखि दश वर्षसम्म कैद, र
- विध्वंसात्मक कार्यको कसूरको मतियारलाई सङ्गठित अपराध गर्ने व्यक्तिलाई हुने सजायको आधा सजाय हुने व्यवस्था रहेको छ ।

### ५.१.५ सङ्गठित अपराधमा अनुसन्धान तथा अभियोजन सम्बन्धी व्यवस्था

यस ऐनले सङ्गठित अपराधको अनुसन्धान र अभियोजन सम्बन्धमा निम्न व्यवस्था गरेको छ ।

- सङ्गठित अपराधको अनुसन्धान कम्तीमा अधिकृतस्तरको प्रहरी कर्मचारीले गर्ने, सम्बन्धित विषयको विशेषज्ञ संलग्न रहेको अनुसन्धान टोली गठन गर्न उपयुक्त देखिएमा नेपाल सरकारले

महान्यायाधिवक्ता र प्रहरी महानिरीक्षकसँग परामर्श गरी त्यस्तो टोली गठन गर्न सक्ने ।

- नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलीभरी) वा गुप्त कारबाही अनुसन्धान (अण्डर कभर अपरेशन) र यस्तै अन्य उपयुक्त अनुसन्धान पद्धति अपनाउन सकिने ।
- सुराकी प्रयोग गर्न सकिने, अनुसन्धानको प्रगतिको आधारमा अदालतको अनुमति लिई पटक/पटक गरी साठी दिनसम्म हिरासतमा राख्न सकिने ।
- सम्पत्ति कसैलाई हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा बिक्री वितरण गर्नबाट रोक लगाउनको लागि सम्बन्धित निकाय वा संस्थालाई आदेश दिनको लागि अदालत समक्ष निवेदन दिन सक्ने ।
- यस्तो निवेदन परेमा अदालतले त्यस्तो सम्पत्ति कसैलाई हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा बिक्री वितरण गर्नवाट रोक लगाउने आदेश त्यस्तो निकाय वा संस्थालाई दिन सक्ने ।
- कुनै व्यक्तिको कुनै बैङ्क वा वित्तीय संस्थामा भएको कारोबार वा खाताको विवरण माग गर्न वा त्यस्तो कारोबार वा अदालतको अनुमति लिई खाता रोक्का राख्न आदेश दिन सक्ने । यस्तो आदेश भएमा सम्बन्धित बैङ्क वा बित्तीय संस्थाले सो विवरण उपलब्ध गराउन र कारोबार वा खाता रोक्का राख्नुपर्ने ।
- सङ्गठित अपराधको आरोप लागेको व्यक्तिलाई राहदानी जारी नगर्न र जारी भइसकेको भए त्यस्तो राहदानी रोक्का गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने र सम्बन्धित निकायले त्यस्तो व्यक्तिको नाममा राहदानी जारी नगर्ने र राहदानी जारी भइसकेको भए त्यस्तो राहदानी रोक्का राख्नुपर्ने ।
- सङ्गठित अपराध गर्ने सिलसिलामा प्रयोग भएको कम्प्युटर, टेलिफोन, मोबाइल फोन वा दूरसञ्चार माध्यम वा सोबाट भएको

दूरसञ्चार सम्बन्धी विवरण वा सूचना उपलब्ध गराई दिन आदेश दिन सक्ने ।

- कुनै व्यक्तिको सञ्चार अभिलेख गर्न सक्ने ।
- सङ्गठित अपराधको अभियोग लागेको कुनै अभियुक्तले आफूले गरेको अपराध स्वीकार गरी सो अपराधका सम्बन्धमा प्रमाण जुटाउन तथा अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकील वा अदालतलाई सघाउ पुऱ्याएमा र निजले पहिलो पटक सङ्गठित अपराध गरेको देखिएमा त्यस्तो सङ्गठित अपराधमा निजलाई हुने सजायमा पचहत्तर प्रतिशतसम्म छुट दिने गरी माग दावी लिई मुद्दा दायर गर्न सकिने । त्यस्तो दावी सरकारी वकिलले लिने ।

## ५.१.६ प्रमाण र मुद्दाको कारवाही सम्बन्धी विशेष व्यवस्था

यस ऐनले प्रमाण संकलन तथा मुद्दाको कारवाही सम्बन्धमा निम्न विशेष व्यवस्था गरेको छ ।

- मुद्दाको अभियुक्तलाई सुरक्षाको दृष्टिकोणले अदालतमा उपस्थित गराउन नसकिने भएमा श्रव्यदृश्य संवाद मार्फत उपस्थित गराउन सकिने । यसका लागि अनुसन्धान अधिकारी वा प्रहरी कार्यालयले सोको कारण खुलाई अदालत समक्ष निवेदन दिनुपर्ने । अदालतमा यस्तो निवेदन परेमा अदालतले अभियुक्तको अवस्था, अभियुक्त रहेको स्थान र अन्य आवश्यक कुरालाई विचार गरी श्रव्यदृश्य संवाद मार्फत अदालतमा उपस्थित गराउन आदेश दिन सक्ने ।
- काल्पनिक वा साङ्केतिक नामबाट बयान वा बकपत्र गराउन सकिने । सङ्गठित अपराधको मुद्दाका सुराकी, उजूरीकर्ता वा कुनै साक्षीलाई अभियुक्तले कुनै प्रकारको जिरह वा प्रश्न गर्न नसक्ने ।

- अभियुक्तको कानुन व्यवसायीले श्रव्यदृश्य संवाद मार्फत वा अभियुक्तले निजलाई नदेख्ने वा निजको पहिचान गर्न नसक्ने, नदेख्ने र सुराकी, उजुरीकर्ता वा कुनै साक्षीले व्यक्त गरेको कुरा नसुन्ने गरी जिरह गर्न सक्ने ।
- विदेशी मुलुकको अदालत वा सो मुलुकको आधिकारिक निकायबाट सङ्कलन गरिएको वा परीक्षण गरिएको सबुत प्रमाणलाई अदालतले प्रमाणमा लिन सक्ने ।
- अभियुक्तले प्रमाण लोप वा नष्ट गर्न सक्ने वा त्यस्तो अभियुक्त फरार हुन सक्ने मनासिब कारण भएमा अदालतले थुनामा राखी मुद्दाको पूर्पक्ष गर्ने आदेश दिन सक्ने ।
- बन्द इजलासमा कारबाही तथा सुनुवाइ गर्न सक्ने, सुराकी गर्ने, उजुरी गर्ने वा सूचना दिने व्यक्तिको परिचयात्मक विवरण गोप्य राख्नुपर्ने ।
- सङ्गठित अपराधको मुद्दामा साक्षी, निजको परिवारको कुनै सदस्यको सुरक्षामा खतरा रहेकोमा सुरक्षाको प्रबन्ध गरी दिन अदालत वा प्रहरी समक्ष निवेदन दिन सक्ने ।
- अदालतले त्यस्तो साक्षीको सुरक्षाको प्रबन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्ने ।
- प्रहरीमा निवेदन परेको भए त्यस्तो व्यक्ति वा सदस्यलाई सुरक्षा उपलब्ध गराउनुपर्ने ।
- उजूरीकर्ता, साक्षी वा निजको परिवारका सदस्यहरूको संरक्षणको लागि परिचयात्मक विवरणलाई कुनै काल्पनिक वा साङ्केतिक नाम दिई राख्नुपर्ने ।
- मुद्दा मामिला सम्बन्धी अभिलेखबाट साक्षीको विवरण बाहेकको अंश वा भाग मात्र सार्वजनिक गर्ने ।
- साक्षी संरक्षण गर्ने सम्बन्धमा अपनाइएको कुनै विषय अदालतमा प्रश्न नउठाइने ।

- सङ्गठित अपराध सम्बन्धी मुद्दामा विदेशी मुलुकको अदालत वा सो मुलुकको आधिकारिक निकायबाट सङ्कलन गरिएको वा परीक्षण गरिएको सबुत प्रमाणलाई अदालतले प्रमाणमा लिन सक्ने ।
- सुराकी, अभियुक्त वा साक्षीको आफ्नै स्वरमा रहेको र सम्पादन, तोडमोड वा परिवर्तन गर्न नसकिने गरी रेकर्ड गरिएको कुनै सामग्री वा फोटोलाई समेत अदालतले प्रमाणको रूपमा ग्रहण गर्न सक्ने ।
- सङ्गठित अपराध सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई रहने । प्रमाण लोप वा नष्ट गर्न सक्ने वा फरार हुन सक्ने मनासिब अवस्था भएमा थुनामा राखिने ।

### ५.१.७ सङ्गठित संस्थाले गरेको अपराध सम्बन्धी व्यवस्था:

प्रचलित कानुन बमोजिम स्थापित कुनै सङ्गठित संस्थाले सङ्गठित अपराध निवारण ऐन, २०७० बमोजिमको सङ्गठित अपराधको कसूर गरेकोमा त्यस्तो कसूर गर्ने संस्थाको सम्बन्धित कर्मचारी वा पदाधिकारी जिम्मेवार हुने व्यवस्था गरेको छ । त्यस्तो कर्मचारी वा पदाधिकारी पहिचान हुन नसकेमा अपराध हुँदाको बखत सो संस्थाको प्रमुख भई दैनिक कामकाज गर्ने पदाधिकारी जिम्मेवार हुने व्यवस्था गरेको छ ।

### ५.१.८ अधिकारक्षेत्र सम्बन्धी व्यवस्था

सङ्गठित अपराध निवारण ऐन, २०७० ले सङ्गठित अपराध सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुने व्यवस्था गरेको छ । अभियुक्तले प्रमाण लोप वा नष्ट गर्न सक्ने वा त्यस्तो अभियुक्त फरार हुन सक्ने मनासिब कारण भएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि अदालतले त्यस्तो अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश दिन सक्दछ । सङ्गठित अपराध मानी दायर

गरिएका कुनै मुद्दामा प्रमाण बुझ्दै जाँदा त्यस्तो मुद्दा यस ऐन बमोजिम कारबाही र किनारा हुनुपर्ने नदेखिएमा अदालतले त्यस्तो मुद्दालाई प्रचलित कानुन बमोजिमको मुद्दामा परिणत गरी सोही जिल्ला अदालतले फैसला गर्न सक्छ । प्रहरी कार्यालय बाहेक अन्य निकायमा सङ्गठित अपराध सम्बन्धी उजुरी परेमा सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था छ । साथै कुनै कसूरका सम्बन्धमा अनुसन्धान गर्ने निकायबाट भएको अनुसन्धानबाट त्यस्तो कसूर सङ्गठित अपराध देखिन आएमा उजुरी, आरोप लागेका व्यक्ति र सम्बन्धित कागजात प्रहरी कार्यालयमा पठाउनुपर्ने र प्रहरी कार्यालयले अनुसन्धान कारबाही गर्नुपर्दछ ।

## ५.२ प्रस्तावित अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताः

सङ्गठित अपराध सम्बन्धमा हाल व्यवस्थापिका-संसदमा विचारार्थ रहेका अपराध संहिता तथा फौजदारी कार्यविधि संहिताको विधेयकले पनि केही व्यवस्थाहरु समेटेको पाइन्छ । अपराध संहिताको दफा ३१ मा समूहबाट भएको कसूरमा सबै सदस्यलाई सजाय हुने व्यवस्था गरेको छ । यसै गरी दफा ३७ ले कसूरको गंभिरता बढाउने अवस्थाका रुपमा विश्वासको दुरुपयोग गरी कसूर गरेको, कुनै सार्वजनिक लाभ उठाई वा दुरुपयोग गरी कसूर गरेको, पाँच वा पाँचभन्दा बढी व्यक्तिहरु समूहमा आवद्ध भई कसूर गरेको, कसैलाई अपहरण गरी वा शरीर बन्धक लिई कसूर गरेको, नियोजित वा सङ्गठित रुपमा कसूर गरेको जस्ता अवस्थाहरु भएमा कसूरको गम्भीरता बढाएको मानिने अवस्था उल्लेख छ । जसले सङ्गठित रुपमा कसूर गरेको भएमा कुनै सम्बन्धित कसूरको गंभिरता बढने देखिन्छ । यसका साथै एकीकृत कसूर गरे वापत डेढी सजाय हुने व्यवस्था दफा ४२ ले गरेको छ । जघन्य, गंभिर र पटके कसूरदारलाई थप सजाय हुने व्यवस्था पनि दफा ४३ मा यस संहिताले गरेको पाइन्छ । यसका अतिरिक्त गंभीर कसूरको स्पष्टीकरणका माध्यमबाट भए पनि दफा ४३ मा परिभाषा गरिएको पाइन्छ ।

यस अनुसार तीन वर्ष भन्दा बढी दश वर्ष सम्म कैद हुने कसूरलाई गंभीर कसूर मानिएको छ । यस संहिताले सार्वजनिक शान्ति, नैतिकता, राज्य विरुद्ध, सार्वजनिक न्याय, हात हतियार तथा खरखजाना, विष्फोटक पदार्थ, ज्यान सम्बन्धी, अपहरण तथा शरिर बन्धक, चोरी, डाँका, ठगी, अपराधिक विश्वासघात तथा अपराधिक लाभ (एक्सटर्सन) तथा मुद्रा जस्ता महासन्धिले समेटेका कतिपय मुद्दाहरुलाई यस संहिताले अपराधको कोटीमा पारी सजायको व्यवस्था गरेको देखिन्छ । डाँका अपराधको Modus Operendi मा तीन जना भन्दा बढीको जमात भई जबरजस्ती गरी चोरी गरेमा डाँका गरेको मानिने भनि संहिताको दफा २४० मा उल्लेख गरेको छ । यसरी यस संहिताले सङ्गठित अपराधका प्रकृति रहने विविध अपराधहरुलाई समेत व्यवस्था गरेको देखिन्छ ।

अर्कोतिर सङ्गठित अपराध वारेमा फौजदारी कार्यविधि संहितामा पनि व्यवस्था गरिएको छ । यस संहिताले अन्य व्यवस्थाका अतिरिक्त विशेष रुपमा अनुसन्धान गर्न विशेष टोली गठन गर्न सकिने व्यवस्था दफा १२ मा गरेको पाइन्छ । पारस्परिक कानुनी सहायता आदान प्रदान गर्न सकिने व्यवस्था समेत यस संहिताको दफा १९२ मा गरेको पाइन्छ ।

## ५.३ सङ्गठित अपराध सम्बन्धमा सर्वोच्च अदालतबाट भएको व्याख्या

सङ्गठित अपराध निवारण ऐन, २०७० जारी भएको समयावधी हिसावले सर्वोच्च अदालत समक्ष मुद्दाहरुमा पर्याप्त व्याख्या भैसकेको अवस्था देखिदैन । तथापि केही मुद्दामा व्याख्या भई प्रतिपादन भएका सिद्धान्तहरु बारेमा यहाँ उल्लेख गरिएको छ ।

### ५.३.१. अनिल कुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार विरुद्ध मदन शर्मा समेत[२२]

सङ्गठित अपराधको प्रकृति सामान्य अपराध भन्दा पृथक हुन्छ । अपराधका

[२२] ने.का.प २०६७ अंक २ नि.न. ८३२१ ।

यी दुवै प्रकृतिलाई एउटै दृष्टिले हेर्न सकिन्न । बृहत् योजना र विस्तारित तैयारीका साथ सम्पन्न हुने सङ्गठित अपराधमा धेरै व्यक्तिको वेग्ला वेग्लै भूमिका हुन्छ । पृथक-पृथक व्यक्तिको फरक-फरक कार्यले एउटा सङ्गठित अपराध सम्पन्न हुन्छ भन्ने व्याख्या भएको छ ।

### ५.३.२. सूर्यबहादुर पुन विरुद्ध नेपाल सरकार[२३]

प्रस्तुत मुद्दामा गैडा मारी गैडाको खाग तस्करी गर्ने उद्देश्यले आपसमा सल्लाह गरी नियोजित रुपमा योजना बनाई गरेको कार्य सङ्गठित अपराधको रुपमा घटाएको देखिने भन्ने व्याख्या भएको छ । साथै यस्तो कार्यमा सङ्गठित समूह संलग्न भएको देखिँदा प्रस्तुत वारदात सङ्गठित अपराधको एउटा कडीको रुपमा हेर्न सकिने । यस्तो सङ्गठित अपराधमा संलग्न प्रतिवादीहरुको कसूरलाई हासिल गर्न चाहेको उद्देश्य र असरका आधारमा हेर्नु न्यायिक दृष्टिबाट उपयुक्त हुने भनि गैंडा मारी खाग विक्री गरेको प्रस्तुत मुद्दामा स्पष्ट रुपमा बोलिएको छ ।

### ५.३.३. नेपाल सरकार विरुद्ध राजु लामा, मुद्दाः लागू औषध[२४]

यस मुद्दामा यी प्रतिवादीलाई दुरुत्साहनमा सजाय भएको थियो । यस मुद्दामा मुख्य कर्ता र मतियार नभई सबै मुख्यकर्ता हुने अवस्था हुन्छ भन्ने तर्कलाई इन्कार गरिएको थियो । यदि सो कुरालाइ मान्ने हो भने कानुनी व्यवस्था निष्प्रयोजन मात्र नभई षडयन्त्र गर्ने, उद्योग गर्ने, दुरुत्साहन गर्ने र मतियार हुनेलाई सजाय गर्ने विधायिकाको मनसाय नै लुप्त हुन जाने देखिन्छ । विधायिकी मनसाय नै निष्प्रयोजन हुने गरी अदालतले व्याख्या समेत गर्न नमिल्ने भनि दृष्टिकोण राखेको देखिन्छ ।

---

[२३] ने.का.प. २०६९ अंक ३ नि.न. ८७८४ ।

[२४]ने.का.प. २०७१, अंक ५, पृष्ठ ६८४, नि.नं. ९१६४ ।

### ५.३.४. चार्ल्स गुरुमुख शोभराज विरुद्ध नेपाल सरकार, मुद्दाः कर्तव्य ज्यान[२५]

यस मुद्दामा अपराध गर्दा अपनाइएको तरिका र अपराधको प्रकृति हेर्दा अपराधी पूर्ण सचेत, सावधान रही नियोजित र सङ्गठित रुपमा आफ्नो आपराधिक कार्य योजनालाई पूर्णता दिएको देखिन्छ । यस्तो अवस्थामा अभियोजन पक्षद्वारा प्रस्तुत अप्रत्यक्ष प्रमाण र खास गरी परिस्थितिजन्य प्रमाणको आधारमा नै अपराधीसम्म पुग्नुपर्ने र त्यस्तो प्रमाणको आधारमा कसूरदार देखिन आएको अभियुक्तलाई सजाय गर्नु पर्ने भनी व्याख्या गरिएको छ । यस मुद्दामा सङ्गठित अपराध हो भनी नभने पनि प्रस्तुत अपराधको कार्य प्रकृतिलाई सङ्गठित अपराधको तादात्म्यतामा विश्लेषण गरिएको पाइन्छ ।

### ५.३.५. गोमा पाँचकोटी विरुद्ध नेपाल सरकार, मुद्दाः मानव बेचबिखन तथा ओसारपसार[२६]

यस मुद्दामा अपराधमा संलग्न पक्ष पेसेवर हुन सक्ने र अपराध बडो योजनाबद्ध एवं सङ्गठित तरिकाले हुन सक्ने र कतिपय सङ्गठित आपराधिक समूहको संलग्नतामा समेत अपराध हुन सक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थितिको आँकलन गरेर विधायिकाले कानुनको निर्माण गरेको हो भनी व्याख्या गरिएको छ । यस मुद्दामा मानव बेचबिखन मुद्दा सङ्गठित अपराधको रुपमा घट्ने भनी उल्लेख गरेको पाइन्छ ।

माथि उल्लेखित सर्वोच्च अदालतबाट सङ्गठित अपराध सम्बन्धी विषयका सम्बन्धमा भएका व्याख्याहरु सङ्गठित अपराधको अभियोजन भएका र त्यसमा नै निर्णय दिनुपर्ने अवस्थामा भएको नभई सङ्गठित प्रकृतिले गरिने

[२५] ने.का.प. २०६७, अंक ५, नि.नं. ८६७८ ।

[२६] ने.का.प. २०७२, अंक १, नि.नं. ९३३३ ।

गंभीर प्रकृतिका अपराधका सन्दर्भमा प्रसंगबश भएका हुन् । सर्वोच्च अदालतले सङ्गठित अपराध र अन्य सामान्य अपराधको प्रकृति, अपराध घटाउन बनाइने योजना र गरिने तयारी, अपराध सम्पन्न गर्न खेल्ने भूमिका भिन्न भिन्न हुन्छ भनी व्याख्या गरेको छ । यसैगरी सङ्गठित अपराधबाट हासिल गर्न चाहेको परिणाम र कसूरको प्रभाव समेतमा यी दुई अपराध बीच भिन्नता रहने समेत स्पष्ट पारेको छ । सङ्गठित अपराधमा संलग्न पक्ष पेसेवर हुन सक्ने र योजनाबद्ध रुपमा गरिने हुन्छ । त्यस प्रकृतिका अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने हुन्छ भनी सङ्गठित अपराधका सम्बन्धमा प्रसंगबश सर्वोच्च अदालतले आफ्नो दृष्टिकोण उल्लेख गरेको छ ।

# परिच्छेद छ


# सङ्गठित अपराध सम्बन्धी व्यावहारिक अध्ययन

समाजमा आपराधिक क्रियाकलाप रोक्न तथा अपराध घट्न नदिनको लागि फौजदारी न्यायप्रशासन संचालन गरिएको हुन्छ । समय अनुसार विकसित घटनाक्रमलाई नियमन गर्न कानुनको व्यवस्था पनि सो बमोजिम हुनु जरुरी हुन्छ । सङ्गठित अपराध निवारण ऐन, २०७० सङ्गठित रुपमा हुने अपराध रोकथाम र सजायको व्यवस्था गर्न कार्यान्वयनमा ल्याइएको हो । यस ऐनले गरेको विशेष व्यवस्थाहरुको प्रयोगका सम्बन्धमा काठमाडौं उपत्यकाका सरकारी वकील कार्यालयहरुमा रहेका २१ वटा मिसिलहरुबाट तथ्यांकहरु संकलन गरी ती तथ्यांकहरुको विश्लेषण गरिएको छ । जसलाई शीर्षकगत रुपमा देहाय बमोजिम उल्लेख गरी विश्लेषण गरिएको छ ।

## ६.१ अपराधमा संलग्न अभियुक्तहरुको लैङ्गिक समूह अवस्था

काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन भएका सङ्गठित अपराध मुद्दाहरुमा संलग्न रहेका प्रतिवादीहरुको लैङ्गिक समूह विभाजन गरी अध्ययन गरिएकोमा उक्त आपराधिक गतिविधिमा सम्लग्न १२१ वटा प्रतिवादी मध्ये सबै भन्दा बढी पुरुष ९२ प्रतिशत, महिला ८ प्रतिशत, बालक, बालिका र अन्य नरहेको तथ्याङ्कबाट देखिएको छ । यसबाट महिला भन्दा पुरुष नै सङ्गठित अपराधमा बढीमा मात्रामा संलग्न हुने गरेको तथ्याङ्कबाट देखिन आयो । प्राप्त तथ्याङ्कलाई सचित्र तल उल्लेख गरिएको छ ।


(चार्ट नं.१)




## ६.२ प्रतिवादीहरुको उपस्थितिको अवस्था अध्ययन

अपराधमा सम्लग्न अपराधीको संख्या सबै अपराधमा समान हुँदैन । कुनै अपराध एक जनाले मात्र गरेको हुन्छ भने कुनै दुई वा सो भन्दा बढीको सम्लग्नतामा घटेको हुन्छ । सङ्गठित अपराधमा तीन वा सो भन्दा बढी अपराधी सम्लग्न हुने हुन्छन् । ती सबै अपराधी तत्काल पक्राउ नपर्न पनि सक्छन् । कोही प्रतिवादीहरु पक्राउ नपरेमा ती प्रतिवादीलाई फरार भनिन्छ । फरार प्रतिवादी बचाउको लागि मुद्दा दायर भई सकेपछि अदालत समक्ष हाजिर हुने पनि गर्दछन् । कोही हाजिर नै नहुने पनि हुन्छन् । काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुद्वारा अभियोजन गरिएका सङ्गठित अपराध मुद्दाहरुमा संलग्न १२१ प्रतिवादीहरु मध्ये ७३ प्रतिशत पक्राउ परेका छन् । २२ प्रतिशत फरार देखिन्छन भने ५ प्रतिशत पछि अदालतमा हाजिर भएको तथ्याङ्क अध्ययनबाट प्राप्त भएको छ । सबै प्रतिवादीहरु अनुसन्धान अवस्था पक्राउ गर्न नसकिएको देखिन्छ । यसले पक्राउ नपरेका प्रतिवादीहरु उपर पनि मुद्दा चलाईएको देखिन्छ । उक्त तथ्यलाई निम्नचित्रमा प्रस्तुत गरिएको छ ।


(चार्ट नं.२)




## ६.३ सङ्गठित अपराधमा संलग्न प्रतिवादीहरुको राष्ट्रियता (स्वदेशी तथा विदेशी) को अवस्था

सङ्गठित अपराधमा प्रतिवादीहरुको संजाल हुन सक्छ । त्यो सञ्जाल अत्यन्त व्यापक एवं बृहत् हुन सक्छ । काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएका सङ्गठित अपराध मुद्दामा संलग्न १२१ प्रतिवादीहरुको संलग्नताको स्थिति अध्ययन गर्दा ७प्रतिशत विदेशी अभियुक्तहरु रहेका देखिन्छन भने ९३ प्रतिशत स्वदेशी अभियुक्तहरु रहेको तथ्याङ्कबाट देखियो । यस अध्ययनले नेपालको नागरिक विदेशीको अनुपातमा बढी संलग्न भएको देखियो । विदेशी नागरिक अपराधमा संलग्नताको अवस्था शिक्षा, मनोवृत्ति, सामाजिक चेतनाले प्रभाव पारेको हुन सक्छ । प्राप्त तथ्याङ्कलाई तल वृत्त चार्टमा देखाइएको छ ।


(चार्ट नं.३)




## ६.४ पीडितको समूह विभाजन

सङ्गठित अपराधबाट व्यक्ति,संस्था राज्य समेत पीडित हुनसक्छ । तरव्यक्ति पीडित भएमा त्यसले समाजमा निकै ठूलो असर पार्दछ । जिल्लासरकारी वकील कार्यालय काठमाडौं, भक्तपुर र ललितपुरबाट अभियोजन गरिएका सङ्गठित अपराध मुद्दाहरुमा भएको पीडितहरुको अध्ययन गर्दा बालक ३, महिला ३२, पुरुष ४५ र अन्य १९ प्रतिशत रहेको तथा बालिका नरहेको पाइएको छ । यसबाट सङ्गठित अपराध मुद्दामा बालक, पीडित भएको पनि देखिन्छ । महिला र पुरुष मध्ये पुरुष बढी संख्यामा पीडित रहेको अध्ययनबाट देखियो । उक्त तथ्याङ्कलाई तलको चित्रमा उल्लेख गरिएको छ ।


(चार्ट नं.४)




## ६.५ अनुसन्धान गर्ने प्रहरी संयन्त्रको अवस्था

कुनै पनि अपराध के कसरी, को कसले घटाएको हो भनी थाहा पाउनका लागि प्रहरी अनुसन्धानको माध्यमबाटमात्र थाहा पाउन सकिन्छ । यसका लागि प्रहरी कार्यालयबाट नै अनुसन्धान अधिकृत, अनुसन्धान समूह, अनुसन्धान विशेष टोली र अन्य कुनै माध्यमको सयन्त्र खडा गरिएको हुन्छ । सङ्गठित अपराध ऐनले पनि उल्लेख गरेको पाइन्छ । काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएका सङ्गठित अपराध मुद्दाहरु मध्येमा प्रहरी कार्यालयबाट अनुसन्धान अधिकृतले ९५ प्रतिशत र अनुसन्धान समूहले ५ प्रतिशत अनुसन्धान गरेको तथ्याङ्कबाट देखिएको छ । उक्त तथ्याङ्कलाई तलको चित्रमा प्रस्तुत गरिएको छ ।

(चार्ट नं.५)





## ६.६ विशेष अनुसन्धान विधि

काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएको सङ्गठित अपराध मुद्दाहरुमा अनुसन्धान गर्दा विशेष अनुसन्धान विधिको प्रयोग गरिएको संलग्न केश फाइलबाट खुलेको देखिएन ।

## ६.७ आरोपितको सम्पत्ति अदालतको आदेशले रोक्का गरेको अवस्था

पीडितलाई क्षतिपूर्ति दिलाई भराई पाउनका लागि वा कानुनमा भए बमोजिम अपराधीलाई जरिवाना गराउने लागायतको प्रयोजनार्थ सम्मानित अदालतबाट अपराधमा संलग्न अभियुक्तहरुको सम्पत्तिबाट रोक्काको आदेश गरेको अवस्थाहरु हुन सक्दछ । त्यसैले सङ्गठित अपराधमा गरिएको यस अध्ययनमा दायर भएका मुद्दाहरुमध्ये अदालतबाट अभियुक्तको सम्पति, रोक्का गर्ने आदेश जम्मा २९ प्रतिशत मा मात्र भएको पाईन्छ । सो बमोजिमको आदेश नभएको संख्या ७१ प्रतिशत भएको देखिन्छ ।


(चार्ट नं. ६)




## ६.८ आरोपितको कारोबारको विवरण माग वा खाता रोक्काको अवस्था

सङ्गठित अपराधमा संलग्न प्रतिवादीको पूर्ववत् अवस्था, कुनै कारोबार गरेको वा अन्य कुनै अवस्था भएमा अदालतले अभियुक्तको कारोबार वा खाता रोक्का राख्न आदेश दिन सक्ने कानुनी व्यवस्था रहेको छ । अदालतले निश्चित प्रमाणहरुको आधारमा सम्बन्धित अभियुक्तको खाता रोक्का गर्न आदेश गरेको सम्बन्धमा उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट सङ्गठित अपराधमा अभियोजन भएका मुद्दाहरु मध्ये आरोपितको कारोबारको विवरण माग गरिएको वा खाता रोक्का,गरिएको ६७ प्रतिशत रहेको र ३३ प्रतिशतको नगरिएको पाइयो । उक्त तथ्याङ्कलाई तलको चित्रबाट देखाउन सकिन्छ ।

(चार्ट नं.७)




## ६.९ आरोपितलाई राहदानी जारी नगर्ने वा रोक्का राख्ने सम्बन्धी कारबाहीको अवस्था

आरोपित अभियुक्तको मुद्दा पूर्ण रुपमा फैसला नभएसम्म देश बाहिर बाहिर जान प्रतिबन्धित गर्नको लागि अभियुक्तलाई निजको नाउँमा नयाँ राहदानी जारी नगर्न वा जारी भएको भए रोक्का राख्को लागि सम्बन्धित नियकायलाई जानकारी लेखी पठाउनु पर्ने कानुनी व्यवस्था देखिन्छ । उक्त व्यवस्था बमोजिम उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन भएको सङ्गठित अपराध मुद्दामा राहदानी जारी नगर्न वा जारी भएको भए रोक्का राख्ने आदेश भएको देखिदैन ।

## ६.१० अभियुक्तले पूर्व कुनै अपराध गरेको भए सोको अवस्था

अपराधी वा अपराधीको संगठनले आफुलाई कुनै एक अपराधमा सीमित नराखी अनेक आपराधिक गतिविधिमा संलग्न राखेको हुन सक्दछ । उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएको सङ्गठित अपराध मुद्दाहरुमा पूर्ववत् अपराधमा संलग्नताका सम्बन्धमा अध्ययन गरिएको थियो । उक्त मुद्दाहरु मध्ये २९ प्रतिशत मुद्दाहरुका प्रतिवादीहरु यसपूर्व कुनै न कुनै अपराधमा संलग्न रहेको पाइएको छ भने ७१ प्रतिशत मुद्दाहरुमा भने प्रतिवादीहरु यसपूर्व कुनै पनि अपराधमा संलग्न रहेको तथ्याङ्कमा देखिएन । उक्त अवस्थालाई निम्नचित्रबाट प्रष्ट्याइएको छ ।


(चार्ट नं.८)



## ६.११ टेलिफोन वा सञ्चारको विवरण माग गरेको अवस्था

सङ्गठित अपराधमा प्रतिवादीहरुको अनुसन्धान गर्दा अभियुक्तहरुको सङ्गठित संजालबारे पूर्ण जानकारी लिन अभियुक्तको टेलिफोन वा मोबाईल तथा संचार विवरण एक शसक्त माध्यम हो । काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएका सङ्गठित अपराध मुद्दाहरु मध्ये ७१ प्रतिशत मुद्दाहरुमा अभियुक्तले चलाएको संचार माध्यम बारे सम्बन्धित निकायबाट विवरण माग गरेको र २९ प्रतिशत मुद्दाहरुमा उक्त विवरण माग नगरेको तथ्याङ्क देखिन्छ। यसबाट आपराधिक संजालको अवस्था पत्ता लगाउन तुलनात्मक रुपमा प्रयासरत रहेको देखिन्छ । उक्त विवरण मागको अवस्थालाई तलको चित्रबाट देखाउन सकिन्छ।

(चार्ट नं.९)





## ६.१२ संचार माध्यम निष्कृय गरिएको सम्बन्धमा

अभियुक्तको उपस्थिति, अवस्था आदिपत्ता लगाउनका लागि अनुसन्धाको क्रममा निज अभियुक्तको संचार माध्यम प्रायः निष्कृय गर्नुपर्ने अनुसन्धान विधि हो।त्यसका लागि काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील

कार्यालयहरुबाट अभियोजन भएका सङ्गठित अपारधका मुद्दाहरुको अध्ययन गरिएको थियो । अभियोजन भएका मुद्दाहरुमा प्रतिवादीहरुको संचार माध्यम निष्कृय गरिए नगरिएका सम्बन्धमा अध्ययन गरिएको थियो । अध्ययन गरिएका मुद्दाहरु मध्येमा ५ प्रतिशत मुद्दाहरुमा संचार माध्यम निष्कृय गरिएको र ९५ प्रतिशत मुद्दाहरुमा संचार माध्यम निष्कृय नगरिएको तथ्याङ्क प्राप्त भएको छ । मुद्दाको अनुसन्धान तहकिकातको क्रममा यो विधि पनि अवलम्बन गरिएकोसम्म अनुसन्धानबाट खुल्न आउछ भने उक्त तथ्यलाई तलको चित्रमा देखाइएको छ ।

(चार्ट नं.१०)





## ६.१३ संगठनको स्थापना र निर्माण समय अवधि

अपराधीहरुको संगठन कति वर्ष पहिले देखिको हो सो बारे जानकारी लिई उक्त संगठनमा संलग्न अपराधीहरुले कति समयावधिबाट आपराधिक गतिवधि गरी रहेको भन्नेबारे जानकारी लिनका लागि यो अध्ययन गरिएको छ । यस प्रयोजनका लागि काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएका मुद्दाहरुबाट प्राप्त तथ्यांकबाट संगठन स्थापना भएको १ वर्ष, १-३ वर्ष, ३-५ वर्ष र ५ वर्षभन्दा माथि अवधि

अन्तराल कायम गरी अध्ययन गरिएको थियो । अध्ययन भएका मुद्दाहरुमा क्रमशः ५ प्रतिशत १ वर्ष भित्रका, ९ प्रतिशत तीन देखि पाँच वर्षका र ८६ प्रतिशत पाँच वर्ष भन्दा बढी वर्षका पाइन्छ । उल्लेखित तथ्य निम्न वृत्त चित्रबाट स्पष्ट  हुन्छ ।

(चार्ट नं ११)





## ६.१४ मूल अपराधको प्रकृति

प्रायः सङ्गठित अपराधको पहिचान मूल अपराधको आडमा घट्ने हुन्छ । मूल अपराधलाई आधार बनाई अपराधको अनुसन्धान तथा अभियोजन गरिएको हुन्छ । काठमाडौ उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुद्वारा अभियोजन गरिएको सङ्गठित अपराध मुद्दाहरुबाट तथ्याङ्क संङ्कलन गर्न लिइएको अपराधको आधारहरुमा कर्तव्य ज्यान ५ प्रतिशत, मानव बेचबिखन तथा ओसापसार २५ प्रतिशत,अन्य अपराध ७० प्रतिशत तथा

जबरजस्ती करणी, बैकिङ्ग कसूर लागु औषध ० प्रतिशत रहेको देखिन्छ । उक्त तथ्याङ्कलाई तलको वृत चित्रमा प्रस्तुत गरिएको छ ।


(चार्ट नं.१२)




## ६.१५ संगठनमा आबद्ध सदस्य संख्या

कुनै पनि अपराधलाई सङ्गठित अपराधका रुपमा यकिन गर्नका निम्ति कम्तीमा तीन वातीन भन्दा बढी अभियुक्तहरुको संलग्नता भएको हुनु पर्दछ । काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन भएका सङ्गठित अपराध मुद्दाहरुको अध्ययन गर्दा,३ जनासम्म सदस्य भएको १० प्रतिशत,३-५ जनासम्म सदस्य भएको ३२ प्रतिशत,५-१० जनासम्म सदस्य भएको ४७ प्रतिशत,१० जना भन्दा बढी सदस्य भएको ११ प्रतिशत तथ्याङ्क रहेको देखिन्छ । सदस्य संख्याको आधारमा अध्ययन गरिएका सङ्गठित अपराध मुद्दामा संलग्न प्रतिवादीहरुको सदस्य संख्यालाई तलको चित्रबाट स्पष्ट पार्न सकिन्छ ।


चार्ट नं. १३




## ६.१६ सङ्गठित समूहले अघि कुनै अपराध घटाएको छ वा छैन भन्ने अवस्था बारे

सङ्गठित अपराधमा संलग्न अभियुक्तहरु यस यस अघि कुनै न कुनै आपराधिक वारदातमा आबद्ध हुन सक्ने भएको हुदा सो बारे गरेको अध्ययनमा प्रतिवादीहरुको भनाइ अनुसार २४ प्रतिशत यघि पनि कुनै न कुनै अपराधमा संलग्नता रहेको र ७६ प्रतिशत यस अघि कुनै पनि अपराधमा आफ्नो संगठनको संलग्नता नभएको भन्ने तथ्याङ्कबाट देखिएको छ । सो तथ्य तलको चित्रबाट स्पष्ट हुन्छ ।

(चार्ट नं.१४)




## ६.१७ यस अघि सङ्गठित अपराध मुद्दा चलाएको भए सजाय

अभियुक्तहरु आफुलाई कुनै एक आपराधिक संगठनमा मात्र सीमित राख्दैन । अर्थात् विभिन्न आपराधिक संगठनमा आवद्ध भई आपराधिक कार्यलाई बढावा दिई राखेको हुन्छ । त्यसैले यस पूर्व कुनै आपराधिक कार्यमा संलग्न भई पहिले नै सजाई पाई सकेको छ वा छैन भन्ने बारे अभियोजन भएका मुद्दाहरु मध्ये पूर्व सजाय नभएको भन्ने तथ्याङ्क रहेको पाइयो ।

## ६.१८ पहिले कुनै अपराधमा मुद्दा चलेपछि यो ऐन आएपछि पुनः छुट्टै मुद्दा दायर भएको अवस्था

कुनै अभियुक्त उपर पहिले नै कुनै मुद्दामा अभियोजन भइसकेकोर पछि पुनः सोही अभियुक्त उपर सङ्गठित अपराध गरेको विद्यमानता देखि आएको अवस्थामा सङ्गठित अपराधतर्फ छुट्टै अभियोजन गरिएको हो वा होइन भन्ने बारे अध्ययन गरिएकोमा काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट गरिएको अभियोजन भएका सङ्गठित अपराध मुद्दाहरुको मिसिल अध्ययन गरी हेर्दा, १० प्रतिशत मुद्दाहरु यो ऐन आएपछि छुट्टै दायर भएको र ९० प्रतिशत मुद्दाहरु यो ऐन आएपछि मुद्दा छुट्टै दायर नभएको भन्ने तथ्याङ्क अध्ययनको क्रममा प्राप्त भयो । उक्त विवरण तलको चित्रको सहायतावाट स्पष्ट हुन सकिन्छ ।


(चार्ट नं.१५)



## ६.१९ अभियुक्तको प्रष्ट वतन खुलेको र नखुलेको सम्बन्धमा

अभियुक्तलाई पक्राउ गर्नका लागि अभियुक्तको प्रष्ट नाम थर वतनको आधारमा पक्राउ गरेको हुन्छ । सङ्गठित अपराधमा अभियोग गरिएका अभियोगपत्रमा प्रतिवादीहरुको नाम थर वतन खुले नखुलेको सम्बन्धमा अध्ययन गरिएकोमा काठमाडौ उपत्यकाका तीन जिल्ला सरकारी वकील कार्यालयहरुद्वारा अभियोजन गरिएका सङ्गठित अपराध मुद्दामा अभियुक्तको प्रष्ट नाम,थर,वतन खुलेको ८८ प्रतिशत र नखुलेका १२ प्रतिशत रहेको विवरणलाई देहाय बमोजिमको चित्रको माध्यमले देखाउन सकिन्छ ।

(चार्ट नं. १६)





## ६.२० परिच्छेद २ र परिच्छेद ३ बमोजिमका परिभाषित कसूर

सङ्गठित अपराध निवारण ऐन, २०७० बमोजिम तीन वर्ष वा सो भन्दा बढी सजाय हुने अपराध,परिच्छेद ३ मा अन्तर्गतका अपराधहरु (आपराधिक समूह स्थापना गर्न नहुने, न्यायिक कारबाहीमा अवरोध गर्न नहुने, विध्वंसात्मक कार्य गर्न नहुने, आपराधिक लाभ (एक्सटर्सन) लिन नहुने) र प्रचलित

कानुन बमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी मानिने कसूर हो/ हुन् । उक्त ऐनले परिभाषित गरिए अनुसार परिच्छेद २ र ३ मा उल्लेख गरिएका कसूर फरक फरक भए अनुसार सो बमोजिम कुन कुन मुद्दामा अभियोजन गरिएको छ भनी अनुसन्धान गरिएकोमा अभियोजन गरिएका मुद्दाहरुमध्ये परिच्छेद २ बमोजिम परिभाषित कसूर ७१ प्रतिशत र परिच्छेद ३ बमोजिम परिभाषित कसूर २९ प्रतिशत रहेको देखिन्छ। उक्त तथ्याङ्कलाई तलको चित्रमा प्रस्तुत गरिएको छ।

(चार्ट नं. १७)




## ६.२१ सजायको मागदावीमा छुट दिनेगरी अभियोगपत्र दायर भएको अवस्था


अभियोजन गर्दा निश्चित आधारको अवस्था विद्यमान भएमा सरकारी वकीलले सजायको मागदावीमा छुट दिनेगरी अभियोग पत्र सम्बन्धत निकायमा दायर गर्ने ऐनको दफा २१ मा व्यवस्था छ । सो बमोजिम

सजायको मागदावीमा छुट दिने गरी अभियोजन भए नभएको तर्फ अध्ययन गरिएको थियो । काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन भएका सङ्गठित अपराध मुद्दाहरुको अध्ययन गर्दा त्यस किसिमको कुनै पनि मागदावी नलिएको भन्ने तथ्याङ्क रहेको पाइन्छ ।

## ६.२२ थप वा पुरक अभियोग लगाइएको अवस्था

थप वा पुरक अभियोग लगाउने वा नलगाउने भन्ने बारे गरिएको अध्ययनमा काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन भएका सङ्गठित अपराध मुद्दाहरुमध्ये १४ प्रतिशत थप वा पूरक हुने गरी अभियोजन भएको र ८६ प्रतिशत थप वा पूरक नहुने गरी अभियोजन गरेको पाईएको छ । उक्त तथ्याङ्कलाई तलको चित्रमा प्रस्तुत गरिएको छ ।


(चार्ट नं. १८)



### ६.२३ थुनछेक आदेशको अवस्था

काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन भएका सङ्गठित अपराध मुद्दाहरुको मिसिल अध्ययन गरि हेर्दा पक्राउ परेका र पछि अदालतमा हजिर भएका समेत गरी जम्मा प्रतिवादीहरु मध्ये अदालतले गरेको थुनछेक आदेशमा थुनामा ७२ प्रतिशत, धरौटीमा १९ प्रतिशत र तारेखमा ९ प्रतिशत मुद्दामा रहेको पाइयो । उक्त  तथ्याङ्क निम्न चित्रमा प्रस्तुत गरिएको छ ।

(चार्ट नं. १९)





### ६.२४ जिल्ला अदालतबाट भएको कारवाहीको अवस्था

काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट प्रतिवादीहरु उपर अभियोजन गरिएको सङ्गठित अपराध मुद्दाहरुको मिसिल अध्ययन गरी हेर्दा शुरु जिल्ला अदालतद्वारा भएको प्रकृयागत अवस्था बारे अध्ययन गर्दा

सजाय भएको ३३ प्रतिशत, सफाई पाएको २४ प्रतिशत, मुल्तवीमा रहेको १२ प्रतिशत, तामेलीमा भएको २ प्रतिशत र हाल चालु अवस्थामा रहेको २९ प्रतिशत तथ्याङ्क रहेको देखिन आएको भन्ने तथ्य तलको चित्रबाट पनि स्पष्ट हुन्छ ।

(चार्ट नं. २०)





## ६.२५ फैसला गर्दा सजाय भएको अवस्था

काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएको सङ्गठित अपराध मुद्दाहरुको मिसिल अध्ययन गरी हेर्दा कुल मुद्दाहरु मध्ये शुरु जिल्ला अदालतबाट फैसला भएको मुद्दाहरु मध्ये ६३ प्रतिशत मूल अपराधमा सजाय भएको र पूर्ण सफाई तर्फ ३७ प्रतिशत रहेको छ भने मूल अपराध र सङ्गठित दुवैमा सजाय नभएको तथा सङ्गठित अपराधमा

मात्र पनि कायम नभएको अवस्था रहेको देखिन्छ। उक्त तथ्याङ्कलाई तलको चार्टमा प्रस्तुत गरिएको छ।


(चार्ट नं. २१)




## ६.२६ संगठनबाट अपराध भएको देखिएकोमा यसभन्दा पहिला कुन अपराध गरेको बारे

काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुबाट अभियोजन गरिएको सङ्गठित अपराध मुद्दाहरुको मिसिल अध्ययन गरी हेर्दा अभियोजन गरिएको मुद्दा भन्दा पहिला कुनै अपराधमा संलग्नता रहे नरहेको सम्बन्धमा हेरिएको थियो। सो अनुसार प्राप्त तथ्यांकलाई हेर्दा मानव बेचबिखन तथा ओसारपसार मुद्दामा १४ प्रतिशत, ठगी मुद्दामा १९ प्रतिशत र अन्य मुद्दामा ३३ प्रतिशत रहेको देखिन्छ। उक्त तथ्याङ्कलाई तलको चित्रमा प्रस्तुत गरिएको छ।

(चार्ट नं. २२)




## ६.२७ अनुसन्धान तथा अभियोजनमा देखिएका मुख्य कमजोरीहरु

जिल्ला सरकारी वकील कार्यालय काठमाडौं, ललितपुर र भक्तपुरबाट सङ्गठित अपराध समेतमा सजायको मागदाबी लिई अभियोजन गरिएकामध्ये अध्ययन गरिएका उल्लेखित मुद्दाहरुको मिसिलको विस्तृत अध्ययन गरी हेर्दा ती मिसिलहरुबाट अनुसन्धान तथा अभियोजनमा देखिएका कमी कमजोरीहरु देहाय बमोजिम रहेको देखिन्छ ।

### अनुसन्धानमा देखिएका कमजोरी

- मूल अपराध पुष्टि हुने गरी पर्याप्त अनुसन्धान नै नभएको ।
- घटनास्थल मुचुल्कामा विभिन्न व्यक्ति राखेपछि फेरी रोहवरमा अन्यत्रका दुई व्यक्ति राखेको तर जनप्रतिनिधि वा कर्मचारी नराखेको ।
- मिसिल फाइलबाट देखिएका बुझ्नु पर्ने व्यक्तिलाई अनुसन्धानको क्रममा नबुझेको ।
- विस्तृत अनुसन्धान नै नगरी अनुसन्धान अधिकृतले राय पेश गरेको ।

- सुरु म्याद थप सरकारी मुद्दा सम्बन्धी ऐन अन्तर्गत भएको पछि सङ्गठित अपराध ऐन अन्तर्गतको म्याद लिएको ।
- अनुसन्धान अवधिमा मूल अपराधमा मात्र अनुसन्धान भएकोमा राय पेश गर्दा मात्रै मानव बेचबिखन ओसारपसार र सङ्गठित अपराधमा पनि थप गरी राय पेश गरिएको ।
- रायमा किन सङ्गठित अपराध भयो भन्ने कुनै विश्लेषण नगरिएको । केवल मिलेमतो गरी सङ्गठित भई योजनावद्ध तवरले तह तह भई जिम्मेवारीको बाँडफाँड गरेको भने पनि त्यस्तो के कस्तो योजना हो भन्ने पुष्टि नभएको ।
- धेरै जना भएकाले समूहको आधारमा मात्रै सङ्गठित अपराध भएको भन्ने रुपमा राय आधारित भएको देखिएको ।
- केवल पक्राउ भएको दुई जना प्रतिवादीको वतन खुलाइएको, अन्यको नाम, थर, हुलिया, वतन नखुलाइ सङ्गठित अपराधमा मुद्दा पेश भएको ।
- सङ्गठित रुपमा कार्य गरेको भने पनि के कसरी कहिले देखि समूहको स्थापना गरी कार्य गर्दै आएका हुन भन्ने नखुलेको ।
- कल डिटेल र वैंक खाता रोक्का भए पनि सो तर्फको विश्लेषण नभएको ।
- घटनास्थल/वरामदी मुचुल्कामा प्रतिवादीहरुको रोहवरमा नभएको पाइएको ।
- सङ्गठित समूहको अस्तित्व पुष्टि नभएको र पहिले पनि कुनै घटना घटाएको नदेखिएको । प्रतिवादीहरु आपराधिक समूहको सदस्य भएको वा लाभ लिएको पुष्टि नगरिएको ।
- मौकामा कागज गराइएका व्यक्ति पछि अदालतले बुझ्न खोज्दा उपस्थित गराउन नसकेको ।
- परीक्षण गरी एकिन गर्नुपर्ने वस्तुलाई परीक्षण नै नगरिएको ।

- बिगो भराउने मागदाबी रहेकोमा क्षतिको मूल्यांकन नै नगरिएको । के कति भराउनु पर्ने हो भन्ने बारेमा अनुसन्धान नै नभएको ।
- समूहगत रुपमा म्यारेज व्युरो बनाई मानिस चीनमा पठाएको अलपत्र पारेको भने पनि के आधारमा सङ्गठित अपराध भएको भनिएको हो भन्ने पुष्टि गर्ने अनुसन्धानको सिलसिला (Chain of custody) पुष्टी नभएको ।
- त्रि.वि. शिक्षण अस्पतालबाट पक्राउ गर्दाको अवस्थामा कतिपय प्रमाणहरु संकलन गर्न सकिनेमा सो तर्फको अनुसन्धान नगरी केवल समूहलाई सङ्गठित अपराध भनी पेश गरेको ।
- धेरै मुद्दामा केवल समूहमा अपराध भएको भन्ने मात्र आधारमा सङ्गठित अपराध समेत जोडेर अनुसन्धानको राय पेश भएको ।

## अभियोजनमा देखिएका कमजोरी

- सङ्गठित अपराधमा मुद्दा चलाइए पनि किन सङ्गठित अपराध भयो भन्ने बारेमा अधिकांश मुद्दामा विवेचना नै नभएको ।
- सङ्गठित अपराधमा संलग्न प्रत्येक प्रतिवादीहरुको पृथक पृथक भूमिकाको विश्लेषण नै नभएको ।
- वारदात सङ्गठित समूहवाट भएको, सङ्गठित प्रकृतिको हो भन्ने वारेमा पुष्टयाँई नभएको ।
- प्रत्येक अभियुक्तको कार्य र कसूर नछुट्याएको, गोश्वारा अभियोग पेश गरिएको ।
- अभियोगमा केवल धेरै जनाको संख्या भएकाले संख्यात्मक आधारमा सङ्गठित अपराध भएको भन्ने आधार लिएको देखिएको ।
- सङ्गठित समूहको अस्तित्व र यस पूर्व घटाइएका घटनाबारे अभियोग मौन रहेको ।

- अभियुक्तहरु के कस्तो आपराधिक समूहमा आबद्ध हुन वा सदस्य थिए वा के कस्तो आर्थिक फाईदाका लागि कार्य गरेका थिए खुल्दैन ।
- अभियोगपत्रमा प्रत्येक अभियुक्तको भूमिका र कसूरको विश्लेषण नगरी गोश्वारा रुपमा कसूर कायम गरी एकमुष्ठ संजायको मागदावि लिइएको ।
- अन्य प्रतिवादीको नाम उल्लेख भए पनि दुई जनाको मात्र वतन खुलेकोमा पनि सङ्गठित अपराधमा मागदावी गरिएको ।
- सङ्गठित अपराधको लागि आवश्यक तत्व सङ्गठित समूह, त्यसको सदस्यता ३ भन्दा बढीको संख्या, आर्थिक फाइदा लगायतको पक्षमा वारदात स्थापित गर्दा विवेचना नै नगरिएको ।
- बुझ्नु पर्ने विषय, परीक्षण गर्नुपर्ने वस्तु, विगो खुलाउने आदिका सम्बन्धमा सरकारी वकीलले निर्देशन नदिएको ।
- अभियोग स्थापित गर्दा सङ्गठित अपराधको बारेमा उल्लेख नै नभएको ।
- सङ्गठित अपराधमा अनुसन्धाननै नभएको, राय पनि नरहेको, एकैचोटी १ जना लाई मात्र प्रतिवादी वनाई सङ्गठित अपराधमा समेत मुद्दा दायर गरिएको ।
- सङ्गठित अपराधमा दावि लिंदा सोको आधार र विश्लेषण मनोगत र सतही रहेको, सङ्गठित समूह वा सदस्य वा लाभ के कति लिएको भन्ने विश्लेषण नभएको ।
- सङ्गठित अपराध कसरी भएको हो भन्ने बारेमा पुष्टाई छैन,
- एकातर्फ सङ्गठित अपराध भनि सजाय थप हुन मागदाबी लिएको छ भने अर्को तर्फ तयारी, षडयन्त्र एवं दुरुत्साहन भन्ने उल्लेख गरी अभियोगपत्र पेश गरिएकाले अभियोजन नै एकापसमा बाझिएको र द्विविधापूर्ण देखिएको ।

- शिक्षण अस्पताल जस्तो सार्वजनिक संस्थामा आपराधिक कार्य भएकोमा पनि प्रभावकारी अनुसन्धान पनि नभएको र अभियोगमा कुनै विश्लेषणनै नभएको।
- वारदात स्थापित गर्दा सङ्गठित अपराधको उल्लेखसम्म भएको छैन, केवल दाबीमा मात्र सङ्गठित अपराध भनि उल्लेख गरी पेश भएको पाइएको ।
- मृतक र प्रतिवादी बीच रिसइवी भई झगडा भएका प्रतिवादीहरुले नै रिसइवी फेर्न आफै कर्तव्य गरेकोमा पनि सङ्गठित अपराधको दाबी रहेको ।

## जिल्ला अदालतको फैसलामा लिइएका आधार

जिल्ला सरकारी वकील कार्यालय काठमाडौं, ललितपुर र भक्तपुरबाट सङ्गठित अपराध समेतमा सजायको मागदाबी लिई अभियोजन भएका मुद्दाहरु मध्ये दस वटा मिसिलको विस्तृत अध्ययन गरी हेर्दा ती मिसिलहरुबाट कतिपयमा मूल अपराधमा सजाय भएकोमा सङ्गठित अपराधतर्फ सजाय भएको देखिएन । अधिकांश फैसलामा सङ्गठित अपराध ठहर नभई सो तर्फ सफाइ दिँदा सङ्गठित तर्फ वादी दाबी नपुग्ने भन्ने मात्र उल्लेख भएको, अन्य विवेचना र आधार उल्लेख नभएको पाइएको छ । ती निर्णयहरुमा सङ्गठित अपराधतर्फ सफाइ दिंदा निम्न आधार लिएको देखिन्छ :

- मुल अपराध मानव बेचबिखनको कसूर ठहर हुने । तर सङ्गठित अपराध तर्फ दुई जना मात्र प्रतिवादी भएकाले कसूर ठहर नहुने निर्णय भएको ।
- विष्फोटक पदार्थ ऐन बमोजिम सजाय भएको तर किर्ते तथा सङ्गठित अपराधमा सजाय नभएको । विगो पनि यकिन नभएको भनी ठहर नभएको ।

- कर्तव्य ज्यानमा सजाय भएको तर सङ्गठित अपराधको कुनै तत्व, उद्देश्य र मनसायसँग मेल खाने देखिएन भन्ने आधारमा सफाइ भएको ।
- अवैध कल वाईपासमा सजाय हुने तर प्रतिवादी १ जना भएकाले सङ्गठित तर्फ दाबी नपुग्ने उल्लेख भएको ।
- केही प्रतिवादीलाई मानव बेचबिखनमा कसूर ठहर केहीलाई सफाई तर सङ्गठिततर्फ दावि नपुग्ने उल्लेख भएको ।
- केहीलाई कसूर ठहर, केहीलाई सफाई तर सङ्गठित अपराध ठहर नहुने उल्लेख भएको ।

## ६.२८ सरोकारवाला र विज्ञहरुसंगको छलफलबाट प्राप्त भएका पृष्ठपोषणहरु

महान्यायाधिवक्तको कार्यालय, अपराधशास्त्रीय अनुसन्धान केन्द्रद्वारा गरिएको प्रस्तुत अध्ययन प्रतिवेदन उपर महान्यायाधिवक्ताको कार्यालयमा सरोकारवाला र विज्ञहरुसँग छलफल कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा प्रस्तुत अध्ययन प्रतिवेदन प्रस्तुती गरी सो प्रस्तुती उपर सरोकारवाला र विज्ञबाट पृष्ठपोषण लिइएको थियो । सो कार्यक्रममा प्राप्त भएका महत्वपूर्ण पृष्ठपोषणहरुलाई यहाँ उल्लेख गरिएको छ ।

- सङ्गठित अपराध सम्बन्धी अवधारणामा अनुसन्धानकर्ता र अभियोजनकर्तामा अस्पष्टता रहेको हुँदा सो अस्पष्टता हटाउन तालिम प्रदान गर्नुपर्ने ।
- कुनै अपराधमा तीन वर्ष वा सोभन्दा बढी कैद हुने र तीन जना वा सोभन्दा बढी व्यक्ति संलग्न हुँदैमा सङ्गठित अपराधमा अभियोजन गरिनु हुँदैन ।
- हिरासतमा साठी दिन राख्ने पाइने सङ्गठित अपराध निवारण ऐनको कानुनी व्यवस्थाको दुरुपयोग हुनु हुँदैन । व्यक्तिको स्वतन्त्रता र

मानव अधिकारको समेत हेक्का राखी अपराधमा अनुसन्धान र अभियोजन गर्नु पर्दछ ।

- सङ्गठित अपराधमा अभियोजन गर्नुपूर्व मूल अपराध स्थापित गरी सो अपराध सङ्गठित रुपमा घटित भएको पुष्टि गर्न संगठनको अवस्था र त्यस कार्यमा त्यो संगठनका व्यक्तिहरुको संलग्नता देखाउनु पर्ने ।
- ऐनले पीडित तथा साक्षीको बयान बकपत्रमा सुरक्षाको दृष्टिले श्रव्यदृश्य सम्बन्धी प्रविधिको प्रयोग कानुनी रुपमा वैधानिक बनाए पनि त्यसको प्रयोगका लागि सो सम्बन्धी भौतिक संरचनाको निर्माण गर्नुपर्ने ।
- सङ्गठित अपराध नियन्त्रण सम्बन्धी कानुनको कार्यान्वयनमा राजनीतिक प्रतिबद्धता, अनुसन्धान र अभियोजन गर्ने निकायको सुदृढीकरण, पर्याप्त स्रोत साधनको व्यवस्था गर्नुपर्ने ।
- सङ्गठित अपराधको सूचनादाता, सुराकी, पीडित तथा साक्षीको संरक्षणको प्रभावकारी कानुन नभएकाले यस्तो कानुन निर्माण गर्नुपर्ने ।
- परम्परागत अपराध र सङ्गठित अपराधको भिन्नताका बारेमा स्पष्टता आवश्यक छ ।
- सङ्गठित अपराधको अवधारणा र अन्तर्राष्ट्रिय व्यवस्थासँग मेल नखाने खालको हाम्रो ऐनको व्यवस्थाहरुले समेत अन्यौलता र समस्या सिर्जना गरेको छ ।
- ऐनको सम्बन्धमा विज्ञहरुले नै भिन्न भिन्न दृष्टिकोण प्रकट गरेर अलमलको अवस्था छ ।
- ऐनले सङ्गठित वा असङ्गठित भन्ने शव्द उल्लेख गरेको छ । यसको व्याख्या हुन जरुरी छ ।
- अवधारणागत अस्पष्टताका कारण अभियोजनकर्ता, अनुसन्धानकर्ता र न्याय सम्पादन गर्ने जनशक्ति पनि अलमलमा रहेका छन् ।

- महान्यायाधिवक्ताको कार्यालयबाट अनुसन्धाकर्ता समेतको सहभागिता रहने गरी सरकारी वकीलहरुलाई दिइएको प्रशिक्षणले सङ्गठित अपराधका सम्बन्धमा छलफल गर्ने तहसम्म विकास गऱ्यो । अझै विशिष्टीकृत प्रशिक्षण आवश्यक छ ।
- महान्यायाधिवक्ताको कार्यालयले यो विषयमा सरकारी वकीलहरुको विशिष्टीकरण गर्न अब ढिला गर्नु हुँदैन ।
- सङ्गठित अपराधको मुद्दा सुनुवाइ गर्ने क्षेत्राधिकार जिल्ला अदालतमा दिएको विषयले पनि कतिपय अवस्थामा असहज भएको छ । कुनै अपराधको कार्यक्षेत्र अन्यत्र भए के गर्ने भन्ने प्रश्नको उत्तर दिएको छैन ।

# परिच्छेद सात

# अनुसन्धानको नतिजा, सुझाव र निष्कर्ष

## ७.१ अनुसन्धानको नतिजा

यस अध्ययन क्रममा सङ्गठित अपराध नियन्त्रण वारेमा विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजका व्यवस्था, विभिन्न मुलुकको तुलनात्मक अध्ययन, सङ्गठित प्रकृतिको अपराधमा सर्वोच्च अदालतवाट भएको व्याख्या, सङ्गठित अपराधको वर्तमान अवस्था तथा सङ्गठित अपराध (निवारण) ऐन, २०७० मा गरिएको व्यवस्था र ती व्यवस्थाहरुको अनुसन्धान तथा अभियोजनमा प्रयोगको अवस्था सम्बन्धमा काठमाडौं उपत्यकाका सरकारी वकील कार्यालहरुबाट सङ्गठित अपराधमा अभियोजन गरिएका मिसिलको अध्ययनबाट प्राप्त नतिजाको अवस्था देहाय बमोजिम रहेका छन्ः

### ७.१.१ सर्वोच्च अदालतबाट भएको व्याख्या

- बृहत् योजना र विस्तारित तैयारीका साथ सम्पन्न हुने सङ्गठित अपराधमा धेरै व्यक्तिको बेग्लाबेग्लै भूमिका हुन्छ । पृथक-पृथक व्यक्तिको फरक-फरक कार्यले एउटा सङ्गठित अपराध सम्पन्न हुन्छ ।
- सङ्गठित अपराधमा संलग्न प्रतिवादीहरुको कसूरलाई हासिल गर्न चाहेको उद्देश्य र असरका आधारमा हेर्नु न्यायिक दृष्टिबाट उपयुक्त हुने ।
- अपराध गर्दा अपनाइएको तरिका र अपराधको प्रकृति हेर्दा अपराधी पूर्ण सचेत, सावधान रही नियोजित र सङ्गठित रुपमा आफ्नो कार्य योजनालाई पूर्णता दिएको देखिन्छ । यस्तो अवस्थामा अभियोजन

पक्षद्वारा प्रस्तुत अप्रत्यक्ष प्रमाण र खासगरी परिस्थितिजन्य प्रमाणको आधारमा नै अपराधीसम्म पुग्नुपर्ने ।

- अपराधमा संलग्न पक्ष पेसेवर हुन सक्ने र अपराध बडो योजनाबद्ध एवं सङ्गठित तरिकाले हुन सक्ने र कतिपय सङ्गठित आपराधिक समूहको संलग्नतामा समेत अपराध हुन सक्ने भएकाले अपराधमा संलग्न पक्ष नै पहिचान गर्न कठिन हुन सक्ने परिस्थितिको आँकलन गरेर विधायिकाले कानुनको निर्माण गरेको हो ।

### ७.१.२ मुद्दाको फाइल अध्ययनबाट प्राप्त निष्कर्षहरु (अध्ययनमा काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला सरकारी वकील कार्यालयबाट अभियोजन गरिएका २१ वटा मुद्दाको मिसिल अध्ययनबाट प्राप्त तथ्यांकका आधारमा)

- काठमाडौं उपत्यकाका सरकारी वकील कार्यालयबाट अभियोजन गरिएका मध्ये २१ वटा सङ्गठित अपराधका मुद्दामा सम्लग्न १२१ प्रतिवादीको लिंगको अवस्था हेर्दा सबै भन्दा बढी पुरुष ९२ प्रतिशत र महिला ८ प्रतिशत, बालबालिका र अन्य नरहेको देखिएको छ ।
- अध्ययन गरिएका सङ्गठित अपराध मुद्दाहरुमा संलग्न १२१ प्रतिवादीहरु मध्ये ७३ प्रतिशत पक्राउ परेका छन् । २२ प्रतिशत फरार देखिन्छन् भने ५ प्रतिशत पछि अदालतमा हाजिर भएको तथ्याङ्कबाट प्राप्त भएको छ ।
- अध्ययन गरिएका सङ्गठित अपराध मुद्दामा संलग्न १२१ प्रतिवादीहरुको संलग्नताको स्थिति अध्ययन गर्दा ७ प्रतिशत विदेशी अभियुक्तहरु रहेका देखिन्छन् भने ९३ प्रतिशत स्वदेशी अभियुक्तहरु रहेको तथ्याङ्कबाट देखियो ।
- अध्ययन गरिएका सङ्गठित अपराध मुद्दाहरुमा भएको पीडितहरुको अध्ययन गर्दा बालक ३, महिला ३२, पुरुष ४५ र अन्य १९ प्रतिशत

रहेको र बालिका नरहेको पाइएको छ । यसबाट सङ्गठित अपराध मुद्दामा बालक पनि पीडित भएको पनि देखिन्छ ।

- सङ्गठित अपराध मुद्दाहरुमा अनुसन्धान गर्दा ऐनको दफा १२ मा विशेष अनुसन्धान टोलीको प्रयोग गरी अनुसन्धान गर्न र दफा १३ मा विशेष अनुसन्धान पद्धति अवलम्बन गर्न सकिने व्यवस्था गरिएको भए पनि अध्ययन गरिएका मिसिलबाट सङ्गठित अपराध सम्बन्धी मुद्दामा अनुसन्धान गर्दा अनुसन्धान अधिकृतले ९५ प्रतिशत र अनुसन्धान समूहले ५ प्रतिशत अनुसन्धान गरेको तथ्याङ्कबाट देखिएको छ । सङ्गठित अपराध मुद्दाहरुमा अनुसन्धान गर्दा ऐनको दफा १२ मा विशेष अनुसन्धान टोलीको प्रयोग वा दफा १३ मा विशेष अनुसन्धान पद्धति अवलम्बन गरिएको संलग्न केश फाइलबाट खुलेको देखिएन ।
- ऐनको दफा १५ मा सङ्गठित अपराध गरेको आरोप लागेको व्यक्तिले त्यस्तो अपराधबाट प्राप्त गरेको सम्पत्ति कसैलाई हस्तान्तरण गर्न वा बिक्री वितरण गर्न वा कुनै उपायले लुकाउन वा परिवर्तन गर्न सक्छ भनी विश्वास गर्नुपर्ने मनासिब कारण भएमा अनुसन्धान अधिकारीले रोक्काको आदेश दिनको लागि अदालत समक्ष निवेदन दिन सक्ने कानुनी व्यवस्था भए पनि अध्ययन गरिएका मिसिलबाट अदालतबाट अभियुक्तको सम्पति, रोक्का गर्ने आदेश जम्मा २९ प्रतिशत मुद्दामा मात्र भएको पाइन्छ भने ७१ प्रतिशत मुद्दामा त्यस्तो रोक्का राख्ने आदेश गरेको पाइएन ।
- ऐनको दफा १६ मा सङ्गठित अपराधमा सम्लग्न व्यक्तिको कारोबार वा खाताको विवरण माग गर्न वा त्यस्तो कारोबार वा अदालतको अनुमति लिई खाता रोक्का राख्न आदेश दिनसक्ने कानुनी व्यवस्था भएकोमा यस अपराधमा अभियोजन भएका मुद्दाहरु मध्ये आरोपितको कारोबारको विवरण माग गरिएको वा खाता रोक्का गरिएको ६७ प्रतिशत रहेको देखिन्छ भने ३३ प्रतिशत मुद्दामा नगरिएको देखिन्छ ।

- ऐनको दफा १७ मा सङ्गठित अपराधमा सम्लग्न व्यक्तिको राहदानी जारी नगर्न वा निजका नाममा राहदानी जारी भइसकेको भए राहदानी रोक्का राख्न आदेश दिन सक्ने कानुनी व्यवस्था भएकोमा अध्ययन गरिएका सङ्गठित अपराधमा अभियोजन भएका मुद्दाहरुमा सङ्गठित अपराध मुद्दामा राहदानी जारी नगर्न वा जारी भएको भए रोक्का राख्ने आदेश भएको देखिदैन ।
- अध्ययन गरिएका सङ्गठित अपराधमा अभियोजन भएका २१ मुद्दाहरु मध्ये २९ प्रतिशत मुद्दाहरुका प्रतिवादीहरु यसपूर्व कुनै न कुनै अपराधमा संलग्न रहेको पाइएको छ भने ७१ प्रतिशत मुद्दाहरुमा भने प्रतिवादीहरु यसपूर्व कुनै पनि अपराधमा संलग्न रहेको देखिएन ।
- सङ्गठित अपराधका मुद्दाहरु मध्ये ऐनको दफा १८ बमोजिम ७१ प्रतिशत मुद्दाहरुमा अभियुक्तले चलाएको संचार माध्यम बारे सम्बन्धित निकायबाट विवरण माग गरेको र २९ प्रतिशत मुद्दाहरुमा उक्त विवरण माग नगरेको तथ्याङ्क देखिन्छ ।
- सङ्गठित अपराधमा अभियोजन भएका मुद्दाहरु मध्येमा दफा १९ बमोजिम ५ प्रतिशत मुद्दाहरुमा संचार माध्यम निष्कृय गरिएको र ९५ प्रतिशत मुद्दाहरुमा संचार माध्यम निष्कृय नगरिएको तथ्याङ्क प्राप्त भएको छ ।
- सङ्गठित अपराध मुद्दाहरुबाट तथ्याङ्क सङ्कलन गर्न लिइएको अपराधको आधारहरुमा कर्तव्य ज्यान ५ प्रतिशत, मानव बेचबिखन तथा ओसापसार २५ प्रतिशत, अन्य अपराध ७० प्रतिशत रहेको देखिन्छ
- सङ्गठित अपराध मुद्दामा सम्लग्न प्रतिवादी सदस्य संख्याको अध्ययन गर्दा ३ जनासम्म सदस्य भएको १० प्रतिशत, ३ देखि ५ जनासम्म सदस्य भएको ३२ प्रतिशत, ५ देखि १० जनासम्म सदस्य भएको ४७ प्रतिशत, १० जना भन्दा बढी सदस्य भएको ११ प्रतिशत तथ्याङ्क रहेको देखिन्छ ।

- सङ्गठित अपराध मुद्दाहरुको अध्ययनमा २४ प्रतिशत अपराध समूहले यस अघि पनि कुनै न कुनै अपराध गरेको र ७६ प्रतिशत यसअघि कुनै पनि अपराधमा आफ्नो संलग्नता नभएको भन्ने तथ्याङ्कबाट देखिएको छ
- अध्ययन गरिएका मिसिलबाट सङ्गठित अपराधमा सम्लग्न प्रतिवादी यस पूर्व कुनै आपराधिक कार्यमा संलग्न भइ पहिले नै सजाई पाई सकेको छ वा छैन भन्ने बारे अभियोजन भएका मुद्दाहरु मध्ये पूर्व सजाय नभएको भन्ने तथ्याङ्क रहेको पाइयो ।
- यो ऐन आएपछि सङ्गठित अपराधमा मात्र मुद्दा चलाएको १० प्रतिशत रहेको र छुट्टै दायर नभई मूल अपराधसँग मुद्दा चलाएको ९० प्रतिशत भएको भन्ने तथ्याङ्क अध्ययनको क्रममा प्राप्त भयो ।
- सङ्गठित अपराध निवारण ऐन,२०७० बमोजिम परिच्छेद २ र परिच्छेद ३ मा परिभाषित कसूर सम्बन्धी अभियोजन गरिएका मुद्दाहरु मध्ये परिच्छेद २ बमोजिम परिभाषित कसूर ७१ प्रतिशत र परिच्छेद ३ बमोजिम परिभाषित कसूर २९ प्रतिशत रहेको देखिन्छ ।
- ऐनमा अभियोग दाबी लिँदा अनुसन्धानमा सहयोग गर्ने वा अपराध गर्ने गिरोह वा मतियार पक्रन सहयोग गरेमा कानुन बमोजिम हुने सजायमा पचहत्तर प्रतिशतसम्म छुट दिने गरी मागदाबी लिन सकिने कानुनी व्यवस्था रहे पनि अभियोजन भएका सङ्गठित अपराध मुद्दाहरुको अध्ययन गर्दा त्यस किसिमको कुनै पनि मागदावी नलिएको भन्ने तथ्याङ्क रहेको देखिन्छ ।
- सङ्गठित अपराध मुद्दाहरुमध्ये १४ प्रतिशत मुद्दामा अभियोगपत्र थप वा पूरक दायर भएको देखिन्छ ।
- पक्राउ परेका प्रतिवादी मध्ये अदालतले गरेको थुनछेक आदेशमा थुनामा ७२ प्रतिशत, धरौटीमा १९ प्रतिशत र तारेखमा ९ प्रतिशत हुने गरी आदेश गरेको पाइयो ।

- सङ्गठित अपराध मुद्दाहरुको २१ वटा मिसिल अध्ययन गरी हेर्दा शुरु जिल्ला अदालतबाट फैसला भएको मुद्दाहरु मध्ये ६३ प्रतिशत मूल अपराधमा सजाय भएको र पूर्ण सफाई ३७ प्रतिशत रहेको छ भने मूल अपराध र सङ्गठित दुवैमा सजाय नभएको तथा सङ्गठित अपराधमा मात्र पनि कायम नभएको अवस्था रहेको देखिन्छ ।

### ७.१.३ मिसिल अध्ययनबाट अनुसन्धान तथा अभियोजनमा देखिएका मुख्य कमजोरीहरु

- घटनास्थल मुचुल्कामा विधिपूर्वक साक्षी नराखेको । घटनास्थल/बरामदी मुचुल्का प्रतिवादीहरुको रोहवरमा नभएको ।
- मिसिल फाइलबाट देखिएका बुझ्नु पर्ने व्यक्तिलाई अनुसन्धानको क्रममा नबुझेको ।
- सुरु म्याद थप सरकारी मुद्दा सम्बन्धी ऐन अन्तर्गत भएको पछि सङ्गठित अपराध ऐन अन्तर्गतको म्याद लिएको ।
- अनुसन्धान अवधिमा मूल अपराधमा मात्र अनुसन्धान भएकोमा राय पेश गर्दा मात्र सङ्गठित अपराधमा पनि थप गरी राय पेश गरिएको ।
- रायमा किन सङ्गठित अपराध भयो भन्ने कुनै विश्लेषण नगरिएको । केवल मिलेमतो गरी सङ्गठित भई योजनावद्ध तवरले तह तह भई जिम्मेवारीको बाडफाँड गरेको भने पनि त्यस्तो के कस्तो योजना हो भन्ने पुष्टि नभएको ।
- धेरै जना भएकाले समूहको आधारमा मात्रै सङ्गठित भएको भन्ने रुपमा राय आधारित भएको देखिएको ।
- केवल पक्राउ भएको २ जना प्रतिवादीको वतन खुलाइएको अन्यको नाम, थर, हुलिया, वतन खुलेको छैन् ।

- सङ्गठित समूहको अस्तित्व पुष्टि नभएको र पहिले पनि कुनै घटना घटाएको नदेखिएको । प्रतिवादीहरु आपराधिक समूहको सदस्य भएको वा लाभ लिएको पुष्टि नगरिएको ।
- मौकामा कागज गराइएका व्यक्ति पछि अदालतले बुझ्न खोज्दा उपस्थित गराउन नसकेको ।
- परीक्षण गरी एकिन गर्नुपर्ने वस्तुलाई परीक्षण नै नगरिएको ।
- सङ्गठित अपराधमा मुद्दा चलाइए पनि किन सङ्गठित अपराध भयो भन्ने बारेमा विवेचना नै नगरिएको ।
- सङ्गठित अपराधमा संलग्न प्रत्येक प्रतिवादीहरुको भूमिकाको विश्लेषण नै नगरिएको ।
- वारदात सङ्गठित प्रकृतिको हो भन्ने पुष्टयाँई नभएको ।
- प्रत्येक अभियुक्तको कार्य र कसूर नछुट्याएको, गोश्वारा अभियोग गरिएको ।
- अभियोगमा केवल धेरै जनाको संख्या भएकाले संख्यात्मक आधारमा सङ्गठित अपराध भएको आधार लिएको देखिएको ।
- सङ्गठित समूहको अस्तित्व र यस पूर्व घटाइएका घटनाबारे अभियोग मौन रहेको
- अन्य प्रतिवादीको नाम उल्लेख भए पनि दुई जनाको मात्र वतन खुलेकोमा सङ्गठित अपराधमा मागदावी गरिएको ।
- सङ्गठित अपराधको लागि आवश्यक तत्व सङ्गठित समूह, त्यसको सदस्यता ३ भन्दा बढीको संख्या आर्थिक फाइदा लगायतको पक्षमा वारदात स्थापित गर्दा विवेचना नै नगरिएको ।
- बुझ्नु पर्ने विषय, परीक्षण गर्नुपर्ने वस्तु, विगो खुलाउने आदिका सम्बन्धमा सरकारी वकीलले निर्देशन नदिएको,
- एकातर्फ सङ्गठित अपराध भनी सजाय थप हुन मागदाबी लिएको छ भने अर्को तर्फ तयारी षडयन्त्र एवं दुरुत्साहन भन्ने उल्लेख गरी

अभियोगपत्र पेश गरिएकाले अभियोजन नै एकापसमा बाझिएको र द्विविधापूर्ण देखिएको ।

### ७.१.४ जिल्ला अदालतको फैसलामा गरिएका निर्णयको अवस्था

- अधिकांश फैसलामा सङ्गठित अपराध ठहर नभई सो तर्फ सफाइ दिँदा सङ्गठित तर्फ वादी दाबी नपुग्ने भन्ने मात्र उल्लेख, अन्य विवेचना र आधार उल्लेख छैन ।
- सङ्गठित अपराध तर्फ तीन जना भन्दा कम प्रतिवादी भएकाले कसूर ठहर नहुने ।
- कर्तव्य ज्यानमा सजाय, सङ्गठित अपराधको कुनै तत्व, उद्देश्य र मनसायसँग मेल खाने देखिएन भन्ने उल्लेख ।
- कुनै पनि मुद्दा सङ्गठित अपराधतर्फ ठहर नभएको ।

### ७.१.५ छलफलबाट प्राप्त सुझावहरु

- सङ्गठित अपराध सम्बन्धी अवधारणामा अनुसन्धानकर्ता र अभियोजनकर्तामा अस्पष्टता रहेको हुँदा सो अस्प्पष्टता हटाउन तालिम प्रदान गर्नुपर्ने ।
- कुनै अपराधमा तीन वर्ष वा सोभन्दा बढी कैद हुने र तीन जना वा सोभन्दा बढी व्यक्ति संलग्न हुँदैमा सङ्गठित अपराधमा अभियोजन नगर्ने ।
- व्यक्तिको स्वतन्त्रता र मानव अधिकारको समेत हेक्का राखी अपराधमा अनुसन्धान र अभियोजन गर्नु पर्दछ ।
- सङ्गठित अपराधमा अभियोजन गर्नु पूर्व मूल अपराध स्थापित गरी सो अपराध सङ्गठित रुपमा घटित भएको पुष्टि गर्न संगठनको अवस्था र त्यस कार्यमा त्यो संगठनका व्यक्तिहरुको संलग्नता देखाउनु पर्ने ।
- अनुसन्धान र अभियोजन गर्ने निकायको सुदृढीकरण, पर्याप्त स्रोत साधनको व्यवस्था गर्नुपर्ने ।

- सङ्गठित अपराधको सूचनादाता, सुराकी, पीडित तथा साक्षीको संरक्षणको प्रभावकारी कानुन नभएकाले यस्तो कानुन निर्माण गर्नुपर्ने ।
- सङ्गठित अपराधको अवधारणा र अन्तर्राष्ट्रिय व्यवस्थासँग मेल खाने कानुनी व्यवस्था गर्नुपर्ने ।
- ऐनले सङ्गठित वा असङ्गठित भन्ने शव्द उल्लेख गरेको छ । यसले अन्यौलता ल्याएको हुँदा यसको व्याख्या हुनुपर्ने ।
- अनुसन्धान र अभियोजनकताको विशिष्टीकरण गर्नुपर्ने ।

## ७.२ सुझाव

नेपालमा सङ्गठित अपराध निवारण ऐन, २०७० जारी भएको लामो समय भएको  छैन । छोटो अवधिमा यो ऐनको कार्यान्वयनको क्रममा भएका अभ्यासको बारेमा अध्ययनको नतिजाहरु विश्लेषण गरिएको छ । यो ऐन कार्यान्वयनको क्रममा अपराध अनुसन्धान, अभियोजन एवं कारबाहीका सन्दर्भमा केही विशिष्ट समस्याहरू देखिएका छन् । प्रस्तुत अध्ययनबाट ती समस्या समाधानका लागि देहायका सुझावहरू प्रस्तुत गरिएको छ ।

### नीतिगत तथा कानुनी

**१. पर्याप्त स्रोत साधनको व्यवस्था गर्नुपर्ने :** सङ्गठित अपराध निवारण ऐनमा नियन्त्रित अनुसन्धान प्रविधि (कन्ट्रोल डेलीभरी) वा गुप्त कारबाही अनुसन्धान (अण्डर कभर अपरेशन) र अन्य उपयुक्त अनुसन्धान पद्धति अपनाउन सकिने तथा श्रब्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत बयान बकपत्र गर्न सकिने जस्ता कानुनी व्यवस्थाको कार्यान्वयन हुन सक्ने गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी निकायहरुलाई आवश्यक स्रोत साधन र जनशक्तिको व्यवस्था गर्नुपर्ने ।

**२. पीडित, साक्षी संरक्षण सम्बन्धी कानुन बनाउनु पर्ने :** सङ्गठित अपराध जस्तो गम्भीर र सङ्गठित रुपमा हुने अपराधमा संलग्न कसूरदारबाट अपराधको सूचनादाता, सुराकी, पीडित तथा साक्षीलाई डर, त्रास दिने वा जीऊ ज्यान माथि खतरा पैदा हुन सक्ने हुन्छ । यस्ता अपराधका पीडित र साक्षीहरुको संरक्षणको लागि अन्य मुलुकले अवलम्बन गरेका अभ्यास समेतलाई दृष्टिगत गरी अविलम्ब कानुनी व्यवस्था  गर्नुपर्ने ।

**३. अन्तर्राष्ट्रिय व्यवस्था र अवधारणासँग मेल खाने गरी कानुनको संशोधन गर्नुपर्ने :** सङ्गठित अपराध निवारण ऐन, २०७० मा गरिएका कतिपय व्यवस्थाहरु सङ्गठित अपराधको अवधारणा र अन्तर्राष्ट्रिय कानुनी प्रबन्ध अनुकूल नरहेको तथा मौजुदा कानुनमा समावेश गरिएका प्रावधानहरुले कार्यान्वयनमा अन्यौलता सिर्जना गरेको सन्दर्भमा नेपाल पक्ष बनेको अन्तरदेशीय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००० र अन्य मुलुकले अवलम्बन गरेको अभ्यास समेतलाई विचार गरी सङ्गठित अपराधको अवधारणा र अन्तर्राष्ट्रिय कानुन अनुकूल हुने गरी सङ्गठित अपराध निवारण ऐनमा पुनरावलोकन गर्नुपर्ने ।

## अनुसन्धान र अभियोजन

**४. अनुसन्धानकर्ता र अभियोजनकर्तालाई प्रशिक्षित गर्नुपर्ने** : सङ्गठित अपराध निवारण ऐन, २०७० मा गरिएका व्यवस्थाहरु र अवलम्बन गरेका विधि र प्रकृया अन्य परम्परागत अपराधको अनुसन्धान र अभियोजन सम्बन्धी कानुनी व्यवस्था भन्दा भिन्न रहेको सन्दर्भमा सो ऐनमा भएका कानुनी व्यवस्थाका विषयमा सबै सरकारी वकील र अनुसन्धानकर्ता प्रहरीलाई कार्ययोजना बनाई आधारभूत प्रशिक्षण प्रदान गर्नुपर्ने ।

**५. अनुसन्धानकर्ता र अभियोजनकर्तालाई विशिष्टीकरण गर्नुपर्ने** : सङ्गठित अपराध अन्य परम्परागत अपराध भन्दा भिन्न शैली, तरिका र कारणमा घट्ने अपराध हो । यसको प्रभाव र उद्देश्य पनि फरक हुन्छ । सङ्गठित

अपराधमा प्रायः पेशेवर तथा व्यावसायिक व्यक्तिले उच्च प्रविधिको प्रयोग गरी संगठनको उद्देश्यले गर्ने र संगठनको प्रभाव, दायरा समेत बृहत् हुने आदि समेतका आधारमा यस अपराधको अनुसन्धान र अभियोजनको कार्य समेत जटिल र चुनौतीपूर्ण हुन्छ । यस्तो अन्तरदेशीय र विशिष्ट प्रकृतिको अपराधको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन अनुसन्धानकर्ता र अभियोजनकर्तालाई विशिष्टीकरण गर्नुपर्ने ।

**६. सङ्गठित अपराधको अवधारणामा स्पष्ट भई अनुसन्धान र अभियोजन गर्न मार्गदर्शन गर्नुपर्ने :** अध्ययनबाट सङ्गठित अपराधमा अभियोजन गरिएका मुद्दाहरुमा मूल मुद्दाहरुमा कसूर कायम भएको देखिएपनि सङ्गठित अपराधको कसूर कायम भई सजाय भएको देखिदैन । सङ्गठित रुपमा अपराध नभएका विषयमा पनि आधार, कारणको समुचित विश्लेषण बेगर नै सङ्गठित अपराध निवारण ऐन, २०७० बमोजिम अभियोगपत्र दायर भई मुद्दा चलेको अवस्था देखियो । अनुसन्धानकर्ता र अभियोजनकर्तालाइ गम्भीर अपराधमा तीन जना वा सो भन्दा बढी व्यक्ति संलग्न भई सङ्गठित समूहद्धारा सङ्गठित रुपमा अपराध भएको अवस्थामा मात्र सङ्गठित अपराधका आवश्यक तत्वहरु स्थापित गरेर मात्रै सङ्गठित अपराधमा अभियोजन गर्ने गरी अनुसन्धानकर्ता र अभियोजनकर्तालाई प्रहरी प्रधान कार्यालय र महान्यायाधिवक्ताको कार्यालयबाट मार्गदर्शन गर्नुपर्ने ।

**७. सङ्गठित रुपमा अपराध भएको पुष्टि गरेर मात्र सङ्गठित अपराधमा अभियोजन गर्नुपर्ने :** सङ्गठितरुपबाट अपराध गरिएको अवस्थामा म्याद थप र अनुसन्धान सम्बन्धी कार्य सङ्गठित अपराध निवारण ऐन बमोजिम पूरा गरी अनुसन्धानकर्ताले राय पेश गर्नुपर्ने र अभियोजनकर्ताले अनुसन्धानबाट सङ्गठित रुपमा अपराध गरिएको पुष्टि भएको अवस्थामा सो बमोजिम प्रमाण कागजातको आधारमा प्रत्येक प्रतिवादीको भूमिका, जिम्मेवारी तथा कार्य समेतको विश्लेषण र सङ्गठित अपराधका तत्व समावेश गरी त्यसको विवेचना गरी अभियोजन गर्नुपर्ने ।

**८. अभियोजन परीक्षण र अनुगमन गर्नुपर्ने :** सङ्गठित अपराधमा अभियोजन गरिएका अभियोगपत्रको महान्यायाधिवक्ताको कार्यालयबाट परीक्षण गर्ने र नियमित रुपमा अनुगमन गर्नुपर्ने ।

## विविध

**९. सरोकारवाला निकाय र पक्षहरुसाग समन्वय गर्नुपर्ने :** सङ्गठित अपराध नियन्त्रण र त्यसमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याई सजाय गर्नका लागि अपराध अनुसन्धान, अभियोजन, न्याय सम्पादन गर्ने निकाय र सो कार्यमा सहयोगी भूमिका निभाउने निकाय र पक्षहरुसँग नियमित रुपमा छलफल, अन्तरक्रिया र समन्वय बैठक गरी समस्याको पहिचान गर्ने र समाधानका उपायहरु अवलम्बन गर्नुपर्ने । यो प्रयोजनका लागि न्याय क्षेत्र समन्वय समिति र महान्यायाधिवक्ताको अध्यक्षतामा रहेको समन्वय समिति उपयुक्त संयन्त्र देखिने ।

**१०. सङ्गठित अपराध निवारण ऐनको अभ्यासको बारेमा बृहत् अध्ययन अनुसन्धान गर्नुपर्ने :** सङ्गठित अपराध निवारण ऐनको प्रयोग र प्रभावकारिताका सम्बन्धमा प्रस्तुत अध्ययन काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयहरुमा रहेका चालु मिसिलहरुमा मात्र सीमित भएको हुँदा यस ऐनको प्रयोग र प्रभावकारिताका सम्बन्धमा अनुसन्धानको विधि र प्रकृयाका आधारमा बृहत् अध्ययन अनुसन्धान गरी मूल्यांकन गर्नु उपयुक्त हुने ।

## ७.३ निष्कर्ष

सङ्गठित अपराध वर्तमान विश्वको लागि एक प्रमुख चुनौतीको रूपमा रहेको छ । हरेक राज्यको लागि सङ्गठित अपराध समस्याको रूपमा रहेकोले यसलाई नियन्त्रणका लागि विभिन्न प्रयासहरू हुँदै आएका छन् । नेपाल पनि यस समस्याबाट पछाडि हट्न सक्दैन । सङ्गठित अपराध निवारण ऐनले

अपराध अनुसन्धान र अभियोजनमा नवीनतम् अवधारणा र पद्धति अवलम्बन गरे पनि सो अनुसार प्रयोग भएको पाइदैन । कानुनी व्यवस्था नयाँ तर हाम्रो पद्धति र जनशक्ति पुरानै हुँदा कानुनको प्रयोग र कार्यान्वयनमा फरकपन आएको देखिदैन । कानुनमा सङ्गठित अपराधको परिभाषा स्पष्ट नभएको हुँदा यसलाई प्रयोग गर्ने प्रसंगमा फरक फरक रुपमा अवलम्बन गरिएको देखिन्छ ।

अन्तर्राष्ट्रिय दायित्व र नेपालकै आवश्यकता स्वरुप २०६९ सालमा यस अपराध नियन्त्रणका लागि अध्यादेश जारी गरी यसलाई २०७० सालमा निरन्तरता दिँदै विशेष ऐनको रूपमा सङ्गठित अपराध निवारण ऐन, २०७० जारी भएको हो । यस ऐनको प्रयोगका सम्बन्धमा अपराध अनुसन्धानकर्तामा र अभियोजनकर्तामा मात्र नभई निर्णयकर्तामा पनि स्पष्टता आवश्यक देखिन्छ । कानुन बन्नु समस्याको समाधान नभई यसको सफल कार्यान्वयन समाधान हो । अध्ययनले ठूलो संख्या र क्षेत्र समेट्न नसकेपनि यसले मुलभूत समस्या पहिचान गर्न सकेको छ भन्ने अनुसन्धान समुहको निष्कर्ष रहेको छ । सङ्गठित अपराध निवारण सम्वन्धी कानुनको प्रयोग र कार्यान्वयन सम्बन्धमा गरेको अध्ययनबाट यस क्षेत्रमा संलग्न जनशक्तिलाई आवश्यक प्रशिक्षण प्रदान गरी सैद्धान्तिक र व्यावहारिक रुपमा स्पष्ट वनाउनु आवश्यक देखिएको छ । साथै यस कानूनको सफल कार्यान्वयनका लागि सङ्गठित अपराध नियन्त्रणसँग संलग्न निकाय र पदाधिकारीहरूबीच समन्वय र सहकार्य उत्तिकै जरुरी देखिन्छ । यस अध्ययनबाट प्राप्त नतिजा र सुझाव समेतलाई मनन गरी उल्लेखित समस्याको समाधानका लागि उल्लेख गरिएका सुझावहरु कार्यान्वयन गर्नेतर्फ सबैको ध्यान जानु जरुरी देखिएको छ ।

# सन्दर्भ सामग्री सूची


## संविधान तथा कानुन

१. नेपालको संविधान
२. सङ्गठित अपराध निवारण अध्यादेश, २०६९
३. सङ्गठित अपराध निवारण ऐन, २०७०
४. सपुर्दगी ऐन, २०७०
५. पारस्परिक कानुनी सहायता ऐन, २०७०
६. सन्धि ऐन, २०७०

## अन्तर्राष्ट्रिय दस्तावेज

१. भ्रष्टाचार बिरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३
२. जीउ मास्ने बेच्ने तथा अरूको बेश्यावृत्तिको शोषण दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९
३. बाल अधिकार सम्बन्धी महासन्धि, १९८९
४. लागू औषध विरुद्धको महासन्धि, १९८८
५. वित्तीय आतंकबादलाई दमन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९९
६. महिला र बालबालिकाको बेचविखन, रोकथाम र सामना सम्बन्धी सार्क महासन्धि, २००२
७. विशेषगरी महिला र बालबालिकाको ओसारपसारलाई निवारण, दमन र दण्ड सम्बन्धी २००० को आलेख
८. भूमि, समुद्र तथा हवाई माध्यमबाट हुने आप्रवासीहरुको ओसारपसार विरुद्धको आलेख, २०००
९. UN Convention on Transnational organized crime, 2000 and three Protocals therof

१०. Global Action Plan against Organized Transnational Crime, 1998
११. BIMSTEC Convention, 2009

## विभिन्न मुलुकका कानुन

१. The Omnibus Crime Control and Safe Streets Act, 1968, U.S.A.
२. US Organized Crime Control Act,1970
३. The Rocketeer Influenced and Corrupt Organized Act, 1970 U.S.A.
४. The Witness Security Reform Act, 1984, U.S.A.
५. The Criminal Law Act,1977 UK
६. The Public Order Act,1986, UK
७. German Criminal Code, 1993
८. Indian penal code, 1972
९. The customs Act,1962, India
१०. Narcotic Drugs and Psychotropic Substances Act,1884, India
११. Immoral Traffic ( Prevention) Act,1956, India
१२. Public Gambling Act,1867, India
१३. Crime Commission Act, Australia
१४. New South Wales Crime commission Act, 2012, Australia
१५. Organized crime disruption strategy, 2013, Australia

## पुस्तक, लेख तथा प्रकाशित कृतिहरु

१. Bennett, Wayne W. and Hess, Karen M., **Criminal Investigation** (sixth edition), Wadsworth/Thomson learning, USA

२. Das, Dilip, “Organized Crime : A World Perspective” ACJS Today, Vol. XVII, Issue 4 Ja/Feb 1999
३. Prosecution Journal¸ Published by Office of the Attorney General, volume 3¸ 2016
४. Motion Picture Association, Organized crime and piracy, Asia/ Pacific Report, 2005
५. घिमिरे, कृष्णजीवी, सङ्गठित अपराध नियन्त्रण सम्बन्धी व्यवस्था र कार्यान्वयनमा देखिएका समस्याहरु, **सम्पत्ति**, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, काठमाडौं, २०७३
६. पौडेल, महेश शर्मा र घिमिरे कृष्णजीवी, **सामाजिक मामिलाहरू**, प्रकाशक सोपान मासिक, २०६९
७. रेग्मी, संजीवराज (२०७२), सङ्गठित अपराधको अवधारणा, अन्तराष्ट्रिय अभ्यास र नेपालमा सङ्गठित अपराध नियन्त्रण सम्बन्धी कानुन एक अध्ययन, **सोपान** मासिक, २०७२ मंसिर ।
८. सङ्गठित अपराधः स्रोत सामग्री, प्रकाशक राष्ट्रिय न्यायिक प्रतिष्ठान, २०६९

## वेबसाइट

१. http://www.bundesheer.at/pdf
२. https://en.wikipedia.org/wiki/Organized_crime
३. https://www.unodc.org/unodc/en/organized-crime
४. https://www.unodc.org/unodc/en/treaties
५. http://www.unodc.org/unodc/en/organized-crime/index.html
६. http://www.globalresearch.ca/turnover-of-global-organized-crime

# अनुसूची १

## महान्यायाधिवक्ताको कार्यालय

### अपराधशास्त्रीय अनुसन्धान केन्द्र

## संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गत दायर भएका मुद्दाहरुको तथ्याङ्क संकलनको प्रयोजनार्थ बनाईएको प्रश्नावली

**कार्यालयको नामः** ........................................................ संकेत नं.

मुद्दा शीर्षकः ......................................................

जाहेरवालाः ........................................................

प्रतिवादीः ...........................................................

१

| प्रतिवादीको | **क.** बालक | **ख.** बालिका | **ग.** महिला | **घ.** पुरुष | **ङ.** अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| संख्या | | | | | | |

२

| प्रतिवादी | **क.**पक्राउ | **ख.**फरार | **ग.** अदालतमा पछि हाजिर | जम्मा |
|---|---|---|---|---|
| संख्या | | | | |

३ प्रतिवादी विदेशी भएमा विदेशी संख्या [ ] जना

४

| पीडितको समूह | क बालक | ख बालिका | ग महिला | घ पुरुष | ङ अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| संख्या | | | | | | |

५ अनुसन्धान कसले गरेको हो ?

क.अनुसन्धान अधिकृत ☐ ख.अनुसन्धान समूह ☐

ग.विशेष अनुशन्धान टोली ☐ घ. अन्य ☐

६ विशेष अनुसन्धान विधि अपनाएको थियो या थिएन ?

क. थियो ☐ ख. थिएन ☐

७ आरोपितको सम्पत्ति अदालतको आदेशले रोक्का गरेको ।

क. छ ☐ ख. छैन ☐

८ आरोपितको कारोवारको विवरण माग गरिएको वा अदालतको आदेशले खाता रोक्का गरिएको

क. छ ☐ ख. छैन ☐

९ आरोपितलाई राहदानी जारी नगर्न, जारी भई सकेको भए रोक्का राख्न सम्बन्धीत निकायलाई लेखिएको

क. छ ☐ ख. छैन ☐

१० यसपूर्व पनि कुनै अपराध गरेको

क. छ ☐ ख. छैन

११ टेलिफोन वा सञ्चारको विवरण माग गरिएको

क. छ ☐ ख. छैन ☐

१२ सञ्चार माध्यम निष्कृय गरिएको

क. छ ☐ ख. छैन ☐

१३ संगठन कति बर्ष अगाडि बनेको हो ?

क १ बर्ष ☐ ख १-३ बर्ष ☐

ग ३-५ बर्ष ☐ ५ बर्ष भन्दा बढी ☐

ङ वर्ष नखुलेको ☐

१४ मूल अपराध कुन प्रकृतिको हो ?

क कर्तव्य ज्यान ☐ ख. जवरजस्ती करणी ☐

घ. बैंकिङ्ग कसुर ☐

ग. मानव बेचविखन तथा ओसार पसार ☐

च.अन्य ☐ ङ लागु औषध ☐

१५ संगठनमा कति जना सदस्य रहेका छ ?

क ३ ☐ ख ३–५ ☐

ग ५-१० ☐ घ १० भन्दा बढी ☐

१६ संगठित समूहले यस अघि कुनै अपराध घटाएको छ वा छैन ?

क. छ ☐ ख. छैन ☐

१७ यस अघि संगठित अपराधमा मुद्दा चलाएको भए सजाय

क. छ ☐ ख. छैन ☐

१८ पहिले कुनै अपराधमा मुद्दा चलेर पछि यो ऐन आएपछि मुद्दा छुट्टै दायर भएको .

क. छ ☐ ख. छैन ☐

१९ अभियुक्तको सवै जनाको प्रष्ट वतन खुलेको / नखुलेको ।

क. खुलेको ☐ ख. नखुलेको ☐

वतन नखुलेको भए अभियुक्त कहाँ रहेको खुलेको

२०

क. छ ☐ ख. छैन ☐

२१

अभियुक्त देश भित्र / देश बाहिर

क. देश भित्र ☐ जना ख. देश बाहिर ☐ जना

२२ अभियोजन (परिच्छेद २ निषेधित र (परिच्छेद ३) मा परिभाषित कसूरहरु मध्ये कुन कुन कसूर हुन

क परिच्छेद २ ☐ ख.परिच्छेद ३ ☐

२३ सजायको मागदावीमा छुट दिनेगरी अभियोगपत्र दायर भएको भएको छ वा छैन ?

क. छ ☐ ख. छैन ☐

२४

थप अभियोग वा पूरक अभियोग लगाइएको छ वा छैन ?

क. छ ☐ ख. छैन ☐

२५ थुनछेकमा कसरी कारवाही अगाडी बढाईएको छ,

| प्रतिवादी | **क.** थुनामा | **ख.** धरौटी | **ग.** तारेख | जम्मा |
|---|---|---|---|---|
| संख्या | | | | |

२६

कसूर कायम वा सफाई वा अन्य (दफा १५ बमोजिम सजायको अवस्था):

क सजाय भएको ☐ जना

ख सफाइ पाएका ☐ जना

ग मुल्तवी भएको ☐ जना

घ तामेली भएका ☐ जना

ङ चालु ☐ जना

२७ फैसला गर्दा सजायको अवस्था कस्तो छ ?

क मूल अपराधमा मात्र ☐ ख. संगठित अपराधमा मात्र ☐

ग दुवैमा सजाय गरेको ☐ घ. पूर्ण सफाई ☐

२८ संगठित रुपमा अपराध गर्दै आएको संगठनबाट अपराध भएको देखिएकोमा यस भन्दा पहिला कुन अपराध गरेको देखिएको छ।

क. कर्तव्य ज्यान ☐

**ख.** जवरजस्ती करणी ☐

**ग.** लागु औषध ☐

**घ.** . मानव बेचबिखन तथा ओसार पसार ☐

**ङ.** ङ. ठगी ☐

**च.** च. अन्य............................

२९ अनुसन्धान र अभियोजनका बारेमा कुनै महत्त्वपूर्ण कुरा छ की ?

# अनसूची २

## सरोकारवाला र विज्ञसँगको छलफलको उपस्थिति

मिति २०७४ जेठ ३० गते महान्यायाधिवक्ताको कार्यालयको सभा हलमा **संगठित अपराध सम्बन्धी कानूनको प्रभाव मुल्याङ्कन सम्बन्धी अनुसन्धानमूलक अध्ययन** प्रतिवेदन सरोकारवला र विज्ञहरुसंगको उपर छलफल कार्यक्रममा

उपस्थितिः

| क्र. सं. | पद | नाम, थर | हाल कार्यरत कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नायव महान्यायाधिवक्ता | श्री दुर्गाबन्धु पोखरेल | महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ | |
| २. | नायव महान्यायाधिवक्ता | श्री बद्रीप्रसाद गौतम | महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ | |
| ३. | नायव महान्यायाधिवक्ता | श्री खगराज पौडेल | महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ | |
| ४. | नायव महान्यायाधिवक्ता | श्री किरण पौडेल | महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ | |
| ५. | सहन्यायाधिवक्ता | श्री कृष्णजीवी घिमिरे | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| ६. | सहन्यायाधिवक्ता | श्री गणेशबाबु अर्याल | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| ७. | सहन्यायाधिवक्ता | श्री नारायण प्रसाद पौडेल | उच्च सरकारी वकील कार्यालय,पाटन,ललितपुर | |
| ८. | सहन्यायाधिवक्ता | श्री श्यामकुमार भट्टराई | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| ९. | सहन्यायाधिवक्ता | श्री रेवतीराज त्रिपाठी | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| १०. | सहन्यायाधिवक्ता | श्री संजिवराज रेग्मी | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| ११. | सहन्यायाधिवक्ता | श्री लोकराज पराजुली | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| १२. | सहन्यायाधिवक्ता | श्री मुरारी प्रसाद पैडेल | विशेष सरकारी वकील कार्यालय,काठमाडौ | |
| १३. | सहन्यायाधिवक्ता | श्री रमादेवी पराजुली | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| १४. | सहन्यायाधिवक्ता | श्री उद्दव प्रसाद पुडासैनी | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| १५. | सहन्यायाधिवक्ता | श्री ध्रुबकुमार चौहान | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| १६. | प्राध्यापक | डा. श्री लक्ष्मी प्रसाद मैनाली | प्रमुख, केन्द्रीय कानून विभाग,त्रि.वि | |

| | | | | |
|---|---|---|---|---|
| १७. | प्राध्यापक | डा. श्री रमेश राज प्रधान | नेपाल ल क्याम्पस,काठमाडौं | |
| १८. | उपन्यायाधिवक्ता | श्री सुरेन्द्र बहादुर थापा | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| १९. | उपन्यायाधिवक्ता | श्री भरतलाल शर्मा | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| २०. | उपन्यायाधिवक्ता | श्री टिकेन्द्र दहाल | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| २१. | उपन्यायाधिवक्ता | श्री कुलप्रसाद पाण्डे | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| २२. | उपन्यायाधिवक्ता | श्री गोपाल लामिछाने | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| २३. | उपन्यायाधिवक्ता | श्री दुर्गा खड्का | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| २४. | उपन्यायाधिवक्ता | श्री सोमकान्ता भणडारी | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| २५. | उपन्यायाधिवक्ता | श्री प्रकाश कोइराला | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| २६. | प्र.नि | श्री रोशन खड्का | महानगरीय अपराध महाशाखा,काठमाडौं | |
| २७. | निर्देशक | श्री सतिश शर्मा | PPR Nepal | |
| २८. | शाखा अधिकृत | श्री सीता सुवेदी | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| २९. | शाखा अधिकृत | श्री स्वतन्त्र न्यौपाने | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| ३०. | शाखा अधिकृत | श्री टेकनाथ अधिकारी | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| ३१. | शाखा अधिकृत | श्री निराजन पाण्डे | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| ३२. | शाखा अधिकृत | श्री उर्मिला जि.सी | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| ३३. | नायब सुब्बा | श्री पुनम कंडेल | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |
| ३४. | नायब सुब्बा | श्री चन्दन कुमार ठाकुर | महान्यायाधिवक्ताको कार्यालय रामशाहपथ | |